# बाणगङ्गा नगरपालिकाको

# नगर शिक्षा योजना

## Municipal Education Plan

(नगर सभा बाट २०८१/०९/२५ गते स्वीकृत भएको)

## २०८२-२०८६

**बाणगङ्गा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**जीतपुर, कपिलबस्तु**

**लुम्बिनी प्रदेश, नेपाल**

**पुष, २०८१**

प्रकाशक : बाणगङ्गा नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय
जीतपुर, कपिलबस्तु
लुम्बिनी प्रदेश, नेपाल

प्रकाशन प्रति :
सर्वाधिकार :
प्रकाशकमा
मुद्रण :

**सल्लाहकार समिति**

अध्यक्ष : श्री चक्रपाणी अर्याल , बाणगङ्गा नगरपालिका

उपाध्यक्ष : श्री रीता कुमारी चौधरी , बाणगङ्गा नगरपालिका

प्रमुख प्रशासकीय अधिकृत : श्री भक्ति राम मरासिनी, बाणगङ्गा नगरपालिका

आर्थिक प्रशासन प्रमुख : श्री केशवराज गैरे , बाणगङ्गा नगरपालिका

**शिक्षा योजना निर्माण कार्यदल**

संयोजकः श्री रीता कुमारी चौधरी
सदस्यः श्री खिम बहादुर जी. सी
सदस्यः श्री विष्णु गिरी
सदस्यः श्री बाबुराम भट्टराई
सदस्यः श्री रमेश पन्थी
सदस्यः श्री कुलराज पौडेल
सदस्यः श्री रोमाकान्त घिमिरे
सदस्यः श्री शान्तराज आचार्य
सदस्यः श्री सुशीला पन्त

**संरक्षक**

**श्री चक्रपाणी अर्याल- नगर प्रमुख**

**सम्पादन मण्डल**

संयोजकः भक्तिराम मरासिनी
सदस्यः बाबुराम भट्टराई
सदस्यः खिम बहादुर जि.सि.
सदस्यः मिलन पोख्रेल
सदस्यः दीपक थापा

प्राविधिक सहयोगः हेमराज चौधरी, कालिका स्वावलम्बन सामाजिक केन्द्र, तौलिहवा, कपिलवस्तु

# शुभकामना मन्तव्य

नेपालको संविधान (२०७२) ले शिक्षालाई मौलिक हकको रूपमा स्थापना गर्दै सबै नागरिकलाई समान, गुणस्तरीय र निःशुल्क शिक्षा सुनिश्चित गरेको छ । त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा नीति निर्माणदेखि कार्यान्वयनसम्मको जिम्मेवारी प्रदान गरेको छ । यस सन्दर्भमा, बाणगङ्गा नगरपालिकाले शिक्षामा सुधार, समावेशीकरण र उत्तरदायित्वको भावना बोकेर दीर्घकालीन योजना निर्माण गर्नु अत्यन्तै समयसापेक्ष र प्रशंसनीय छ । बाणगङ्गा नगरपालिकाको **"बाणगङ्गा नगर शिक्षा योजना (२०८२–२०८६)"** को निर्माण र प्रकाशन एक ऐतिहासिक उपलब्धि हो । यस योजनाले स्थानीय शिक्षा प्रणालीमा गुणात्मक सुधार ल्याउने दृढ विश्वास लिएको छु ।

**"समृद्ध बाणगङ्गाको मूल आधार, आर्थिक, सामाजिक रुपान्तरण सहितको पूर्वाधार"** भन्ने नगरको मूल नारालाई आत्मसात् गर्दै समृद्धि र रुपान्तरणको मूल आधार शिक्षामा रहेको कुरा यस योजनाले प्रस्ट पारेको छ । शिक्षाको गुणस्तर सुधारलाई प्राथमिकतामा राख्दै यो योजनाले दक्ष जनशक्ति उत्पादन, स्थानीय सीप विकास, प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, तथा सामाजिक न्याय सुनिश्चित गर्ने स्पष्ट मार्गनिर्देशन प्रदान गरेको छ । शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनले बाणगङ्गा नगरलाई शिक्षा, सीप र नवप्रवर्तनको केन्द्र बनाउनेछ । यो योजना केवल कागजी दस्तावेजमा सिमित नभई समृद्ध बाणगङ्गा निर्माणको दृढ सङ्कल्प हो । त्यसैले यसको सफल कार्यान्वयनमा सबै तहका सरोकारवालाको सक्रिय सहभागिता अपरिहार्य रहेको कुरामा विशेष जोड दिन चाहन्छु ।

अन्त्यमा, बाणगङ्गा नगरपालिकाको शिक्षाको क्षेत्रमा दूरदृष्टि सहितको योजना **"बाणगङ्गा नगर शिक्षा योजना (२०८२–२०८६)"** निमार्णमा सहयोग तथा योगदान गर्नुहुने सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

चक्रपाणी अर्याल
नगर प्रमुख

## शुभकामना मन्तव्य

बाणगङ्गा नगरपालिकाले "बाणगङ्गा नगर शिक्षा योजना (२०८२–२०८६)" सफलतापूर्वक तयार गरी पुस्तकका रूपमा प्रकाशन गर्नु अत्यन्तै महत्वपूर्ण उपलब्धि हो । नगर उप-प्रमुखको तर्फबाट यस योजनाको निर्माणमा समर्पित सम्पूर्ण टोलिहरूः शिक्षा शाखा, विद्यालयहरू, शिक्षक, अभिभावक, सरोकारवाला संस्था तथा विज्ञहरूलाई हार्दिक बधाई र धन्यवाद प्रकट गर्दछु ।

नेपालको संविधान (२०७२) को धारा ३१ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने, माध्यमिक शिक्षा समेत राज्यद्वारा प्रत्याभूत गरिने र शिक्षाको पहुँच, गुणस्तर तथा समावेशीतालाई सुनिश्चित गर्नुपर्ने स्पष्ट व्यवस्था गरी शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई विद्यालय व्यवस्थापन, शैक्षिक योजना निर्माण, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार निर्माण, सीपमूलक तालिम तथा शिक्षामा समान पहुँच सुनिश्चित गर्ने अधिकार दिएको छ । सोही बमोजिम बाणगङ्गा नगरपालिकाले आफ्नाे स्रोत र आवश्यकता अनुरूप दीर्घकालीन शिक्षा योजना निर्माण गर्नु जिम्मेवारीप्रतिको संवेदनशीलता र शिक्षा क्षेत्रप्रतिको प्रतिबद्धता हो ।

यो योजना नगरको शैक्षिक अवस्थालाई गुणात्मक रूपमा रूपान्तरण गर्ने दिशामा केन्द्रित छ । शिक्षाको गुणस्तर सुधार, डिजिटल शिक्षाको प्रवर्द्धन, शिक्षक तालिम, शैक्षिक अनुगमन प्रणाली सुदृढीकरण र विपन्न वर्गका बालबालिकालाई शिक्षामा समावेश गर्ने कार्यले समावेशी र सक्षम समाज निर्माणमा टेवा पुर्‍याउनेछ । योजना कार्यान्वयनसँगै नगरका विद्यालयहरूमा सिकाइ उपलब्धिमा सुधार, विद्यालय-समुदाय सहकार्य मजबुत तथा शिक्षामा नवीन दृष्टिकोण स्थापित हुने अपेक्षा गरिएको छ । यो योजना केवल विकासको नक्सा मात्र होइन, समावेशी, समान र समृद्ध समाज निर्माणतर्फको सार्थक यात्रा हो ।

**रीता कुमारी चौधरी**
**नगर उप-प्रमुख**

## शुभकामना मन्तव्य

शिक्षा केवल ज्ञान आर्जनको माध्यम नभई समाजको वैचारिक, आर्थिक र सांस्कृतिक रूपान्तरणको आधार हो । "ब्राण्ड बाणगङ्गा, बिलिभ बाणगङ्गा" भन्ने हाम्रो नाराले शिक्षालाई समृद्धि र आत्मविश्वासको मूल स्रोतका रूपमा स्वीकार्छ । यस योजनाको कार्यान्वयनले बाणगङ्गालाई जिम्मेवार र शिक्षित समाजतर्फ अग्रसर गराउनेछ । बाणगङ्गा नगरपालिकाले दीर्घकालीन दृष्टिकोणसहित तयार पारिएको नगर शिक्षा योजनाले शिक्षालाई व्यक्तिको समग्र विकास, सामाजिक न्याय र राष्ट्रिय समृद्धिको आधारका रूपमा प्रस्तुत गरेको छ ।

त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षाका सबै पक्षमा अधिकार प्रदान गर्दै विद्यालय व्यवस्थापन, नीति निर्माण, शिक्षक व्यवस्थाप, भर्ना अभिवृद्धि, गुणस्तर अनुगमन, शैक्षिक पूर्वाधार विकासजस्ता कार्यहरूमा नेतृत्व दिने व्यवस्था गरेको छ । यो योजना सोही कानूनी प्रावधान र स्थानीय आवश्यकता अनुसार तयार पारिएको दूरदर्शी दस्ताबेज हो । शिक्षा योजनाले नगरमा विद्यमान शैक्षिक चुनौतीहरूको समाधान गर्दै सिकाइमा सुधार, प्रविधिमैत्री शिक्षा, समावेशी पहुँच, शिक्षक दक्षता विकास, अभिभावक–विद्यालय सहकार्य, तथा पूर्वाधार सुदृढीकरणमा ध्यान केन्द्रित गरेको छ । यसले बाणगङ्गा नगरलाई गुणस्तरीय शिक्षाको क्षेत्रमा उदाहरणीय बनाउने छ ।

अन्त्यमा, सबै विद्यालय, वडा कार्यालय, समुदाय र सरोकारवाला निकायहरूलाई यस योजनालाई व्यवहारमा उतार्न प्रतिबद्धता, सहकार्य र सक्रियता देखाउन विशेष अनुरोध गर्दै "बाणगङ्गा नगर शिक्षा योजना (२०८२–२०८६)" को सफल प्रकाशनमा भूमिका खेल्नुहुने सम्पूर्ण प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**भक्तिराम मरासिनी**
**प्रमुख प्रशासकीय अधिकृत**

## *विषयसूची*

१. विषय प्रवेश ..... १४
२. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ..... १५
३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य ..... १५
४. शिक्षा योजना निर्माणका आधार ..... १५
५. शिक्षा योजना निर्माण प्रक्रिया ..... १६
६. योजनाको लेखाजोखा ..... १६
७. योजनाको दस्तावेजको स्वरूपः ..... १८
परिच्छेद १ः परिचय ..... १९
१.१ पृष्ठभूमिः ..... १९
१.१.१ वर्तमान अवस्थाः ..... १९
१.१.२ नगर परिचय ..... १९
१.१.३ भौगोलिक विश्लेषण ..... २०
१.१.४ धरातलीय अवस्था ..... २०
१.१.५ सामाजिक तथा सांस्कृतिक अवस्थाः ..... २०
१.१.६ आर्थिक अवस्थाः ..... २१
१.१.७. जनसङ्ख्याको विवरणः ..... २१
१.१.८ उमेर तथा लिङ्गको आधारमा जनसङ्ख्या विवरण ..... २२
१.१.९ धर्म अनुसार जनसङ्ख्या विवरण ..... २२
१.१.१० जातिगत आधारमा जनसङ्ख्या विवरण ..... २३
१.१.११ अपाङ्गताको आधारमा जनसङ्ख्या विवरण ..... २४
१.१.१२ शैक्षिक अवस्थाको विश्लेषणः ..... २५
१.२ शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीको क्ष्इत विश्लेषण ..... २८
१.२.१ शिक्षा क्षेत्रका मुख्य समस्याहरू ..... २९
१.२.२ शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू ..... २९
१.२.३ शिक्षा क्षेत्रका अवसरहरू ..... २९
१.२.४ सबल पक्षहरूः ..... ३०
१.२ .५ सुधार गर्नु पर्ने पक्षहरूः ..... ३०
परिच्छेद २ः दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ..... ३१
२.१ बाणगङ्गा नगरपालिकामा शिक्षा क्षेत्र योजना निर्माणका आधारहरुः ..... ३१
२.२ दूरदृष्टिः ..... ३१

२.३ लक्ष्यः ३१

२.४ उद्देश्यः ३१

२.५ रणनीति र कार्यनीतिहरू ३२

२. ६ अपेक्षित उपलब्धिः ३६

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य ३७

परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्र ४०

३.१ प्रारम्भिक बालविकास शिक्षा ४०

३.१.१ परिचयः ४०

३.१.२ वर्तमान अवस्थाः ४०

३.१.३ लक्ष्यः ४२

३.१.४ उद्देश्यहरूः ४२

३.१.५ रणनीतिः ४२

३.१.६ प्रमुख उपलब्धि तथा नतिजा ४२

३.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः ४३

३.२ आधारभूत शिक्षाः ४४

३.२.१ परिचय ४४

३.२.२ वर्तमान अवस्था ४५

३.२.३ लक्ष्यः ४७

३.२.४ उद्देश्यहरू ४७

३.२.५ रणनीतिहरू ४७

३.२.६ आधारभूत शिक्षाका मुख्य समस्या र चुनौतीहरूः ४७

३.२.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ४८

३.२.८ प्रमुख उपलब्धि तथा नतिजा ४८

३.२.९ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ४९

३.३ माध्यमिक शिक्षा ५१

३.३.१ परिचय ५१

३.३.२ वर्तमान अवस्था ५२

३.३.३ लक्ष्यः ५३

३.३.४ उद्देश्यः ५३

३.३.५ रणनीतिः ५४

३.३.६ समस्या र चुनौतीहरू ५४

३.३.७ प्रमुख उपलब्धि तथा नतिजा ५५

३.३.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ५६

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ५८

३.४.१ परिचय ५८

३.४.२ वर्तमान अवस्था ५८

३.४.३ लक्ष्यः ५९

३.४.४ उद्देश्यः ५९

३.४.५ रणनीतिः ५९

३.४.६ समस्या तथा चुनौतीहरू ५९

३.४.७ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ६०

३.४.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ६१

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ६१

३.५.१ परिचय ६१

३.५.२ वर्तमान अवस्था ६१

३.५.३ लक्ष्य ६२

३.५.४ उद्देश्य ६२

३.५.५ रणनीतिहरू ६२

३.५.६ समस्या तथा चुनौतीहरू ६२

३.५.७ प्रमुख उपलब्धि तथा नतिजा ६२

३.५.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ६३

परिच्छेद ४ ः अन्तर सम्बन्धित विषय तथा क्षेत्र ६४

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ६४

४.१.१ परिचय ६४

४.१.२ वर्तमान अवस्था ६४

४.१.३ लक्ष्य ६५

४.१.४ उद्देश्य ६५

४.१.५ रणनीति ६५

४.१.६ प्रमुख उपलब्धि तथा नतिजा ६६
४.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ६७
४.२ शिक्षक व्यवस्थापन र विकास ६८
४.२.१ परिचयः ६८
४.२.२ वर्तमान अवस्था ६८
४.२.३ लक्ष्य ६९
४.२.४ उद्देश्य ६९
४.२.५ रणनीतिहरू ६९
४.२.६ प्रमुख समस्या तथा चुनौतीहरू ७०
४.२.७ प्रमुख उपलब्धि तथा नतिजा ७०
४.२.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ७१
४.३ शैक्षिक समता र समावेशीकरण ७२
४.३.१ परिचय ७२
४.३.२ वर्तमान अवस्था ७३
४.३.३ लक्ष्य ७३
४.३.४ उद्देश्य ७३
४.३.५ रणनीतिहरू ७३
४.३.६ समस्या तथा चुनौतीहरू ७४
४.३.७ प्रमुख उपलब्धि तथा नतिजा ७४
४.३.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ७५
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ७६
४.४.१ परिचय ७६
४.४.२ वर्तमान अवस्थाः ७६
४.४.३ लक्ष्यः ७७
४.४.४ उद्देश्यः ७७
४.४.५ रणनीतिः ७७
४.४.६ समस्या तथा चुनौतीहरू ७७
४.४.७ प्रमुख उपलब्धि तथा नतिजा ७८
४.४.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ७९
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ७९

४.५.१ परिचय ..... ७९
४.५.२ वर्तमान अवस्था ..... ८०
४.५.३ लक्ष्यः ..... ८०
४.५.४ उद्देश्य ..... ८१
४.५.५ रणनीति ..... ८१
४.५.६ समस्या तथा चुनौतीहरू ..... ८१
४.५.७ प्रमुख उपलब्धि तथा नतिजा ..... ८२
*४.५.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ..... ८३
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ..... ८३
४.६.१ परिचय ..... ८३
४.६.२ वर्तमान अवस्था ..... ८३
४.६.३ लक्ष्य ..... ८४
४.६.४ उद्देश्य ..... ८४
४.६.५ रणनीति ..... ८४
४.६.६ प्रमुख उपलब्धि तथा नतिजा ..... ८५
४.६.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ..... ८५
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ..... ८६
४.७.१ परिचय ..... ८६
४.७.२ वर्तमान अवस्था ..... ८७
४.७.३ लक्ष्यः ..... ८७
४.७.४ उद्देश्य ..... ८७
४.७.५ रणनीति ..... ८७
४.७.६ समस्या तथा चुनौतीहरुः ..... ८७
४.७.७ प्रमुख उपलब्धि तथा नतिजा ..... ८७
४.७.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... ८८
परिच्छेद ५ ः अन्य उपक्षेत्र ..... ९०
५.१ मन्टेश्वरी शिक्षा ..... ९०
५.१.१ परिचय ..... ९०
५.१.२ वर्तमान अवस्थाः ..... ९०
५.१.३ लक्ष्य : ..... ९०

५.१.४ उद्देश्यहरूः ९०

*५.१.५ रणनीतिः* ९०

५.१.६ प्रमुख उपलब्धि तथा नतिजा ९१

५.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः ९१

५.२ उच्च शिक्षा व्यवस्थापन ९१

५.२.१ वर्तमान अवस्थाः ९२

५.२.२ लक्ष्यः ९२

५.२.३ उद्देश्य ९२

५.२.५ प्रमुख उपलब्धि तथा नतिजा ९३

५.२.६ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य ९३

५.३ प्रज्ञा प्रतिष्ठान ९३

५.३.१ वर्तमान अवस्था ९४

५.३.२ लक्ष्यः ९४

५.३.३ उद्देश्य ९४

५.३.४ रणनीति ९४

५.३.५ प्रमुख उपलब्धि तथा नतिजा ९४

५.३.६ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य ९५

परिच्छेद ६ ः सुशासन तथा व्यवस्थापन ९६

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ९६

६.१.१ परिचय ९६

६.२.२ वर्तमान अवस्था ९६

६.२.३ लक्ष्यः ९७

६.२.४ उद्देश्य ९७

६.२.५ रणनीति ९७

६.२.६ समस्या र चुनौतीहरुः ९७

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ९९

६.२.१ वर्तमान अवस्थाः ९९

६.२.२ लक्ष्यः ९९

६.२.३ उद्देश्य ..... ९९
६.२.४ रणनीतिहरू ..... ९९
६.२.५ समस्या र चुनौतीः ..... १००
६.२.६ प्रमुख उपलब्धि तथा नतिजा ..... १००
६.२.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... १००
परिच्छेद -७ः लगानी र स्रोत व्यवस्थापन ..... १०२
७.१ परिचय ..... १०२
७.२ वर्तमान अवस्था ..... १०२
७.३ लक्ष्य ..... १०३
७.४ उद्देश्य ..... १०३
७.५ रणनीति ..... १०३
७.६ प्रमुख उपलब्धि ..... १०३
परिच्छेद ८ः अनुगमन तथा मूल्याङ्कन ..... १०५
८.१ परिचय ..... १०५
८.२ वर्तमान अवस्था ..... १०५
८.३ लक्ष्य ..... १०५
८.४ उद्देश्य ..... १०६
८.५ रणनीति ..... १०६
८.६ प्रमुख उपलब्धि तथा नतिजा ..... १०६
८.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... १०६
अनुसूची- १ ..... १०७
क) बालविकास केन्द्रको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ..... १०७
ख) आधारभूत तहका विद्यालयको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ..... १०९
ग) माध्यमिक तहका विद्यालयको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ..... १११
घ) प्राविधिक धार तर्फका विद्यालयको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ..... ११२
ङ) प्राविधिक धार तर्फका विद्यालयको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ..... ११३
च) पाठ्यक्रम विकास तर्फको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ..... ११४
छ) शिक्षक व्यवस्थापन तर्फको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ..... ११५
ज) शैक्षिक समता र समावेशीकरण शिक्षातर्फको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ..... ११६

झ)	विद्यालय स्वास्थ्य तथा पोषणतर्फको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ...... ११७

ञ)	विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलतातर्फको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ११८

ट)	विद्यालयको भौतिक विकासतर्फको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ...... ११८

ठ)	सूचना तथा सञ्चार प्रविधितर्फको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ...... ११९

ड)	उच्च शिक्षा व्यवस्थापनतर्फको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ...... १२०

ढ)	बाणगङ्गा प्रज्ञा प्रतिष्ठानतर्फको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ...... १२१

सुशासन तथा व्यवस्थापन ...... १२२

क) शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासतर्फको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना . १२२

ख) स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धतर्फको आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ...... १२३

अनुगमन तथा मूल्याङ्कनतर्फ आ.व.०८२।८३ को कार्यक्रम कार्यान्वयन योजना ...... १२४

## १. विषय प्रवेश

नेपालको संविधान २०७२ मा शिक्षालाई प्राथमिकता दिँदै मौलिक हकको रूपमा भाग ३ को धारा ३१ मा शिक्षाको हक सम्बन्धी व्यवस्था गरिएको छ । उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क साथै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रहने व्यवस्था गरेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ । त्यस्तै दृष्टिविहीन नागरिकलाई ब्रेललिपि, बहिरा तथा बोलाइ समस्या भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा आधारभूत तह सम्मको शिक्षा पाउने तथा त्यसका लागि शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ । यसैगरी संविधानको धारा ३८ मा महिलाको हकअन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ । यसैगरी नेपालको संविधान २०७२ को धारा ३९ मा बालबालिकाको हकअन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट, शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरन्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ भनी उल्लेख गरिएको छ । धारा ४० मा दलितको हकअन्तर्गत आधारभूत तहबाट उच्च तहसम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ ।

दिगो विकासको लक्ष्य नं ४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने कुरा उल्लेख गरिएको छ । निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धी २३ ओटा अधिकारहरू प्रदान गरिएको छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यस नगरपालिकाले पनि शैक्षिक सेवा प्रभावकारीरूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहने ठहर गर्दै पाँच वर्षे शिक्षा योजना निर्माण गरेको छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयन रहेको अवस्थामा यस नगरपालिकाको पाँच वर्षीय शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा थप सहयोगी भूमिका निर्वाह गर्नेछ ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ । सङ्घीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ भने विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु–व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामूलक शिक्षा सबै नागरिकलाई प्रदान गरी समृद्ध नेपाल सुखी नेपालीको नारालाई साकार पार्न यस नगरपालिकाले शिक्षा योजना २०८१ तयार गरेको छ । यसका साथै नगरपालिकाअन्तर्गतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठी बैठकहरू सञ्चालन गरी शिक्षामा सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको छ । यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षासम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्त्वपूर्ण भूमिका रहनेछ । यसमा भएका व्यवस्थाहरूलाई आ–आफ्नो क्षेत्रमा लागु गर्नु सबै नागरिकको कर्तव्य रहनेछ । गुणस्तरीय शिक्षाको विकास गरी सिपयुक्त नागरिक तयार पार्न र समृद्ध नगर निर्माण गर्न यस शैक्षिक योजनाले उल्लेख्य भूमिका खेल्ने छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐनकानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशा निर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधान अनूसूची ८ ले स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षालाई समावेस गरेको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्थासमेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिकलगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम् सिकाइउपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेशस्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन्। यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण गरिएको हो।

## ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न सङ्घ र देशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन।

## ४. शिक्षा योजना निर्माणका आधार

यस नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ। यसका अतिरिक्त अन्य सान्दर्भिक र सन्दर्भ सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ।

- नेपालको संविधान (२०७२)
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७
- शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
- राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८
- बाणगङ्गा नगर प्रोफाइल, २०८०
- विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
- विद्यालय शिक्षामा समता रणनीति
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७९ र स्थानीय तहको विकास योजना
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- सोह्रौँ आवधिक योजना
- विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुऱ्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो। योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नुपर्छ। त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतीपूर्ण कार्य पनि हो। विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत विवरणहरूको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुऱ्याइ प्रभावकारी प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढंगले योजना निर्माणकार्य गरिएको छ। यस नगरपालिकाको शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई अवलम्बन र अनुसरण गरिएको छ।

क. नगर शिक्षा समितिको मिति २०८१।०४।०७ को बैठकले नगर शिक्षा योजना निर्माणका लागि कार्यादेश सहितको ९ सदस्यीय निर्माण कार्यदलको गठन ।

ख. कार्यदलको मिति २०८१।०४।२४ गते बैठक बसी शिक्षा योजनाको लागि कार्ययोजना बनाई कामको जिम्मेवारी बाँडफाँड ।

ग. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरी योजनाको खाका तयार पार्दै योजनाले समेट्ने विषयवस्तुमाथि छलफल ।

घ. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क सङ्कलन र विश्लेषण ।

ङ. सरोकारवालाहरूसँगको कार्यशालाबाट पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्या वृक्ष, SWOT analysis तथा gap analysis ।

च. शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार ।

छ. मुख्य सरोकारवालाहरूबाट योजनाको पहिलो मस्यौदा उपर सुझावको लागि कार्यशाला आयोजना।

ज. विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन ।

झ. सरोकारवालाहरूको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तयार।

ञ. सरोकारवालाहरूबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवाला बीच अन्तिम सुझावका लागि प्रस्तुत ।

ट. नगर कार्यपालिकाको मिति २०८१।०४।०७ गतेको बैठकबाट स्वीकृत तथा सिफारिस भई मिति २०८१।०९।२५ गतेको नगर सभाबाट प्रमाणित।

## ६. योजनाको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ, दिगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनु पर्दछ। योजना कार्यान्वयन गर्नु पूर्व गरिने योजनाको लेखाजोखा योजनाको अभिन्न अङ्ग हो। निर्माण भएको योजनाको लेखाजोखा कार्य समबन्धित स्थानीय तहले आन्तरिक र बाह्य सम्बन्धित विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य विवरण तोकी सम्पन्न गर्नु पर्दछ। योजनाको लेखाजोखा गर्न तलको तालिकामा दिइएका पक्षहरूको सूक्ष्म विश्लेषण गर्नु पर्दछ।

**तालिका**

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता (Leadership and participation ) | • शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको मूल नेतृत्व थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको अर्थपूर्ण सहभागिता थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी थियो कि थिएन ? |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्बोधन गर्नका लागि पर्याप्त तथा सान्दर्भिक छन् कि छैनन् ? |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | • शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धि सम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ कि छैन ? |
| ४ | अन्तरसम्बन्ध र तादात्म्य (Coherence) | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तरसम्बन्ध कायम भएको छ कि छैन ?<br>• शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ छैन ?<br>• राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य, लक्ष्यअनुरूप योजना बनाइएको छ ?<br>• शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तरसम्बन्ध कायम भएको छ कि छैन ? |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयहरूको अन्य पक्षसँग तादम्य कायम छ कि छैन ?<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक छन् कि छैनन् ? तथा अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् कि छैनन् ?<br>• योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या जातजाति, आर्थिक, भाषिक, पिछडिएका वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ ?<br>• योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई सम्बोधन गरेको छ ? |
| ६ | स्रोतको प्रबन्ध | • शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ कि छैन ?<br>• लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ कि छैन ?<br>• योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ ?<br>• स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ कि छैन ? |
| ७ | संस्थागत क्षमता | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ कि छैन ?<br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ कि छैन ? |
| ८ | कार्यान्वयनमा तत्परता | • योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम |

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| | | तयार गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ कि छैन ? |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ कि छैन ?<br>• तथ्याङ्क तथा सूचनाबिच तादात्म्यको विश्लेषण तथा प्रक्षेपण गरिएको छ कि छैन ? |
| १० | अनुगमन र प्रतिवेदन | • अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ कि छैन ?<br>• आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिएको छ कि छैन ?<br>• अनुगमन सूचकको प्रयोग गरिएको छ कि छैन ?<br>• प्रतिवेदन प्रणाली यकिन गरिएको छ कि छैन ? |

## ७. योजनाको दस्तावेजको स्वरूपः

योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सरोकारवालाहरूसँगको प्रत्यक्ष सहभागितामा पालिकाको वर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर र योजनामा समेट्नुपर्ने मुख्य मुख्य उद्देश्यहरू रणनीति र कार्यनीतिहरूका सन्दर्भमा गरिएको छलफल एवम् प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतका रूपमा लिई योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थपरक बनाउने प्रयत्न गरिएको छ । यस नगरपालिकाको आगामी ५ वर्षे शिक्षाको स्पष्ट मार्गदर्शन नै शिक्षा योजनामा निहित रहने हुदा योजनामा समावेश भएका प्रत्येक परिच्छेद र विषयवस्तुमा उल्लेख भएका क्षेत्रको परिचय, वर्तमान अवस्थाको विश्लेषण, अवसर र चुनौती, रणनीतिक क्रियाकलाप, बजेट व्यवस्था तथा कार्यान्वयनको पक्षलाई योजनामा महत्त्वपूर्ण स्थान दिइएको छ ।

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि:

नेपालको संविधान २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको परिकल्पना गरी नेपालको एकात्मक राज्य प्रणालीलाई सङ्घीय राज्य प्रणालीमा रूपान्तरण गरेको छ । संविधानको मर्म मुताबिक हाल मुलुकमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सरकारहरू क्रियाशील रहेका छन् । वर्तमान संविधान अनुसारनै बाणगङ्गा नगरपालिका पनि स्थानीय सरकार मध्येको एउटा स्थानीय सरकार हो । सबै सरकारहरूले आ-आफ्ना परिवेश तथा प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई विकास विस्तार गरी विभिन्न योजना तथा कार्यक्रम निर्माण गरी कार्यन्वयन गरेका छन् । तीनै तहका सरकारहरूले समन्वयात्मक ढङ्गबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म र गन्तव्यहरूलाई उक्त योजनामा प्रतिविम्वित गर्दै राष्ट्रले लिएका लक्ष्यहरू पूरा गर्नु आजको आवश्यकता र चुनौती हो ।

### १.१.१ वर्तमान अवस्था:

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ । यो जिम्मेवारी प्राप्त पश्चात् शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चिताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्ने दायित्व स्थानीय तहको काँधमा आएको छ । शिक्षाले रोजगारी र आयआर्जनको अवस्था सृजना गरी मानिसको जीवन स्तरमा सुधार ल्याउनुका साथै सामाजिक र सांस्कृतिक विकासमार्फत सभ्य समाजको निर्माण गर्ने हुँदा नागरिकको सबैभन्दा नजिकको सरकार स्थानीय तह भएको नाताले शिक्षा विकासमा बाणगङ्गा नगरपालिकाको जिम्मेवारीका साथै दायित्व समेत हुन आउँछ । शिक्षामा गरेको लगानीले विकासको समग्र पक्षमा प्रभाव पर्ने हुँदा लगानी वृद्धि तर्फ राष्ट्रिय तथा अन्तरष्ट्रिय तहमा जोडदर आवाज उठ्दै आएको छ ।

योजना भविष्यमा गरिने कार्यहरूको दस्तावेज भएकाले तथ्यमा आधारित रहेर गरिने क्रियाकलापहरू समावेश गरिएको हुन्छ । प्रारम्भिक बालविकास देखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरी विद्यालय उमेर समूहका बालबालिकाहरूलाई शिक्षामा पहुँच पुऱ्याइ गुणस्तरीय सिकाइ उपलब्ध गराउनु, जनजीवीकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगारमूलक, व्यावसायिक, प्रविधियुक्त र सीपमूलक शिक्षा प्रदान गर्नु, अनौपचारिक शिक्षाको माध्यमबाट सबै नागरिकहरूलाई जीवन पर्यन्त सिक्ने वातावरण सृजना गरी शिक्षाको अवसर प्रदान गर्नु यस नगरपालिकाको मुख्य दायित्व हुनेछ । विद्यालय शिक्षालाई गुणस्तरीय बनाई हाम्रा विद्यालयहरूमा अभिभावकहरूको आकर्षण बढाउनुका साथै शिक्षामा लगानी गर्ने वातावरण सृजना गर्नुपर्ने अवस्था आएको छ । त्यसैले स्थानीय सरकारको हैसियतले विद्यालय शिक्षा सर्वसूलभ, गुणस्तरीय, अनिवार्य एवम् निःशुल्क बनाई आशातीत उपलब्धि हासिल गरेर यस नगरपालिकालाई शैक्षिक गन्तव्यको रूपमा विकास गर्ने ध्येयले यो पाँच वर्षे नगर शिक्षा योजना तयार गरिएको छ ।

### १.१.२ नगर परिचय

बाणगङ्गा नगरपालिका नेपालको लुम्बिनी प्रदेशअन्तर्गत कपिलवस्तु जिल्लामा पूर्वपश्चिम महेन्द्र राजमार्गसँग जोडिएको एक नगरपालिका हो । मुख्यत बाणगङ्गा नदीको सिँचित क्षेत्र भएकै कारण यस नगरपालिकाको नामकरण बाणगङ्गा नगरपालिका हुनु पनि स्वाभाविक र न्यायोचित देखिन्छ । प्राचिन भागिरथी नदीको प्रतीक मानिएको यो बाणगङ्गा नदीको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्त्व रहेको छ । भगवान् रामचन्द्रले वनवासमा रहँदा पानीको समस्या देखि बाण प्रहार गरी पानीको मूल फुटेर गङ्गाको रूपमा परिणत भई बाणगङ्गा नदीको नामकरण भएको बुझिन्छ । बाणगङ्गा नगरपालिका एक पावन भूमि जहाँ शाक्य दर्शनका प्रणेता महर्षि कपिलमुनिको तपोभूमि, श्रृङ्गीघाट, मधुवनधाम, लक्ष्मणघाट आदि पवित्र तीर्थस्थलकोसङ्गम रहेको यो नदी र यसको नामबाट पुकारिने यस नगरपालिकाको महत्त्व पनि ऐतिहासिक हुने कुरामा विश्वस्त हुन सकिन्छ । बाणगङ्गा नगरपालिका, बुटवल उपमहानगरपालिकाबाट २० कि.मि पश्चिम र राजधानी काठमाडौंबाट २९८ कि.मि पश्चिमको दूरीमा अवस्थित छ । यसको उत्तरतर्फ अर्घाखाँचीको शितगंगा नगरपालिका, पश्चिममा बुद्धभूमि नगरपालिका र दक्षिणमा कपिलवस्तु

नगरपालिका, पूर्वमा रूपन्देहीको सैनामैना नगरपालिका र कञ्चन गाउँपालिका, दक्षिणमा कपिलवस्तुको मायादेवी गाउँपालिका र शुद्धोधन गाउँपालिका र दक्षिण पूर्वमा रूपन्देहीको गैंडाहवा गाउँपालिका पर्दछन् । यस नगरपालिका भित्र बसोबास गर्ने मुख्य जातजातिहरूमा थारू, ब्राह्मण, क्षेत्री, गुरूङ्ग, मगर, दलित, यादव र मुसलमान लगायतका जातजाति रहेका छन । मिश्रित जातजातिको बसोबास रहेको यस बाणगङ्गा नगरपालिकामा बसोबास गर्ने मानिसहरूको मुख्य पेशा कृषि, व्यापार, उद्योग, नोकरी तथा ज्यालादारी आदि रहेको छ । यहाँ मुख्य गरी धान, मकै, गहुँ, तोरी, माछापालन, कुखुरा, मौरी पालन अन्य पशुपालन लगायतका कृषि तथा पशुजन्य उत्पादनहरू बढी हुने गरेको छ । यस क्षेत्र को औसत उचाइ समुन्द्र सतह देखि १०५ देखि ४९५ मिटरसम्म रहेको छ । यस क्षेत्रको औसत अधिकतम् तापक्रम ४१ डिग्री सेल्सियस र न्यनतम १० डिग्री सेल्सियस रहेको पाइन्छ ।

### १.१.३ भौगोलिक विश्लेषण

| **विषय** | **विवरण** |
|---|---|
| परिचय | बाणगङ्गा नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत कपिलवस्तु जिल्लामा पूर्वपश्चिम महेन्द्र राजमार्गसँग जोडिएको एक नगरपालिका हो । |
| **नेपालको मानचित्रमा बाणगङ्गा नगरपालिकाको भौगोलिक अवस्थिति निम्नानुसार रहेको छ ।** | |
| प्रदेश | लुम्बिनी |
| जिल्ला | कपिलवस्तु |
| नगरपालिका | बाणगङ्गा नगरपालिका |
| वडा सङ्ख्या | ११ |
| भौगोलिक अवस्थिति | अक्षांश २७° ३५' देखि २७ ° ४७' र देशान्तर ८३ ° ०४' देखि ८३ ° १५' |
| क्षेत्रफल | २३३.६३ वर्ग किलोमिटर |
| उचाइ | १०५ देखि ४९५ मिटरसम्म |
| सिमाना | पूर्वतर्फ रूपन्देहीको सैनामैना नगरपालिका र कञ्चन गाउँपालिका |
| | पश्चिमतर्फ कपिलवस्तुको बुद्धभूमि नगरपालिका |
| | उत्तरतर्फ अर्घाखाँचीको शितगंगा नगरपालिका , |
| | दक्षिणतर्फ कपिलवस्तुको मायादेवी गाउँपालिका र शुद्धोधन गाउँपालिका र दक्षिण पूर्वमा रूपन्देहीको गैंडहवा गाउँपालिका |
| औसत लम्बाइ | पुर्व पश्चिम लम्वाइः २२ कि मि |
| औसत चौडाइ | उत्तर दक्षिण चौडाइः १४ कि मि |
| जलवायु | उष्ण |
| प्रमुख धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू | कपिलधाम, मधुवन धाम, रामदत्तिवन धाम, श्रृङ्गीघाट धाम, कैलाश आश्रम नन्दनगर, सुपादेउराली मन्दिर, पर्कटेश्वर मन्दिर, राजापानी, मधौलिया पार्क, लक्ष्मणघाट, जलेश्वर मन्दिर खारखानी ओशो ध्यान केन्द्र |

### १.१.४ धरातलीय अवस्था

भौगोलिक रूपमा अक्षांश २७° ३५' देखि २७° ४८'देशान्तर ८३° ३'देखि ८३° १४'र समुद्री सतहबाट १०५ मि.देखि ४९५ मि. उचाइसम्म फैलिएको यो नगरपालिका तराई क्षेत्रमा पर्दछ ।

### १.१.५ सामाजिक तथा सांस्कृतिक अवस्थाः

प्राचिन भागीरथी नदीको प्रतीक मानिएको बाणगङ्गा नदीको ऐतिहासिक , धार्मिक तथा पर्यटकीय महत्त्व रहेको छ । भगवान रामचन्द्रले वनवासमा रहँदा बाण प्रहार गरी पानीको मुल फुटेर गङ्गाको रूपमा परिणत भई बाणगङ्गा नदीको नामकरण भएको बुझिन्छ । बाणगङ्गा नगरपालिका एक पावन भूमि जहाँ शाक्य दर्शनका प्रणेता महर्षी कपिलमुनिको तपोभूमि, श्रृङ्गि ऋषिको

तपोभुमि श्रृङ्गिघाट, शान्ताकुञ्ज मधुवनधाम, लक्ष्मणघाट, रामघाट आदि पवित्र तीर्थस्थलको सङ्गम रहेको यो नदी र यसको नामबाट पुकारिने यस नगरपालिकाको महत्त्व पनि ऐतिहासिक हुने कुरामा विश्वस्त हुन सकिन्छ। यस नगरपालिका भित्र बसोबास गर्ने मुख्य जातजातिहरूमा थारू, ब्राह्मण, क्षेत्री, गुरूङ्ग, मगर, दलित, यादव र मुसलमान लगायतका जातजाति रहेका छन। यहाँका मानिसहरू मुख्य गरी नेपाली, थारू, अवधी, मगर, उर्दु, नेवारी भाषा बोल्ने गर्दछन्। यहाँ हिन्दू, बौद्ध, मुस्लिम, क्रिश्चियन धर्मावलम्बीहरू बसोबास गर्छन् भने उनीहरूले दशैं, तिहार, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, बुद्ध जयन्ती, ल्होसार, इद तथा क्रिसमस जस्ता चाडपर्वहरू मान्ने गर्दछन्। विविधताका वीचमा एकता कायम गर्दै सामाजिक सदभाव, सहयोग, सहकार्य, सह-अस्तित्व, सहिष्णुता, मेलमिलापको अनुपम उदाहरणा यस नगरपालिकामा देख्न सकिन्छ।

### १.१.६ आर्थिक अवस्थाः

मानिसहरूको जीविकोपार्जन तथा समृद्धिको मुख्य आधार आर्थिक क्रियाकलाप हो। आर्थिक गतिविधिका आधारमा सामाजिक व्यवहार, मूल्यमान्यता, क्रियाकलाप, सम्बन्धको दायरा तथा अन्य अवस्थाको विकास हुन्छ। जब मानिस आर्थिक रूपले सम्पन्न हुन्छ तब शिक्षा, स्वास्थ्य, सञ्चार, खाद्यसुरक्षा, पोषण लगायतका क्षेत्रमा उसको पहुँच विस्तार हुन्छ। आर्थिक विकाससँग सम्बन्धित विषयवस्तु बाणगङ्गा नगरपालिकाको आर्थिक विकास प्रमुख उद्देश्यका रूपमा रहेको छ। रोजगारीको अवस्था, उद्योगधन्दा तथा भौतिक पूर्वाधारको पूर्ण विकास तथा व्यावसायिक आधुनिक कृषि प्रणालीको प्रवर्द्धनबाट आर्थिक विकास हुन सक्ने मानिन्छ। मिश्रीत जातजातिको बसोबास रहेको यस बाणगङ्गा नगरपालिकामा बसोबास गर्ने मानिसहरूको मुख्य पेशा कृषि, व्यापार, उद्योग, सेवा तथा ज्यालादारी आदि रहेको छ। यहाँ मुख्य गरी धान, मकै, गहुँ, तोरी, माछापालन, कुखुरा , मौरी पालन अन्य पशुपालन लगायतका कृषि तथा पशुजन्य उत्पादनहरू बढी हुने गरेको छ।

### १.१.७. जनसङ्ख्याको विवरणः

राष्ट्रिय जनगणना २०७८ अनुसार बाणगङ्गा नगरपालिकाको कुल जनसङ्ख्या ९६७१४ मध्ये पुरूषको सङ्ख्या ४५४०७ र महिलाको सङ्ख्या ५१३०७ रहेको छ, भने जम्मा घरपरिवार सङ्ख्या २३३२५ रहेको छ। त्यसैगरी लैङ्गिक अनुपात १:१.१२९ (प्रति १०० पुरूषमा ११३ महिला) रहेको र यस नगरपालिकामा औसत परिवार सङ्ख्या ४.१५ रहेको छ। यस नगरपालिकाको जनघनत्व ४१३.९६ प्रति व.कि.मी रहेको छ। वडागत रूपमा जनसङ्ख्याको वितरणलाई तलको तालिकामा देखाइएको छ।

| राष्ट्रिय जनगणना २०६८ | | राष्ट्रिय जनगणना २०७८ | | |
|---|---|---|---|---|
| वडा | जनसङ्ख्या | जनसङ्ख्या | पुरूष | महिला |
| १ | ५५४१ | ८५४४ | ४०६९ | ४४७५ |
| २ | ७७३९ | १०३७० | ४८०२ | ५५६८ |
| ३ | ५७७६ | ६७८१ | ३२६४ | ३५१७ |
| ४ | ७७०३ | १०४२२ | ४८७९ | ५५४३ |
| ५ | ५९६७ | ६५९३ | ३११७ | ३४७६ |
| ६ | ४५६३ | ५६०८ | २६०३ | ३००५ |
| ७ | ५७८१ | ७७८० | ३५८० | ४२०० |
| ८ | ८६७९ | १३२४३ | ६१८२ | ७०६१ |
| ९ | ५७३२ | ६७६२ | ३१०१ | ३६६१ |
| १० | ८८८२ | १००२४ | ४७८३ | ५२४१ |
| ११ | ९०७२ | १०५८७ | ५०२७ | ५५६० |
| जम्मा | ७५२४२ | ९६७१४ | ४५४०७ | ५१३०७ |

***स्रोतः राष्ट्रिय जनगणना, २०७८***

### १.१.८ उमेर तथा लिङ्गको आधारमा जनसङ्ख्या विवरण

उमेर समूहको आधारमा जनसङ्ख्या विवरणलाई हेर्दा बाणगङ्गा नगरपालिकामा सबैभन्दा बढी १५ देखि १९ वर्ष उमेर समूहको जनसङ्ख्या बढी देखिन्छ जसमा कुल जनसङ्ख्याको १० प्रतिशत हिस्सा पर्दछ। पुरूषको र महिलाको जनसङ्ख्या मात्रै हेर्दा पनि १५ देखि १९ वर्ष उमेर समूहका व्यक्तिहरूको जनसङ्ख्या उच्च देखिन्छ जसमा ४७९२ र ४८८२ जना रहेको देखिन्छ। उमेर समूह तथा लिङ्गको आधारमा बाणगङ्गा नगरपालिकाको जनसङ्ख्याको विस्तृत विवरण तलको तालिमा उल्लेख गरिएको छ।

| उमेर समूह | पुरूष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ० – ४ वर्ष | ४००८ | ३४३६ | ७४४४ | ७.७० |
| ५ वर्ष देखि – ९ वर्ष | ४३३२ | ३८६९ | ८२०१ | ८.४८ |
| १० वर्ष – १४ वर्ष | ४५८४ | ४०४० | ८६२४ | ८.९२ |
| १५ वर्ष – १९ वर्ष | ४७९२ | ४८८२ | ९६७४ | १०.०० |
| २० वर्ष – २४ वर्ष | ३९७४ | ५२७० | ९२४४ | ९.५६ |
| २५ वर्ष – २९ वर्ष | ३५३२ | ५२४४ | ८७७६ | ९.०७ |
| ३० वर्ष – ३४ वर्ष | ३१३९ | ४६४१ | ७७८० | ८.०४ |
| ३५ वर्ष – ३९ वर्ष | ३०८४ | ४३०१ | ७३८५ | ७.६४ |
| ४० वर्ष – ४४ वर्ष | २८३४ | ३४८३ | ६३१७ | ६.५३ |
| ४५ वर्ष – ४९ वर्ष | २२०२ | २५१९ | ४७२१ | ४.८८ |
| ५० वर्ष – ५४ वर्ष | २३१९ | २६८३ | ५००२ | ५.१७ |
| ५५ वर्ष – ५९ वर्ष | १८१५ | १८९७ | ३७१२ | ३.८४ |
| ६० वर्ष – ६४ वर्ष | १५२२ | १६६९ | ३१९१ | ३.३० |
| ६५ वर्ष – ६९ वर्ष | १३३७ | १३९४ | २७३१ | २.८२ |
| ७० वर्ष – ७४ वर्ष | ९३८ | ९९७ | १९३५ | २.०० |
| ७५ वर्ष – ७९ वर्ष | ५५१ | ५३४ | १०८५ | १.१२ |
| ८० वर्ष – ८४ वर्ष | २७५ | २६७ | ५४२ | ०.५६ |
| ८५ वर्ष – ८९ वर्ष | ११४ | १०५ | २२३ | ०.२३ |
| ९० वर्ष – ९४ वर्ष | ४० | ४५ | ८५ | ०.०९ |
| ९५ वर्ष माथि | १५ | ३१ | ४६ | ०.०४ |
| जम्मा | ४५४०७ | ५१३०७ | ९६७१४ | १०० |

***स्रोत: राष्ट्रिय जनगणना, २०७८***

### १.१.९ धर्म अनुसार जनसङ्ख्या विवरण

सङ्ख्याको आधारमा हेर्दा यस नगरपालिकामा बसोबास गर्ने अधिकांश मानिसहरू ९०९२५ (कुल जनसङ्ख्याको ९४.०१ प्रतिशत) हिन्दू धर्मावलम्बीहरू रहेको देखिन्छ भने दोस्रो मुख्य धर्मको रूपमा बौद्ध धर्म रहेको छ जसमा ३,५७० जना (कुल जनसङ्ख्याको ३.६९ प्रतिशत) रहेको देखिन्छ। अन्य धर्मअन्तर्गत इस्लाम, किरात, क्रिस्चियन, प्रकृति आदि छन्। धर्मका आधारमा यहाँको जनसङ्ख्याको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

| लिङ्ग | जनसङ्ख्या | धर्महरू | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | हिन्दु | बुद्ध | ईस्लाम | किरात | क्रिस्चियन | प्रकृति | बोन | बाही |
| जम्मा | ९६७१४ | ९०९२५ | ३५७० | १६१७ | २ | ३८५ | १८० | २२ | १३ |
| पुरूष | ४५४०७ | ४२७२३ | १६३० | ७७७ | १ | १७२ | ८९ | ८ | ७ |
| महिला | ५१३०७ | ४८२०२ | १९४० | ८४० | १ | २१३ | ९१ | १४ | ६ |
| प्रतिशत | | ९४.०१ | ३.६९ | १.६७ | ०.०० | ०.४० | ०.१९ | ०.०२ | ०.०१ |

***स्रोत: राष्ट्रिय जनगणना, २०७८***

### १.१.१० जातिगत आधारमा जनसङ्ख्या विवरण

यस नगरपालिकामा २५ भन्दा बढी प्रकारका जातजातिका मानिसहरू बसोबास गर्ने गरेका छन् । तथ्याङ्क अनुसार यहाँ बसोबास गर्ने प्रमुख जातिहरूमा थारू, ब्राम्हण, क्षेत्री, मगर, विश्वकर्मा, ठकुरी लगायतका रहेका छन् । जसले कुल जनसङ्ख्याको क्रमशः ३१.४४, २६.८८, ११.५०, ११.२०, ३.८२ र २.२६ प्रतिशत हिस्सा ओगटेको देखिन्छ । तालिकामा यस सम्बन्धी विवरण विस्तृत रूपमा देखाइएको छ ।

***जातिगत तथ्याङ्क***

| जात जाति | जम्मा | पुरूष | महिला | प्रतिशत |
|---|---|---|---|---|
| थारू | ३०४०५ | १४७३७ | १५६६८ | ३१.४४ |
| ब्राह्मण – पहाड | २५९९३ | १२१६६ | १३८२७ | २६.८८ |
| क्षेत्री | ११११२२ | ५०९० | ६०३२ | ११.५० |
| मगर | १०८३५ | ४८५३ | ५९८२ | ११.२० |
| विश्वकर्मा | ३६९१ | १६४३ | २०४८ | ३.८२ |
| ठकुरी | २१८७ | १०१० | ११७७ | २.२६ |
| परियार | २०५० | ९११ | ११३९ | २.१२ |
| मुस्लिम | १५६६ | ७४१ | ८२५ | १.६२ |
| मिजार | १२८८ | ५८६ | ७०२ | १.३३ |
| गुरूङ | ९६७ | ४२४ | ५४३ | १.०० |
| सन्यासी/दशनामी | ७६६ | ३५६ | ४१० | ०.७९ |
| नेवा : (नेवार) | ७०८ | ३३९ | ३६९ | ०.७३ |
| ब्राह्मण – तराई | ५९५ | २८० | ३१५ | ०.६२ |
| यादव | ५१८ | २६४ | २५४ | ०.५४ |
| कुमल | ३९० | १९९ | १९१ | ०.४० |
| गाइन | २८३ | ११४ | १६९ | ०.२९ |
| दुसध/पासावन/पासी | २६१ | १३९ | १२२ | ०.२७ |
| चमार/हरिजन/राम | २५१ | १२९ | १२२ | ०.२६ |
| कुर्मी | २४२ | १३३ | १०९ | ०.२५ |
| सोनार | २१६ | ८९ | १२७ | ०.२२ |
| केवट | २०६ | १०५ | १०१ | ०.२१ |
| कथाबनिया | १९९ | ८६ | ११३ | ०.२१ |
| विदेशी | १९३ | १३४ | ५९ | ०.२० |
| माझी | १६८ | ८२ | ८६ | ०.१७ |
| बनिया | १६४ | ८२ | ८२ | ०.१७ |
| हजाम/ठाकुर | १४० | ६५ | ७५ | ०.१४ |
| सुनुवार | १३२ | ५७ | ७५ | ०.१४ |

| जात जाति | जम्मा | पुरूष | महिला | प्रतिशत |
|---|---|---|---|---|
| लोध | ११३ | ६० | ५३ | ०.१२ |
| तेली | ११० | ५६ | ५४ | ०.११ |
| बोटे | १०९ | ५९ | ५० | ०.११ |
| कहार | १०५ | ५७ | ४८ | ०.११ |
| मल्लहा | ९३ | ४१ | ५२ | ०.१० |
| कुम्हार | ७७ | ४० | ३७ | ०.०८ |
| तामाङ | ७० | ३८ | ३२ | ०.०७ |
| अन्य | ६७ | ३० | ३७ | ०.०७ |
| लोहार | ६५ | ३० | ३५ | ०.०७ |
| कोइरी/कुशवाहा | ५८ | २९ | २९ | ०.०६ |
| कानु | ५४ | २५ | २९ | ०.०६ |
| पत्थरकट्टा/कुशवाडिया | ५२ | २२ | ३० | ०.०५ |
| बधाइ/बधे | ४२ | २१ | २१ | ०.०४ |
| राई | ३५ | १८ | १७ | ०.०४ |
| गदेरी/भेडियार | ३१ | १६ | १५ | ०.०३ |
| नुनिया | २३ | १४ | ९ | ०.०२ |
| छन्त्याल/छन्तेल | १६ | ८ | ८ | ०.०२ |
| थकाली | १४ | ८ | ६ | ०.०१ |
| घर्ती/भुजेल | १२ | ४ | ८ | ०.०१ |
| याक्थुङ/लिम्बू | ११ | ७ | ४ | ०.०१ |
| ब्यासी/सौका | ११ | ५ | ६ | ०.०१ |
| कोरी | १० | ५ | ५ | ०.०१ |
| **जम्मा** | **९६७१४** | **४५४०७** | **५१३०७** | १००.०० |

***स्रोतः राष्ट्रिय जनगणना, २०७८***

### १.१.११ अपाङ्गताको आधारमा जनसङ्ख्या विवरण

राष्ट्रिय जनगणना, २०७८ अनुसार विभिन्न शारीरिक तथा मानसिक अपाङ्गतालाई हेर्दा बाणगङ्गा नगरपालिकामा कुल २३३६ जना विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरू रहेको देखिन्छ । तथ्याङ्कलाई हेर्दा कुल २३३६ जना मध्ये ८८८ जना शारीरिक रूपमा अपाङ्ग देखिन्छन् । त्यसैगरी ४०१ जना न्यून दृष्टियुक्त, १३० जना दृष्टिविहीन, १६७ जना बहिरोपना, ११७ जना मनोसामाजिक अपाङ्गता, २०२ जना न्यून श्रवणशक्ति, २२ जना बहिरोपन एवम् दृष्टिविहीन, १५० जना मानसिक वा मनोसामाजिक अपाङ्गता, ४५ जना बौद्धिक अपाङ्गता, २२ जना  अनुवंशीय रक्तश्राव, १६ जना अटिजम् र १७६ जना बहुअपाङ्गता भएका व्यक्तिहरू रहेको देखिन्छ । जसको विषयमा विस्तृत जानकारी तल तालिका मा देखाइएको छ ।

| अपाङ्गताको प्रकार | कुल | पुरूष | महिला |
|---|---|---|---|
| शारीरिक अपाङ्गता | ८८८ | ५५२ | ३३६ |

| अपाङ्गताको प्रकार | कुल | पुरूष | महिला |
|---|---|---|---|
| न्यून दृष्टियुक्त | ४०१ | २०६ | १९५ |
| दृष्टिविहीन | १३० | ७५ | ५५ |
| बहिरोपन | १६७ | ७६ | ९१ |
| मनोसामाजिक अपाङ्गता | ११७ | ७३ | ४४ |
| न्यून श्रवणशक्ति | २०२ | १०१ | १०१ |
| बहिरोपन एवम् दृष्टिविहीन | २२ | १६ | ६ |
| मानसिक वा मनोसामाजिक | १५० | ८७ | ६३ |
| बौद्धिक अपाङ्गता | ४५ | २० | २५ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | २२ | १३ | ९ |
| अटिजम् | १६ | ६ | १० |
| बहुअपाङ्गता | १७६ | ९४ | ८२ |
| **जम्मा** | **२३३६** | **१३१९** | **१०१७** |

### १.१.१२ शैक्षिक अवस्थाको विश्लेषणः

यस नगरपालिकामा सामुदायिक तथा संस्थागतरूपमा सञ्चालनमा आएका शैक्षिक संस्थाहरूको सङ्ख्या ७५ रहेका छन् । जसमा ४९ वटा सामुदायिक विद्यालय र २६ वटा संस्थागत विद्यालय सञ्चालित छन् । विद्यालय र समुदायमा गरी बालविकास केन्द्रहरूको सङ्ख्या ८६ रहेका छन् भने सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या १ रहेको छ । उच्च शिक्षाका लागि सामुदायिक र संस्थागत गरी ४ वटा क्याम्पसहरू सञ्चालनमा रहेका छन् । नगर भित्र सामुदायिक र संस्थागत विद्यालयमा जम्मा २७९१८ विद्यार्थीहरू अध्ययनरत छन् । नगरको आधारभूत तहको खुद भर्नादर ९५.८ प्रतिशत र माध्यमिक तहको खुद भर्नादर ५९.१ प्रतिशत रहेको छ । यस नगरको कक्षा ८ को सिकाइ उपलब्धि दर ५७.२ प्रतिशत रहेको छ । त्यसै गरी यस नगरपालिकामा सबै तहका स्वीकृत र राहत दरबन्दी गरी जम्मा ४७७ शिक्षकहरू कार्यरत छन् । यो तथ्याङ्कले सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात ३२.९१ रहेको देखाउछ । *राष्ट्रिय जनगणना,* २०७८ अनुसार ६ वर्ष वा सो भन्दा माथिको यस नगरपालिकाको कुल जनसङ्ख्याको साक्षरता ८१.४% रहेको छ । यो साक्षारता प्रतिशत जिल्लाको औसत साक्षरता प्रतिशत ७०.६९ भन्दा १०.७१ प्रतिशतले बढी छ । प्रत्येक वडामा विद्यालयहरू रहनु र बढीमा १० देखि १५ मिनेटको पैदल दुरीमा विद्यालय सम्मको पहुँच रहेको हुँदा बालबालिकाको विद्यालय सम्मको पहुँच सुनिश्चित रहेको देखिन्छ ।

**क) सिकाइ उपलब्धि २०८०**

| क्र.सं. | सूचक | सिकाइ उपलब्धि |
|---|---|---|
| १ | कक्षा १ देखि ५ | ५३.७६ |
| २ | कक्षा ६ देखि ८ | ५१.४१ |
| ३ | कक्षा १ देखि ८ | ५२.८८ |
| ४ | कक्षा ९ देखि १० | ५४.६४ |
| ५ | कक्षा ११ देखि १२ | ५४.१७ |

***स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, बाणगङ्गा नगरपालिका***

**ख) शैक्षिक संस्थाको विवरणः**

| विद्यालय/ शैक्षिक संस्था | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| बालविकास केन्द्र | ६० | २६ | ८६ |
| आधारभूत तह १-५ सञ्चालित | १८ | ५ | २३ |

| | | | |
|---|---|---|---|
| आधारभूत तह १-८ सञ्चालित | १५ | ३ | १८ |
| माध्यमिक तह १-१० सञ्चालित | ४ | ११ | १५ |
| माध्यमिक तह १-१२ सञ्चालित | १२ | ५ | १७ |
| सामुदायिक सिकाइ केन्द्र | १ | ० | १ |

*स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, बाणगङ्गा नगरपालिका*

**ग) जम्मा विद्यार्थी विवरण (सामुदायिक र संस्थागत)**

| विवरण | | प्रारम्भिक बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | जम्मा विद्यार्थी |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी | छात्रा | २३०२ | ४९२४ | २७३२ | १७२० | ९३८ | १२६१६ |
| | छात्र | २८६६ | ६०५५ | ३२६९ | २०८६ | ९६५ | १५२४१ |
| | जम्मा | ५१६८ | १०९८९ | ६०५२ | ३८०६ | १९०३ | २७९१८ |

*स्रोतः IEMIS , २०८१*

**घ) विद्यार्थी विवरण सामुदायिक तर्फः**

| विवरण | | प्रारम्भिक बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | जम्मा विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी | छात्रा | ९०३ | २४४२ | १८६२ | १२९३ | ८१९ | ७३१९ |
| | छात्र | ९६७ | २६२६ | १९७३ | १४७८ | ७४८ | ७७९२ |
| | जम्मा | १८७० | ५०७८ | ३८३५ | २७७१ | १५६७ | १५१२१ |

*स्रोतः IEMIS , २०८१*

**ङ) विद्यार्थी विवरण संस्थागत तर्फः**

| विवरण | | प्रारम्भिक बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | जम्मा विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| *विद्यार्थी* | *छात्रा* | १३९९ | २४८२ | ८७० | ४२७ | ११९ | ५२९७ |
| | *छात्र* | १८९९ | ३४२९ | १२९६ | ६०८ | २१७ | ७४४९ |
| | *जम्मा* | ३२९८ | ५९११ | २२१७ | १०३५ | ३३६ | १२७९७ |

*स्रोतः IEMIS , २०८१*

**च) शिक्षक विवरण सामुदायिक तर्फः**

| विवरण | | प्रारम्भिक बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० (प्राविधिक अनुदान समेत) | कक्षा ११-१२ | जम्मा विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| **शिक्षक** | महिला | ६० | १२८ | ३५ | १७ | ४ | २४४ |
| | पुरूष | ० | ११८ | ४० | ५८ | १७ | २३३ |
| | जम्मा | ६० | २४६ | ७५ | ७५ | २१ | ४७७ |

*स्रोतः IEMIS , २०८१*

**छ) शिक्षक विवरणः**

| क्रसं | तह | दरबन्दी | कुल |
|---|---|---|---|

| | | स्वीकृत दरबन्दी | सङ्घीय राहत | सङ्घीय अनुदान | नगरपालिका अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | वा.वि.के | ६० | ० | ० | ० | ६० |
| २ | प्राथमिक | १९७ | ३५ | ० | १४ | २४६ |
| ३ | निम्नमाध्यमिक | ३८ | २८ | ९ | ० | ७५ |
| ४ | माध्यमिक | ३५ | २७ | ५ | ० | ६७ |
| ५ | साविक उमातह | ५ | १६ | ० | ० | २१ |
| ६ | प्राविधिक धारतर्फ | ० | ८ | ० | ० | ८ |
| | कुल जम्मा | ३३५ | ११४ | १४ | १४ | ४७७ |

***स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, बाणगङ्गा नगरपालिका***

**ज) वडागत सामुदायिक विद्यालय विवरण**

| *वडा नं* | *आधारभूत* | *माध्यमिक* | *कक्षा १–५* | *कक्षा १–८* | *कक्षा १–१०* | *कक्षा १–१२* | *प्राविधिकधार* |
|---|---|---|---|---|---|---|---|
| १ | ० | २ | ० | ० | १ | १ | ० |
| २ | ३ | २ | २ | १ | ० | २ | १ |
| ३ | ३ | १ | २ | १ | १ | ० | ० |
| ४ | २ | १ | ० | २ | ० | १ | ० |
| ५ | २ | २ | २ | ० | ० | २ | १ |
| ६ | १ | १ | ० | १ | १ | ० | ० |
| ७ | २ | १ | ० | २ | ० | १ | ० |
| ८ | ४ | १ | १ | ३ | ० | १ | ० |
| ९ | ५ | १ | १ | ४ | ० | १ | ० |
| १० | ७ | १ | ७ | ० | ० | १ | ० |
| ११ | ४ | ३ | ३ | १ | ० | ३ | ० |
| जम्मा | ३३ | १६ | १८ | १५ | ४ | १२ | २ |

***स्रोतः IEMIS , 2081***

**झ) वडागत संस्थागत विद्यालय विवरणः**

| वडा नं | आधारभूत | माध्यमिक | पूर्व प्रा.वि | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिक धार |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | १ | २ | ० | ० | ० | १ | ० |
| २ | १ | २ | ० | १ | ० | २ | ० | ० |
| ३ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | १ | ३ | ० | ० | १ | २ | १ | ० |
| ५ | १ | १ | ० | ० | १ | १ | ० | ० |
| ६ | १ | १ | ० | १ | ० | ० | १ | ० |
| ७ | २ | १ | ० | १ | १ | ० | १ | ० |
| ८ | ० | ४ | ० | ० | ० | ४ | ० | ० |
| ९ | १ | १ | ० | ० | १ | १ | ० | ० |
| १० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | ० | ३ | ० | ० | ० | २ | १ | ० |
| **जम्मा** | **९** | **१७** | **२** | **३** | **४** | **१२** | **५** | ० |

*स्रोत: IEMIS , 2081*

### ञ) विद्यालय गइरहेका र बाहिर रहेका तथा विद्यालय छाडेका बालबालिकाहरूको विवरण

| Age and लिङ्ग | जम्मा | School Attendance Status | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Currently Attending | | | | | | Currently Not Attending | | | | | | | Attendance not stated | | | | | |
| | | | | | | | | Ever Attended | | | | | | | | | | | | |
| | | Early childhood education (०) | Primary education (१-५) | Lower secondary (६ -८) | Upper secondary (९ -१०) | Other | Level not stated | Early childhood education (०) | Primary education (१-५) | Lower secondary (६ -८) | Upper secondary (९ -१०) | Other | Level not stated | Never Attended | Early childhood education (०) | Primary education (१-५) | Lower secondary (६ -८) | Upper secondary (९ -१०) | Other | Level not stated |
| All Ages | २७४६५ | २९८९ | ८७८३ | ५४४० | ३००२ | ११ | ५० | ३९ | १४८५ | २३०६ | २६४७ | ४१ | २२ | ६२३ | ० | ५ | १ | ० | ० | २१ |
| ५ Year | १६०९ | १५१० | ० | ० | ० | ० | २ | १० | ० | ० | ० | ० | १ | ७७ | ० | ० | ० | ० | ० | ९ |
| ६ Year | १६७९ | ८९२ | ७३६ | ० | ० | ० | ३ | ५ | ८ | ० | ० | ० | ० | ३२ | ० | ० | ० | ० | ० | ३ |
| ७ Year | १६३६ | ४१२ | ११८७ | ० | ० | ० | ५ | ४ | १२ | ० | ० | १ | ० | १३ | ० | ० | ० | ० | ० | २ |
| ८ Year | १६५० | १२६ | १४७८ | ० | ० | १ | ६ | १ | २२ | ० | ० | ० | १ | ११ | ० | १ | ० | ० | ० | ३ |
| ९ Year | १६२७ | २६ | १५४८ | ० | ० | १ | ४ | ० | २९ | ० | ० | १ | २ | १६ | ० | ० | ० | ० | ० | ० |
| १० Year | १७२१ | ८ | १५१२ | ० | ० | १ | ३ | ४ | १७१ | ० | ० | ० | १ | २१ | ० | ० | ० | ० | ० | ० |
| ११ Year | १५१८ | ५ | १०८१ | ३४२ | ० | ० | ५ | १ | ६४ | ६ | ० | ० | १ | १३ | ० | ० | ० | ० | ० | ० |
| १२ Year | १७९१ | ३ | ७३२ | ९८७ | ० | १ | १ | १ | ३० | १६ | ० | १ | ० | १९ | ० | ० | ० | ० | ० | ० |
| १३ Year | १७८१ | २ | २६६ | १४५१ | ० | १ | २ | २ | २२ | २१ | ० | ० | १ | १३ | ० | ० | ० | ० | ० | ० |
| १४ Year | १८१३ | ३ | १३४ | १२२४ | ३५८ | ० | ६ | १ | ३५ | २९ | ४ | ० | १ | १७ | ० | १ | ० | ० | ० | ० |
| १५ Year | १७७५ | ० | ३५ | ८४२ | ७३६ | ० | ५ | ३ | ५३ | ६५ | १६ | १ | १ | १५ | ० | ० | ० | ० | ० | ३ |
| १६ Year | १३३४ | २ | २२ | ३२२ | ७८५ | ० | १ | १ | ५५ | ९१ | ३५ | ० | १ | १८ | ० | ० | १ | ० | ० | ० |
| १७ Year | ८९३ | ० | १६ | १३५ | ४८७ | ० | ३ | ० | ४९ | १०५ | ७९ | ३ | ० | १४ | ० | २ | ० | ० | ० | ० |
| १८ Year | ८७४ | ० | १९ | ९० | २९८ | ० | १ | १ | ९४ | १९६ | १४९ | १ | १ | २४ | ० | ० | ० | ० | ० | ० |
| १९ Year | ६८९ | ० | १६ | ४७ | १४० | ० | ० | १ | ८७ | १९० | १८४ | २ | १ | २० | ० | ० | ० | ० | ० | १ |
| २० Year | ७९८ | ० | १ | ० | ७१ | १ | ० | ० | ११८ | २८४ | २७४ | ३ | ० | ४५ | ० | १ | ० | ० | ० | ० |
| २१ Year | ६८१ | ० | ० | ० | ५० | १ | ० | ० | ८३ | २१४ | २९० | ८ | १ | ३४ | ० | ० | ० | ० | ० | ० |
| २२ Year | ८५८ | ० | ० | ० | २८ | १ | १ | १ | १२२ | २८३ | ३७३ | ७ | ३ | ३९ | ० | ० | ० | ० | ० | ० |
| २३ Year | ८२० | ० | ० | ० | १५ | २ | २ | १ | १२५ | २५३ | ३७७ | ५ | ० | ४० | ० | ० | ० | ० | ० | ० |
| २४ Year | ८६२ | ० | ० | ० | १९ | १ | ० | १ | ११५ | २५४ | ४०६ | ४ | ३ | ५९ | ० | ० | ० | ० | ० | ० |
| २५ Year | १०५६ | ० | ० | ० | १५ | ० | ० | १ | १९१ | २९९ | ४६० | ४ | ३ | ८३ | ० | ० | ० | ० | ० | ० |

*स्रोत: शिक्षा युवा तथा खेलकुद शाखा, बाणगङ्गा नगरपालिका*

### ट) शिक्षक तथा शैक्षिक जनशक्ति विवरण:

| तह | पुरूष | महिला | कुल जम्मा |
|---|---|---|---|
| मा.वि. | ७० | २१ | ९१ |
| नि.मा.वि. | ४० | २६ | ६६ |
| प्रा.वि. | ११७ | ११५ | २३२ |
| बालविकास | ० | ६० | ६० |
| लेखापाल | १५ | १ | १६ |
| का.स. | २१ | २७ | ४८ |
| जम्मा | २६४ | २५० | ५१४ |

*स्रोत: शिक्षा युवा तथा खेलकुद शाखा, बाणगङ्गा नगरपालिका*

## १.२ शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीको SWOT विश्लेषण

बाणगङ्गा नगरपालिकाको वर्तमान अवस्था विश्लेषणबाट शिक्षा क्षेत्रमा रहेका सबल पक्ष, कमजोर पक्ष , अवसर र चुनौतीहरू पहिचान गरिएको छ । सरोकारवालाहरूको सहभागितामा समस्याको विश्लेषण गर्न समस्या वृक्ष र Gap Analysis प्रक्रिया अवलम्बन गरिएको छ । सरोकारवालाहरूबाट प्राप्त विश्लेषणबाट समस्याका कारणहरूलाई नै योजनाको रणनीति तथा

कार्यनीतिको रूपमा ल्याइएको छ । जसले गर्दा निर्माण भएको शिक्षा योजना प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न सकिने भएकाले विशेषगरी शिक्षा योजनामा समावेश गरिएका शैक्षिक समस्याहरू उल्लेख गर्दा समतामूलक पहुँच, निरन्तरता, गुणस्तर, सक्षमता विकास, सहभागिता व्यवस्थापन आदि क्षेत्रगत पक्षसँग सम्बन्धित रहेर विश्लेषण गरिएको छ । नगरपालिका क्षेत्रको तथ्याङ्क विश्लेषणका आधारमा शिक्षा क्षेत्रको विकासका सबल पक्ष, कमजोर पक्ष, चुनौती र अवसरहरूलाई प्रस्तुत गरिएको छ ।

### १.२.१ शिक्षा क्षेत्रका मुख्य समस्याहरू

- सबै विद्यालयहरूमा आवश्यकता अनुसारका भौतिक संरचनाहरू नहुनु, भएका कतिपय संरचनाहरू जोखिम तथा जीर्ण अवस्थामा हुनु ।
- तहगत, क्षेत्रगत एवम् विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु,
- प्राविधिक शिक्षामा विद्यार्थीको पहुँचमा कमि, भर्ना भएका विद्यार्थीहरूलाई टिकाइ राख्न नसक्नु,
- तोकिएको शैक्षिक वर्षमा सबै विद्यार्थीले तह पार गर्न नसक्नु ,
- शिक्षकहरूलाई समयानुकूल तालिमको व्यवस्था नहुनु,
- विद्यालय सेवा क्षेत्र भित्रका विद्यार्थीहरू जिल्ला बाहिर जानु,
- विद्यालय राजनीतिक प्रभावबाट मुक्त हुन नसक्नु,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादनमा जोड्न नसकिनु,
- शिक्षकहरूको पेशागत विकास तालिमको प्रभावकारिता कक्षा कोठामा कम देखिनु,
- शैक्षिक सामग्रीहरू पर्याप्त नहुनु र उपलब्ध सामग्रीहरू अधिकतम् प्रयोग हुन नसक्नु,
- सिकाइमा सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सबै विद्यालय सक्षम नहुनु साथै शिक्षकहरूमा समेत पूर्ण क्षमता नहुनु,
- विद्यालय अनुगमन, निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु,
- प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने भएकाले विद्यालय व्यवस्थापन, शिक्षण र शैक्षिक प्रशासनमा समस्या रहेको ।

### १.२.२ शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रूपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्न,
- प्रारम्भिक बालविकास केन्द्रको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्न,
- विद्यालयको नक्साङ्कन तथा समायोजन गर्न,
- प्रविधिमैत्री, बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री सिकाइ वातावरण निर्माण गर्न,
- प्रभावकारी रूपमा इन्टरनेट, सूचना र प्रविधिको पहुँच पुऱ्याउन,
- विद्यालयको आवश्यकता अनुसार भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्न,
- अपाङ्ग बालबालिकाहरूलाई शिक्षण सिकाइमा समान सिकाइको अवसर प्रदान गर्न,

### १.२.३ शिक्षा क्षेत्रका अवसरहरू

- संवैधानिक तथा कानुनी आधारहरू आवश्यक ऐन नियम तथा निर्देशिकाहरू निर्माण गरिएको,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु,
- तीनै तहको सरकार तथा अन्य सङ्घ संस्थाबाट शिक्षामा लगानी गर्न सक्ने बातावरण बन्दै जानु,
- वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीहरूको सिक्न पाउने अधिकार सुनिश्चितता हुदै जानु ,
- दीगो विकासको लक्ष्य प्राप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिबद्धता रहेको,
- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकारात्मक जनमत रहेको,
- शैक्षिक अभियन्ता तथा सरोकारवालाहरूको अग्रसरता रहेको,

- विद्यालयका भौतिक  निर्माणका कार्यक्रमहरू पालिकाको प्राथमिकतामा रहनु,
- बाणगङ्गा नगरपालिका बसाइ सराइको आकर्षणको केन्द्र भएकोले विद्यार्थी सङ्ख्या  पर्याप्त हुन सक्ने,
- गुणस्तरीय तथा प्राविधिक शिक्षाका लागि बाणगङ्गा नगरका विद्यालयहरू रोजाइमा पर्नु,
- अधिकांश विद्यालयको सिकाइ वातावरण बालमैत्री बन्दै जानु,

### १.२.४ सबल पक्षहरू:

- सबै वडाहरूमा जनसङ्ख्याको आधारमा आवश्यक विद्यालयहरू रहेको,
- सबै बालबालिकाहरूको पहुँच विद्यालयसम्म सुनिश्चित  रहेको,
- जिल्लाको सिकाइ उपलब्धि भन्दा नगरको सिकाइ उपलब्धि  उच्च रहेको,
- प्राविधिक शिक्षा प्राप्तिका  लागि पालिका भित्र ३ वटा प्राविधिक शिक्षालय रहेको,
- सबै विद्यालयहरूमा न्युनतम भौतिक पूर्वधार रहेको,
- स्थानीय पाठ्यक्रम निर्माण भइ कार्यान्वयन भएको,
- सबै विद्यालयहरूमा विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन ,
- सबै विद्यालयहरूमा इन्टरनेटको पहुँच रहेको,
- नगर पूर्ण साक्षर, आधारभूत तह पूर्ण भर्ना र बालमैत्री स्थानीय शासन  घोषणा भएको,

### १ .२.५ सुधार गर्नु पर्ने पक्षहरू:

- सबै विद्यालयहरूमा आवश्यकता अनुसारका भौतिक संरचनाहरू निर्माण गर्नुपर्ने
- तहगत एवम् विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्नुपर्ने,
- प्राविधिक शिक्षामा लगानी तथा विद्यार्थीको पहुँच वृद्धि गर्नुपर्ने,
- तोकिएको शैक्षिक वर्षमा तह पार गर्नेको सङ्ख्या वृद्धि गर्नुपर्ने,
- शिक्षकहरूलाइ समयानुकूल तालिमको व्यवस्था गर्नुपर्ने ।
- विद्यालय सेवा क्षेत्र भित्रका विद्यार्थीहरू  अध्ययनका लागि नगर बाहिर जानबाट रोक्ने विकल्पको खोजी गर्नुपर्ने ।
- विद्यालयलाई राजनीतिक प्रभावबाट मुक्त बनाउनु पर्ने ।
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादनमा जोड्नु पर्ने ।
- सिकाइमा सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सबै विद्यालय सक्षम  बनाउनुपर्ने ।
- विद्यालय अनुगमन, निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास गर्नु पर्ने ।

# परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ बाणगङ्गा नगरपालिकामा शिक्षा क्षेत्र योजना निर्माणका आधारहरु:

संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गर्दै संवैधानिक हक कार्यान्वयन गर्न कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यस सम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा ल्याएको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ ले शिक्षा लगायत बालबालिकाहरूको हक र अधिकारलाई थप प्रत्याभूत गरेको छ। नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ।

सङ्घीय स्वरूपको राज्य व्यवस्थामा राज्यका सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ। मानव संसाधनको विकासबाट मुलुकले उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन गरी नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच "**समृद्ध नेपाल, सुखी नेपाली**" सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट सफलता प्राप्त गर्न सक्दछ । यही वृहत्तर उद्देश्य प्राप्तिका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रमहरू बीच तादम्य सहित तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा शिक्षा योजना निर्माण हुनु सान्दर्भिक देखिन्छ। यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५ वर्षे दिगो विकास लक्ष्य, सोह्रौं आवधिक योजनाका लक्ष्यहरू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको १० वर्षे (२०७८-२०८७) शिक्षा योजना र कोभिड-१९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी योजना निर्माण तथा कार्यान्वयन गर्न आवश्यक छ। तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्दै, समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरा गर्ने विश्वासका साथ बाणगङ्गा नगरपालिकाको यो शिक्षा योजनाले कार्यान्वयन मार्फत योगदान पुऱ्याउने छ।

## २.२ दूरदृष्टि:

पहुँचयोग्य, गुणस्तरीय, प्राविधिक तथा जीवन उपयोगी शिक्षा, सुसंस्कृत, क्षमतावान, प्रतिष्पर्धी जनशक्ति उत्पादन नगरको इच्छा।

## २.३ लक्ष्य:

सबै प्रकारका बालबालिकाहरूलाई जीवन उपयोगी, प्राविधिक तथा व्यावहारिक शिक्षा सहितको गुणस्तरीय शिक्षा प्रदान गर्दै सभ्य समाज र राष्ट्र निर्माणमा टेवा पुऱ्याउने आत्मनिर्भर विश्वबजारमा प्रतिष्पर्धी सक्षम जनशक्ति तयार गर्ने।

## २.४ उद्देश्य:

१. नगर भित्रका सबै प्रकारका बालबालिकालाई समावेशी र समतामूलक शिक्षाको पहुँच सुनिश्चित गर्नु,
२. सिकाइका लागि उपयुक्त सुरक्षित, भौतिक पूर्वाधार सहितको बालमैत्री वातावरण निर्माण गरी व्यावहारिक र प्रविधिमैत्री गुणस्तरीय शिक्षा प्रदान गर्नु,
३. बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बालविकास शिक्षालाई प्रभावकारी रूपमा सञ्चालन गर्नु,
४. शैक्षिक सुशासन प्रवर्द्धन गर्दै नैतिक आचरण सहितको मानवमूल्यमा आधारित शिक्षा प्रदान गर्नु,
५. स्थानीय भाषा, कला, संस्कृति र साहित्य विकासको प्रवर्द्धन गर्दै योग, ध्यान र सहक्रियाकलाप जस्ता रचनात्मक कार्यद्वारा बालबालिकको सर्वाङ्गीण विकासमा जोड दिनु,
६. आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्दै सिकाइका वैकल्पिक उपायहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
७. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसरहरू सुनिश्चित गर्ने,

८. उच्च शिक्षमा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधि प्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्नु,
९. पाठ्यक्रमले तोके अनुसारको सिकाइ उपलब्धि हासिल गर्नु।

## २.५ रणनीति र कार्यनीतिहरू

| क्र.सं. | उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|---|
| १ | नगरक्षेत्रभित्रका सबै प्रकारका बालबालिकालाई समावेशी र समतामूलक शिक्षाको पहुँच सुनिश्चित गर्नु, | • आधारभूत तथा माध्यमिक शिक्षामा सबै बालबालिकाहरूको समावेशी तथा समतामूलक शिक्षाको पहुँच सुनिश्चित गर्ने,<br>• अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्ड बमोजिम विद्यालय शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गर्ने, | • विद्यालयको नक्साङ्कन गरिनेछ,<br>• आवश्यकताका आधारमा विद्यालयको स्थापना तथा समायोजन गरिनेछ,<br>• आवश्यक नियमकानुन र कार्यविधि निर्माण गरिनेछ,<br>• विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाईको उचित प्रबन्ध सहित भौतिक सुविधा सुनिश्चित गरिनेछ,<br>• विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण कायम गरिनेछ,<br>• शिक्षक दरबन्दी मिलान तथा आवश्यक शिक्षकको व्यवस्था गरिनेछ,<br>• लक्षित वर्गका बालबालिकाहरूलाई छात्रावृत्ति, शैक्षिक सामग्री तथा अन्य आवश्यक सामग्रीको व्यवस्था गरिनेछ,<br>• अपाङ्ग, अभिभावकविहीन तथा असहाय बालबालिकाहरूका लागि सुविधा सम्पन्न छात्रावासको व्यवस्था गरिनेछ, |
| २ | सिकाइका लागि उपयुक्त सुरक्षित, भौतिक पूर्वाधार सहितको बालमैत्री वातावरण निर्माण गरी व्यावहारिक र प्रविधिमैत्री गुणस्तरीय शिक्षा प्रदान गर्नु, | • विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, बालमैत्री, समावेशी र सुरक्षित बनाउने,<br>• गुणस्तरीय शिक्षाको सुनिश्चितका लागि शिक्षकहरूको क्षमता विकास गर्दै विद्यालयलाई आवश्यक शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने, | • आवश्यकताका आधारमा विद्यालयमा सुरक्षित भौतिक संरचना निर्माण गर्दै लगिनेछ,<br>• विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तार गरिनेछ,<br>• "एक विद्यार्थी एक विरूवा र एक विद्यालय एक बगैचा" लाई कार्यान्वयन गर्दै हरित विद्यालय निर्माण गरिनेछ,<br>• विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय तथा अन्य सन्दर्भ सामग्रीहरूको व्यवस्था गरिनेछ,<br>• शिक्षक दरबन्दी मिलान, पुनर वितरण तथा नियमानुसार प्र.अ. व्यवस्थापन गरिनेछ,<br>• शिक्षकहरूको पेशागत क्षमता विकासका लागि आवश्यकता अनुसार कार्यक्रमहरू |

| क्र.सं. | उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | सञ्चालन गरिनेछ,<br>• शिक्षक, कर्मचारी र विद्यार्थीहरूका लागि ई–हाजिरीको व्यवस्था गरिनेछ,<br>• शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरूको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ,<br>• विद्यालयमा बालमैत्री ,अपाङ्गमैत्री ,छात्रामैत्री समावेशी र सुरक्षित सिकाइ वातावरण कायम गरिनेछ, |
| ३ | बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बालविकास शिक्षालाई प्रभावकारी रूपमा सञ्चालन गर्नु, | • न्यूनतम् मापदण्ड सहितका प्रारम्भिक बालविकास केन्द्रको विकास गर्ने,<br>• संघ प्रदेश र स्थानीय सरकारका साथै स्थानीय सङ्घ संस्था र सरोकारवालाहरूको सहभागितामा बालबालिकाको सर्वाङ्गीण विकासका कार्यक्रमहरू सञ्चालन गर्ने, | • सबै प्रारम्भिक कक्षाहरूमा न्यूनतम् मापदण्ड बमोजिमका पूर्वाधारहरू तयार गरिनेछ,<br>• प्रारम्भिक कक्षाका सहजकर्ताहरूको पेशागत क्षमता विकासका अवसरहरू प्रदान गरिनेछ,<br>• बालबालिका अनुकूलका शैक्षिक सामग्रीहरूको व्यावस्था गरिनेछ,<br>• अभिभावक शिक्षा सञ्चालन गरिनेछ,<br>• प्रारम्भिक बालविकास सञ्चालन र व्यवस्थापनको लागि आवश्यक निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ |
| ४ | शैक्षिक सुशासन प्रवर्द्धन गर्दै नैतिक आचरण सहितको मानव मूल्यमा आधारित शिक्षा प्रदान गर्नु | • विद्यालयमा शैक्षिक सुशासन कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने,<br>• पाठ्क्रममा भएका नैतिक शिक्षाका विषयवस्तुहरूलाई व्यवहारमा देखिने गरी शिक्षण सिकाइ गर्ने, | • एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई यथार्थपरक तथा वस्तुनिष्ठ बनाईनेछ,<br>• निर्धारित समयमा सामाजिक परीक्षण, लेखापरीक्षण गर्ने, विद्यालय सुधार योजना निर्माण र विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ गठन गर्ने व्यवस्था मिलाईनेछ,<br>• शिक्षकहरूको पेशागत क्षमता विकासका लागि आवश्यकता अनुसार कार्यक्रमहरू सञ्चालन गरिनेछ,<br>• शिक्षक, कर्मचारी र विद्यार्थीहरूका लागि ई–हाजिरीको व्यवस्था, विद्यालयको सम्पूर्ण आर्थिक कारोबारलाई बैकिङ्ग प्रणालीमा आबद्ध गरिनेछ,<br>• अभिभावक शिक्षा सञ्चालन गरिने छ,<br>• विद्यार्थीहरूमा व्यवहार कुशल सीपहरूको |

| क्र.सं. | उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | अभ्यासको लागि शिक्षक, विद्यार्थी र अभिभावकहरूबीचमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ, |
| ५ | स्थानीय भाषा, कला, संस्कृति र साहित्य विकासको प्रवद्धन गर्दै योग, ध्यान र सहक्रियाकलाप जस्ता रचनात्मक कार्य द्वारा बालबालिकको सर्वाङ्गीण विकासमा जोड दिनु, | • स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको निर्माण र कार्यान्वयन गर्दै स्थानीय कला, साहित्य र संस्कृतिको जगेर्ना गर्ने,<br>• स्थानीय परम्परागत ( रैथाने) सीपहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने,<br>• योग, ध्यान र अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यार्थीको चौतर्फी विकास गर्ने , | • स्थानीय परिवेश सुहाँउदो पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको निर्माण गरी कार्यान्वयन गरिनेछ,<br>• स्थानीय कला, साहित्य र सँस्कृतिको जगेर्ना गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ,<br>• स्थानीय सीप पहिचान गरी अन्तरपुस्ता हस्तान्तरण गर्न सहजीकरण गर्दै जीविकोपार्जनसँग आबद्ध गरिनेछ,<br>• भाषा, कला तथा साहित्यको संरक्षण, प्रवर्द्धन र विकासका लागि आवश्यक कार्यक्रम गरिनेछ,<br>• विद्यालय तहमा योग ,ध्यान र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन गरिने छ, |
| ६ | आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्दै सिकाइका वैकल्पिक उपायहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | • विपद्को समयमा शिक्षाको निरन्तरताको लागि आवश्यक योजना, नीति तथा कार्यविधि निर्माण गरी आवश्यक सामग्रीहरूको व्यवस्थापन गर्ने,<br>• कोभिड १९ लगायतका अन्य महामारी र प्रकोपका कारणले पुऱ्याएको क्षति न्यूनीकरणको लागि शिक्षण सिकाइलाई निरन्तरता दिन आवश्यक व्यवस्था गर्ने, | • विपद् व्यवस्थापनका लागि संयन्त्र निर्माण, क्षमता अभिवृद्धि गर्दै स्रोत साधनको व्यवस्था गरिनेछ,<br>• बृहत विद्यालय सुरक्षा सम्बन्धी कार्यक्रमहरू सबै विद्यालयहरूमा सञ्चालन गरिनेछ,<br>• सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना(ReAL Plan) साझेदारीमा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ,<br>• महामारी तथा प्रकोपका कारणले विद्यालय सञ्चालन हुन नसक्ने अवस्था भएमा अनलाईन तथा भर्चुवल सिकाइको व्यवस्था गरिनेछ,<br>• स्थानीय स्तरमा शिक्षा समूह निर्माण तथा परिचालन गरिनेछ,<br>• विद्यालयहरूमा प्रकोप , सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशिल बनाउँदै लगिनेछ, |
| ७ | अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसरहरू सुनिश्चित गर्ने | • आवश्यकता तथा मागमा आधारित वैकल्पिक शिक्षाका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने, | • साक्षरताको वर्तमान अवस्था साथै विद्यालय बाहिर रहेका बालबालिकाहरूको पहिचानको लागि घर धुरी सर्वेक्षण गरिनेछ, |

| क्र.सं. | उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | • सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी र समतामा आधारित आजीवन सिकाइ थलोको रूपमा विकास गर्ने, | • विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूको समन्वय तथा सहयोगमा निरन्तर साक्षरता कक्षा तथा वैकल्पिक शिक्षाका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ,<br>• अनौपचारिक शिक्षाबाट साक्षर भएकाहरूलाई व्यवसायिक सीपमा आबद्ध गर्न आवश्यक सहयोग गरिनेछ,<br>• सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न (पुस्तकालय, सूचना प्रविधि सम्बन्धी सामग्री, फर्निचर आदि) गर्दै सिकाइ केन्द्रको रूपमा विकास गर्दै सि.एल.सि. व्यवस्थापन समिति र सहजकर्ताहरूको क्षमता अभिवृद्धि गरिनेछ, |
| ८ | उच्च शिक्षमा पहुच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधि प्रति अभिप्रेरित , प्रतिस्पर्धी र उद्यमशील मानव शंसाधनको विकास गर्नु, | • उच्च शिक्षा अध्यापन गराइने शैक्षिक संस्थाहरू बीचमा समन्वय तथा सहकार्य गर्ने,<br>• विज्ञान तथा प्रविधि सम्बन्धी विषयहरू अध्ययन गर्ने विद्यार्थीहरूको लागि प्रोत्साहन गर्ने, | • उच्च शिक्षाको विकासको लागि सार्वजनिक ,सामुदायिक र निजी स्तरमा सञ्चालन भएका शैक्षिक संस्थाहरू बीचमा अनुभव आदान प्रदान र असल सिकाइ स्थानान्तरणकालागि अन्तरक्रिया तथा सेमिनार सञ्चालन गरिने छ ,<br>• स्थानीय स्तरको मानव संसाधन योजना बनाई सोहि बमोजिम उच्च शिक्षामा पठनपाठन गरिनेछ,<br>• समय अनुसार विश्वबजारमा खपत तथा प्रतिस्प्रर्धा गर्न सक्ने जनशक्ति उत्पादनमा जोड दिईनेछ,<br>• आर्थिक रूपले पिछडिएका जनजाति, दलित, महिला, यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका विद्यार्थीहरूलाई उच्च शिक्षाको पहुँच वृद्धि गर्न छात्रावृत्ति लगायत अन्य आवश्यक व्यवस्था मिलाइने छ,<br>• प्राविधिक तथा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि शैक्षिक सहुलियतका कार्यक्रम प्रदान गरिनेछ,<br>• उत्पादित जनशक्तिहरूलाई सीप तथा क्षमता अनुसार स्थानीय तहमा परिचालन गरिनेछ,<br>• उच्च शिक्षा सञ्चालनका लागि सामुदायिक क्याम्पसहरूलाइ आर्थिक प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ, |

| क्र.सं. | उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | • उच्च शिक्षामा विद्यार्थीहरको आकर्षण वृद्धि गर्न माध्यमिक तहबाटनै परामर्श सेवा सञ्चालन गरिने छ,<br>• नगर भित्रका उच्च शिक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने र एम.फिल तथा पि.एच.डी. हासिल गर्ने जनशक्तिलाई सम्मान गरिने छ, |
| ९ | पाठ्यक्रमले तोके अनुसारको सिकाइ उपलब्धि हासिल गर्नु | • सिकाइ उपलब्धि वृद्धिका लागि सिकाइ सुधार योजना बनाई कार्यान्वयन गर्ने,<br>• शिक्षक दरबन्दि पुनर वितरण, तथा समायोजन र आवश्यकताका आधारमा शिक्षकको व्यवस्थापन गर्दै शिक्षकको पेशागत वृत्ति विकासका लागि शिक्षक सहायता प्रणाली लागु गर्ने, | • बालमैत्री, अपाङ्गमैत्री, समावेशी, छात्रामैत्री कक्षाकोठाको व्यवस्थापन गरिनेछ,<br>• विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ,<br>• निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी रूपबाट सञ्चालन गरिनेछ,<br>• स्थानीय पाठयक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ,<br>• शिक्षकको पेशागत विकासमा जोड दिईनेछ,<br>• शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोगमा जोड दिईनेछ,<br>• विद्यालयमा अनिवार्य बुक कर्नर तथा पुस्तकालयको व्यवस्था गरी प्रयोगमा जोड दिइनेछ,<br>• विद्यार्थीहरूलाई व्यवहार कुशल सिपमा जोड दिनुमा साथै विभिन्न एतिहासिक धार्मिक पर्यटकीय पुरातात्त्विक महत्त्व बोकेका स्थानहरूको अवलोकन भ्रमण गराईनेछ,<br>• ReALPlan सिकाइ आपुरण तथा द्रुत योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ,<br>• विद्यालय सुधार योजना निर्माण गर्दा सिकाइ उपलब्धि वृद्धि गर्ने खालका कार्यक्रम समावेश गरिने छ, |

## २. ६ अपेक्षित उपलब्धिः

१. नगरभित्रका सबै प्रकारका बालबालिकाहरूको समावेशीता र समतामूलक शिक्षाको पहुँच सुनिश्चित भएको हुनेछ ।

२. सिकाइका लागि उपयुक्त सुरक्षित, भौतिक पूर्वाधार सहितको बालमैत्री वातावरण निर्माण गरी व्यावहारिक र प्रबिधि मैत्री गुणस्तरीय शिक्षा प्रदान भएको हुनेछ ।

३. बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बालविकास शिक्षालाई प्रभावकारी रूपमा सञ्चालन गरिएको हुनेछ
४. शैक्षिक सुशासन प्रवर्द्धन गर्दै नैतिक आचरण सहितको मानव मूल्यमा आधारित शिक्षा प्रदान भएको हुनेछ।
५. स्थानीय भाषा, कला, संस्कृति र साहित्य विकासको प्रवर्द्धन गर्दै योग, ध्यान र सहक्रियाकलाप जस्ता रचनात्मक कार्य भएको हुनेछ।
६. आपत्कालिन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्दै सिकाइका वैकल्पिक उपायहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने सुनिश्चितता भएको हुनेछ।
७. अनौपचारिक शिक्षा र आजिवन सिकाइका अवसरहरू सुनिश्चित भएको हुनेछ।
८. उच्च शिक्षमा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधि प्रति अभिप्रेरित , प्रतिस्पर्धी र उद्यमशिल मानव संसाधनको विकास भएको हुनेछ।
९. पाठ्यक्रमले तोकिए अनुसारको सिकाइ उपलब्धि हासिल भएको हुनेछ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य

| क्र.सं | सूचक | राष्ट्रिय स्तर | लुम्बिनी प्रदेश | कपिलवस्तु जिल्ला | बाणगङ्गा नगरपालिका | पालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्नादर | ९९.९ | १०६.८ | ९७.६ | १४०.५ | १३७.२ | १३०.१ | १२०.४ | ११०.३ | १०० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्नादर | ७०.६ | ७२.६ | ५९.२ | ९६.३ | ९७ | ९८ | ९९ | १०० | १०० |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ७६.९ | ८४.३ | ७७.३ | ८४.५ | ८५ | ८७ | ८९ | ९२ | ९५ |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०८२. | ०८१. | ०७९. | ०.७८ | ०.८० | ०.८२ | ०.८४ | ०.८६ | ०.८८ |
| ५ | कक्षा १ मा खुद नयाँ भर्ना NIR | ९५.७ | ९५.८ | ९५.७ | ९६ | ९७ | ९७ | ९८ | ९९ | १०० |
| ६ | कक्षा १ मा कुल नयाँ भर्ना GIR | ११५.९ | ११९.५ | १२०.३ | १२०.० | ११८ | ११५ | ११० | १०५ | १०० |
| ७ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्नादर | ९५.६ | ९५.५ | ९५.५ | ९५.६ | ९६ | ९७ | ९८ | ९९ | १०० |
| ८ | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्नादर | १२४.८ | १२८.४ | १३१.८ | १२५.३ | १२३ | ११८ | ११३ | १०७ | १०० |
| ९ | आधारभूत तह कक्षा १–५ मा कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९२ | ०.९१ | ०.९६ | ०.८३ | ०.८४ | ०.८६ | ०.८८ | ०.९० | ०.९२ |
| १० | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्नादर | ९५.२ | ९५.१ | ९४.५ | ९५.८ | ९६.४ | ९७ | ९७.८ | ९८.५ | ९९.२ |
| ११ | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्नादर | १२१.६ | १२३.९ | १२१.७ | १२७.१ | १२५ | १२० | ११५ | ११० | १०५ |
| १२ | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८६.३ | ८६.२ | ८५.२ | ८७.४ | ८८.४ | ९० | ९२ | ९३ | ९५ |

| क्र.सं | सूचक | राष्ट्रिय स्तर | लुम्बिनी प्रदेश | कपिलवस्तु जिल्ला | बाणगङ्गा नगरपालिका | पालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ |
| १३ | आधारभूत तह (कक्षा १–८) मा कुल भर्नादरमा लैङ्गिक समता सूचक | ०.९३ | ०.९१ | ०.९३ | ०.९३ | ०.९४ | ०.९५ | ०.९६ | ०.९७ | ०.९८ |
| १४ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्नादर | ७६.५ | ७५.७ | ७३.० | ७६.८ | ७७.५ | ७९ | ८१ | ८३ | ८५ |
| १५ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्नादर | ९८.७ | ९६.८ | ९०.९ | १०८.३ | १०८ | १०७.५ | १०६ | १०६.५ | १०५ |
| १६ | माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्नादरमा लैङ्गिक समता सूचक | ०.९६ | ०.९७ | ०.९१ | ०.९० | ०.९१ | ०.९३ | ०.९५ | ०.९७ | ०.९८ |
| १७ | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्नादर | ३७.१ | ३५.९ | २४.२ | ४२.४ | ४५ | ४८ | ५१ | ५४ | ५८ |
| १८ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्नादर | ६७.७ | ६६.० | ४२.२ | ७६.५ | ७८ | ८१ | ८४ | ८७ | ९० |
| १९ | माध्यमिक तह कक्षा ) –१११२ मा कुल ( भर्नादरमा लैङ्गिक समता सूचक | १.०२ | १.०६ | १.०२ | १.०२ | १.०१ | १.०१ | १ | १ | १ |
| २० | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्नादर | ५६.८ | ५५.२ | ४६.८ | ५९.१ | ६० | ६३ | ६६ | ७० | ७५ |
| २१ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्नादर | ८३.२ | ८०.९ | ६४.७ | ९१.९ | ९२.५ | ९४ | ९५.५ | ९७ | ९८ |
| २२ | माध्यमिक तहको कक्षा ९–१२ मा कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १.०१ | ०.९५ | ०.९५ | ०.९६ | ०.९७ | ०.९७ | ०.९८ | ०.९८ |
| २३ | कक्षा चढ्ने दर १ देखि ५ | ८३.८ | ८२.९ | ७५.५ | ८९.० | ९१ | ९३ | ९५ | ९७ | ९९.५ |
| २४ | कक्षा चढ्ने दर ६ देखि ८ | ८८.२ | ८७.३ | ८६.२ | ९२.७ | ९३.५ | ९५ | ९६ | ९७ | ९८ |
| २५ | कक्षा चढ्ने दर ९ देखि १० | ९३.४ | ९३.१ | ९२.१ | ९४.६ | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| २६ | कक्षा ११-१२ मा उत्तीर्ण दर | ९१.३ | ९१.२ | ९१.३ | ८८.२ | ९० | ९१ | ९२ | ९३ | ९४ |
| २७ | कक्षा दोहोऱ्याउने दर कक्षा १ देखि ५ | ८.७ | ९.५ | १४.७ | ४.२ | ३.५ | २.५ | २ | १ | ० |
| २८ | कक्षा दोहोऱ्याउने दर ६ देखि ८ | ५.२ | ६.३ | ४.४ | १.७ | १.५ | १ | ०.५ | ०.३ | ० |
| २९ | कक्षा दोहोऱ्याउने दर ९ देखि १० | २.२ | २.३ | ०.८ | ०.९ | ०.८ | ०.७ | ०.५ | ०.३ | ० |
| ३० | कक्षा ११-१२ मा कक्षा दोहोऱ्याउने | ०.८ | ०.५ | ७.२ | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| ३१ | कक्षा छाड्ने दर १ देखि ५ | ३.२ | ३.३ | ५.३ | २.२ | १.५ | १ | १ | ०.५ | ० |
| ३२ | कक्षा छाड्ने दर ६ देखि ८ | २.८ | २.९ | ३.७ | १.९ | १.८ | १ | ०.५ | ० | ० |
| ३३ | कक्षा छाड्ने दर ९ देखि १० | १.९ | २.१ | २.६ | १.७ | १.५ | १.३ | १ | ०.५ | ० |
| ३४ | कक्षा ११-१२ मा कक्षा | ०.९ | १.१ | ०.४ | १.९ | १.५ | १ | ०.७ | ०.५ | ० |

| क्र.सं | सूचक | राष्ट्रिय स्तर | लुम्बिनी प्रदेश | कपिलवस्तु जिल्ला | बाणगङ्गा नगरपालिका | पालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ |
| | छोड्ने दर | | | | | | | | | |
| ३५ | नयाँ भर्नादर कक्षा १ देखि ५ | ४.३ | ४.३ | ४.५ | ४.६ | ४ | ३.५ | २ | १.५ | ०.५ |
| ३६ | नयाँ भर्नादर कक्षा ६ देखि ८ | ३.८ | ३.६ | ५.७ | ३.७ | ३.२ | ३ | ३ | २.७ | २ |
| ३७ | नयाँ भर्नादर कक्षा ९ देखि १० | २.५ | २.५ | ४.६ | २.८ | २.७ | २ | १.५ | १.२ | १ |
| ३८ | नयाँ भर्नादर कक्षा ११ देखि १२ | ७.८ | ७.९ | ८.३ | ९.९ | ८.५ | ८ | ७.३ | ६.५ | ६ |
| ३९ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ३०:१ | | | २१:१ | २५:१ | ३०:१ | ३०:१ | ३०:१ | ३०:१ |
| ४० | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ३०:१ | | | ५७:१ | ५०:१ | ४५:१ | ४०:१ | ३०:१ | ३०:१ |
| ४१ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ४०:१ | | | ३९:१ | ३९:१ | ३०:१ | ३०:१ | ३०:१ | ३०:१ |
| ४२ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | ४१:१ | | | ७७:१ | ७७:१ | ६०:१ | ५०:१ | ४०:१ | ४०:१ |
| ४३ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | ४3.७ | | | ४७ | ४७ | ४८ | ४९ | ५० | ५१ |
| ४४ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | २०.६ | | | २२.८२ | २२.८२ | २३ | २४ | २५ | २६ |

***Source: CEHRD Flash report 2081* र शिक्षा युवा तथा खेलकुद शाखा, बाणगङ्गा नगरपालिका**

## सिकाइ उपलब्धि २०८०:

| क्र.सं. | सूचक | बाणगङ्गा नगरपालिका | पालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ |
| १ | कक्षा १ देखि ५ | ५३.७६ | ५६ | ५९ | ६२ | ६५ | ६८ |
| २ | कक्षा ६ देखि ८ | ५१.४१ | ५४.४१ | ५७ | ६० | ६३ | ६६ |
| ३ | कक्षा १ देखि ८ | ५२.८८ | ५५ | ५८ | ६१ | ६४ | ६७ |
| ४ | कक्षा ९ देखि १० | ५४.६४ | ५७ | ६० | ६३ | ६६ | ६९ |
| ५ | कक्षा ११ देखि १२ | ५४.१७ | ५६.१७ | ५८ | ६० | ६२ | ६४ |

***स्रोत: शिक्षा युवा तथा खेलकुद शाखा, बाणगङ्गा नगरपालिका***

# परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास शिक्षा

### ३.१.१ परिचय:

गर्भ अवस्था देखि ८ वर्ष सम्मको उमेरलाई प्रारम्भिक बालविकासको उमेर भन्ने गरिन्छ। बालबालिकाको मष्तिष्क २ वर्ष भित्र ८० प्रतिशत विकसित भई सक्ने र ५ वर्ष भित्र ९० प्रतिशत विकसित भएको हुन्छ भन्ने प्रमाणित तथ्य छ। मानव विकासको २ देखि ५ वर्षे बाल उमेरको सुरूवाती वर्ष भएको कारण ज्यादै महत्त्वपूर्ण मानिएको छ। यो उमेरका बालबालिकाको विकास अपेक्षित हुन नसकेमा पुर्ण मानवको परिकल्पना समेत अधुरो हुन्छ। ३ र ४ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि शिशु विकास केन्द्र र ४ वर्ष उमेर पुरा भएका बालबालिकालाई दिंईने शिक्षालाई बालशिक्षा तथा शिक्षा प्रदान गर्ने केन्द्रलाई बालविकास केन्द्र भनीनेछ भनी प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका २०६१ मा उल्लेख छ। यो उमेरमा बालबालिकाहरूले सामग्रीको प्रयोग गरेर खोज तथा अन्वेशण गरी ज्ञानेन्द्रियको उपयोगद्वारा सिक्ने गर्दछन् यसका लागि उनिहरूलाई सुरक्षित र उत्प्रेरणामूलक वातावरणको आवश्यकता पर्दछ। पोषणयुक्त खाना, स्वास्थ्य, सरसफाई, अन्तरक्रियात्मक वातावरण, वात्सल्यमय व्यवहार जस्ता तत्त्वहरूको आवश्यकता पर्ने यो उमेर जीवन विकासको पूर्वाधार र भविश्यको शैक्षिक सफलताको आधार हो। प्रारम्भिक वाल्य अवस्थामा प्राप्त हुने विविध अनुभव समस्या र चुनौतीहरूले उनीहरूको जीवन पर्यन्त हुने विकास र सिकाइमा प्रत्यक्ष प्रभाव पार्दछ।

European Commission -2014 ले यस समयलाई आधार वर्ष र सृजनात्मक अवस्था भनेर परिभाषित गरेको छ। त्यस्तै UNICEF 2014 ले यस उमेरका बालबालिकामा सिकाइ र विकाससँगसँगै हुने र यसै समय देखि नै संज्ञानात्मक, भावनात्मक, सामाजिक, शारीरिक रूपमा बालबालिकाहरू पुर्ण क्षमताका साथ राष्ट्रको विकासमा संलग्न रहन्छन साथै बालविकासको प्रारम्भिक उमेर देखिको सिकाइका लागि सकारात्मक हस्तक्षेपले बौद्धिक क्षमता र सामाजिक व्यवहारमा स्थायी प्रभाव पार्दछ भनी उल्लेख गरेको छ। Friedrier Frobel (1782-1852) ले पहिलो पटक सन १८३७ मा के.जी. शिक्षाको सैद्धान्तिक तथा व्यावहारिक रूपमा सफल प्रयोग गरेका थिए भने नेपालमा वि.स.२०५६ सालमा शिक्षा विभागले समुदायमा आधारित बालविकास कार्यक्रम शुरू भएको हो। नेपालको संविधान २०७२ को धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ भनी उल्लेख गर्दै संवैधानिक अधिकारका रूपमा बालविकास केन्द्रहरू विकास हुन थालेका छन। शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकासलाई विद्यालय शिक्षाको जगका रूपमा मान्यता दिएको छ। यधपि विद्यालय शिक्षा भित्र अझै बालविकासलाई समावेश गरिएको छैन। बालविकास निर्देशिका २०६१ का अनुसार बालविकासको मुख्य उद्देश्यहरू बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवम् भौतिक तथा सृजनात्मक पक्षको विकासमा सघाउँदै आधारभूत शिक्षका लागि बालबालिका तयार गरने भनी स्पष्ट उल्लेख छ। यस अर्थमा बालविकास शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने अक्षर तथा अङ्क चिनाउने कार्यमा भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिन्छ।

बाणगङ्गा नगरपालिका कपिलवस्तु भित्र ५२ वटा विद्यालयमा, ८ वटा समुदायमा आधारित र २६ वटा संस्थागत विद्यालयमा पूर्व प्राथमिक विद्यालयको रूपमा गरी जम्मा ८६ वटा केन्द्र रहेका छन्। कानुनी, मनोवैज्ञानिक र बालअधिकारलाई मध्यनजर गर्दै बाल शिक्षालाई विशेष प्राथमिकता दिन वान्छनीय भएकाले बाणगङ्गा नगरपालिकाको पञ्चवर्षीय शिक्षा योजनाको मुख्य अङ्गका रूपमा यस शिक्षालाई योजनामा समावेश गरिएको छ।

### ३.१.२ वर्तमान अवस्था:

बाणगङ्गा नगरपालिका भित्र रहेका जम्मा ८६ वटा बालविकास केन्द्रहरूले ५१६८ जना बालबालिकाहरूलाई सिकाइमा सहजीकरण गरेका छन्। जसमध्ये संस्थागत विद्यालयहरूमा रहेका २६ वटा बालविकास केन्द्र बाहेक सामुदायिक विद्यालय र समुदायमा आधारित बालविकास केन्द्रहरूमा ६० जना सहयोगी कार्यकर्ताहरू क्रियाशील रहेका छन।

बाणगङ्गा नगरपालिका भित्र बालविकास शिक्षाको कुल भर्नादर १४०.५र खुद भर्नादर ९६.३ रहेको छ। अधिकाशं बालविकास केन्द्रको भौतिक अवस्था सन्तोषजनक देखिए तापनि अपेक्षाकृत बालबालिकाको सिकाइ सहजीकरण हुने खालको पूर्वाधार भने विकास गर्नु आवश्यक देखिन्छ।

२०८१ को फ्लास रिपोर्ट अनुसार बालविकास शिक्षाको सूचक यसप्रकार रहेको छ।

**तालिका नं. १**

**बालविकास केन्द्र सुचकहरूको अवस्था**

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्नादर | १४०.५ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्नादर | ९६.३ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ८४.५ |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.७८ |

***स्रोत: CEHRD flash report 2080***

**तालिका नं.२**

**वडागत रूपमा बालविकास केन्द्रको विवरण**

| वडा नम्वर | बालविकास केन्द्र | | बालबालिकाको सङ्ख्या | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | सामुदायिक | | | संस्थागत | | | |
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | २ | ३ | १४९ | १५३ | ३०२ | ४८ | ८० | १२८ | ४३० |
| २ | ६ | ३ | ६१ | ८२ | १४३ | २३० | ३१८ | ५४५ | ६८८ |
| ३ | ३ | ० | ४९ | ५१ | १०० | ० | ० | ० | १०० |
| ४ | ३ | ४ | ८४ | ९६ | १८० | २१६ | ३०८ | ५२४ | ७०४ |
| ५ | ६ | २ | ४७ | ५५ | १०२ | १५१ | १५१ | ३०२ | ४०४ |
| ६ | ३ | २ | ६१ | ५९ | १२० | ७० | १०८ | १७८ | २९८ |
| ७ | ४ | ३ | ३९ | ३६ | ७५ | १२५ | १८४ | ३०९ | ३८४ |
| ८ | ७ | ४ | ९८ | १४० | २३८ | १८३ | १९४ | ३७६ | ६१४ |
| ९ | ८ | २ | ६८ | ६७ | १३५ | ६६ | ९३ | १५९ | २९४ |
| १० | ९ | ० | १५१ | १५० | ३०१ | ० | ० | ० | ३०१ |
| ११ | ९ | ३ | ९३ | ८१ | १७४ | २७९ | ४०७ | ६८६ | ८६० |
| जम्मा | ६० | २६ | ९०० | ९७० | १८७० | १३६८ | १८४३ | ३२०७ | ५०७७ |

***स्रोत: शिक्षा युवा तथा खेलकुद शाखा, बाणगङ्गा नगरपालिका***

**तालिका नं.३**

**बाणगङ्गा नगरपालिका को प्रारम्भिक बालविकासको अवस्था**

| सहजकर्ताको तालिमको अवस्था | | छुट्टै कोठाको व्यवस्था | | बसाई व्यवस्था | | | भित्ता सजावट | | सिकाइ सामग्री व्यवस्था | | | खेल सामग्री व्यवस्था | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लिएको सङ्ख्या | नलिएको सङ्ख्या | छ | छैन | खाली भुई | उपयुक्त फर्निचर सहित कार्पेटिङ | कार्पेटिङ मात्र | छ | छैन | राम्रो | ठीकै | हुँदै नभएको | Indoor outdoor दुबै | Indoor मात्र | outdoor मात्र | कुनै छैन | |
| ५० | १० | ५२ | ८ | ० | १२ | ४८ | ३८ | २२ | ११ | ४९ | | १९ | ३० | ३ | ८ | |

***स्रोत: शिक्षा युवा तथा खेलकुद शाखा, बाणगङ्गा नगरपालिका***

### ३.१.३ लक्ष्य:-

बालमैत्री बालविकास केन्द्रको उचित व्यवस्थापन गर्दै ४ वर्षका बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि बालबालिका तयार गराउने।

### ३.१.४ उद्देश्यहरू:-

१. चार वर्ष उमेर समूहका बालबालिकाको सर्वाङ्गीण विकासका लागि अभिभावकलाई सहयोग र सचेत गराउने,
२. प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमको माध्यमबाट बालबालिकामा आवश्यक क्षमता (शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक) को विकास गराई प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा एकमा भर्नाका लागि तयार गराउनु,
३. प्रारम्भिक बालविकास तथा शिक्षाको सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
४. बालविकास केन्द्रहरूका लागि राष्ट्रिय मापदण्डले निर्धारण गरेको भौतिक पूर्वाधार, व्यवस्थापन र कार्य सम्पादन स्तरको अवस्था पहिचान र विश्लेषण गर्ने,
५. सरसफाई र सुरक्षा सम्बन्धी बानी बसाल्न तथा सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने,

### ३.१.५ रणनीति:

१. पोषण तथा स्वास्थ्यको विषयमा अभिभावकलाई सचेत बनाउने,
२. नगर भित्रका ४ वर्षका सबै बालबालिकाको बालविकास सेवामा पहुँचको सुनिश्चितता गर्ने,
३. बालविकास केन्द्रको आवश्यक पूर्वाधार विकास गर्ने,
४. बालविकास सेवा केन्द्रमा सहजकार्यकर्ताले शिष्टाचार तथा सामाजिकीकरणका कुराहरू सिकाउने,
५. बालविकास केन्द्र सञ्चालन निर्देशिका तयार गरी केन्द्रमा पारदर्शिता तथा शुसासन कायम गर्ने
६. पोषणयुक्त दिवा खाजाको प्रभावकारी व्यवस्थापन गर्ने,
७. बालविकास केन्द्रको नक्साङ्कन गरी स्थानीय आवश्यकता अनुसार पुनः वितरण तथा नयाँ केन्द्रको स्थापना गर्ने,
८. बालमैत्री नमुना बालविकास केन्द्रको स्थापना गर्ने,
९. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने,

### ३.१.६ प्रमुख उपलब्धि तथा नतिजा

***उपलब्धि***

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने,
२. प्रारम्भिक बालविकासमा खुद भर्नादर शतप्रतिशत पुगेको हुने,

***नतिजा तथा परिमाणात्मक लक्ष्य:***

सामुदायिक बालविकास केन्द्दहरूका प्रभावकारीतालाइ अभिवृद्धि गर्दै गुणस्तर कायम गर्न उल्लेखित सूचकहरूको अगामि ५ वर्षमा तपसिल अनुसार लक्ष्य निर्धारण गरिएको छ।

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | सङ्ख्या | १८७० | १९५० | २००० | २०५० | २१०० |
| २ | न्यूनतम् मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | सङ्ख्या | ३५ | ४० | ४५ | ५० | ६० |

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने | प्रतिशत | ८४.५ | ८५ | ८७ | ८९ | ९२ |
| ५ | भौगोलिक दुरी रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई समेट्न आवश्यकतामा आधारित जस्तैः टोलमा आधारित, समुदायमा आधारित, तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने। | सङ्ख्या | ८ | ९ | ९ | १० | १० |
| ६ | प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था , धार्मिक संस्था र विद्यालयहरू जिम्मेवार भएको हुने। | सङ्ख्या | ६० | ६१ | ६१ | ६२ | ६२ |

### ३.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | बालविकास केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण | पटक | ० | १ | ० | १ | ० | २ |
| २ | भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | बालविकास केन्द्रको सबलीकरण | सङ्ख्या | ४ | ११ | १५ | १५ | १७ | ६२ |
| ४ | शिक्षक/सहयोगी कार्यकर्ता क्षमता विकास | जना | २० | ३० | ४० | ५० | ६० | २०० |
| ५ | अपाङ्गता भएका बालबालिकाका लागि वैयक्तिक परिवार सेवा योजना | पटक | ० | ५ | ५ | ५ | ५ | २० |
| ६ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | पटक (दिन प्रति विद्यार्थी) | १८० | १८० | १८० | १८० | १८० | ९०० |
| ७ | सिकाइका ६ कुना निर्माण तथा व्यवस्थापन | सङ्ख्या | २० | २० | २० | २० | २० | १०० |
| ८ | खेल सामग्री (भित्रि/बाहिरी) | सङ्ख्या | २५ | २५ | १० | १० | १५ | ८५ |
| ९ | बालविकास केन्द्रको अनुगमन तथा पृष्ठपोषण | पटक (वार्षिक) | ३ | ३ | ३ | ३ | ३ | १५ |

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १० | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम् मापदण्डको प्रवोधीकरण | सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ | १२५ |
| ११ | छापामय कक्षा कोठा व्यवस्थापन | सङ्ख्या | ३२ | १० | १० | ८ | २ | ६२ |
| १२ | बालविकास शिक्षकको पारिश्रमिक व्यवस्थापन | सङ्ख्या | ६० | ६० | ६० | ६२ | ६२ | ३०४ |
| १३ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने (संस्थागत समेत) | सङ्ख्या | ५१६८ | सबै | सबै | सबै | सबै | सबै |
| १४ | नमुना बालविकास स्थापना | सङ्ख्या | ० | ६ | ८ | ८ | ८ | ३० |
| १५ | पुरस्कार | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| १६ | अभिभावक शिक्षा कार्यक्रम सन्चालन | पटक | ० | १ | १ | १ | १ | ४ |
| १७ | बालविकास केन्द्र निर्देशका निर्माण | पटक | ० | १ | ० | ० | ० | १ |
| १८ | प्रारम्भिक बालविकास तथा शिक्षामा सरोकारवालाहरूको सहभागिता | पटक | ० | १ | १ | १ | १ | ४ |

## ३.२ आधारभूत शिक्षाः

### ३.२.१ परिचय

नेपालको विद्यालय शिक्षाको वर्तमान संरचना अनुसार कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत तह मानिएको छ। यस तहको शिक्षाको मूल उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्द्धन गर्ने,अधिकार र कर्तव्यको पालना सहित स्वतन्त्रताको सम्मान गर्ने सामाजिक र प्राकृतिक वातावरण प्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने रहेको छ।

नेपालको संविधानले आधरभुत शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ। यस तहको शिक्षाले व्यक्ति समाज र राष्ट्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने भएकोले संविधानत: यसलाई अनिवार्य तथा निशुल्क शिक्षाको रूपमा राखिएको छ। राष्ट्रिय पाठयक्रम २०६३ ले आधारभूत तहको शैक्षिक संरचना निर्धारण एवम् पाठयक्रममा समावेश गर्ने व्यवस्था गरेको थियो यसरी नै सबैका लागि शिक्षा कार्यक्रम (२०००-२०१५) सहस्राब्दी विकास लक्ष्य दिगो विकासका लक्ष्यहरू मानव अधिकार सम्बन्धी विश्वप्यापी घोषणा पत्रको धारा २६ र शिक्षा ऐन २०२८ मा समेत यो तहको शिक्षा अनिवार्य र निशुल्क हुनेछ भनी उल्लेख गरिएको छ। विद्यालय क्षेत्र सुधार योजना ( २०६६-२०७२) ले साविकको कक्षा १ देखि कक्षा ५ सम्मको निम्नमाध्यमिक

शिक्षा लाई समावेश गरी कक्षा १ देखि कक्षा ८ सम्मको विद्यालय शिक्षा लाई पुनसंरचना गरी आधारभूत तह भनी परिभाषित गरिएको थियो।

गुणस्तरीय आधारभूत शिक्षाले गरीबी हटाउन व्यक्तिको जीवनस्तरमा सुधार ल्याउन तथा समाज र राष्ट्रलाई विकासको पथमा अगाडि बढन सहयोग पुऱ्याउने कुरा विभिन्न अध्ययन प्रतिवेदनले देखाएका छन।

### ३.२.२ वर्तमान अवस्था

बाणगङ्गा नगरपालिका भित्र कक्षा १ देखि कक्षा ५ सम्म सञ्चालित सामुदायिक विद्यालयहरू जम्मा १८ वटा र कक्षा १ देखि कक्षा ८ सम्म सञ्चालित जम्मा १५ वटा गरी आधारभूत विद्यालयहरूको सङ्ख्या जम्मा ३३ वटा रहेका छन्। त्यस्तै माध्यमिक तह सञ्चालित १६ वटा विद्यालयहरूले समेत आधारभूत तहको शिक्षा प्रदान गरिरहेका छन्। हाल सम्म संस्थागत २६ वटा विद्यालयहरूले आधारभूत तहका कक्षाहरू सञ्चालन गरिरहेका छन। शैक्षिक सत्र २०८१ मा सामुदायिक तथा संस्थागत गरी कक्षा १ देखि कक्षा ५ सम्म अध्ययनरत छात्राको सङ्ख्या ४९२४ जना र छात्रको सङ्ख्या ६०५५ जना गरी जम्मा १०९८९ जना रहेका छन् भने कक्षा ६ देखि ८ सम्म जम्मा छात्राको सङ्ख्या २७३२ र छात्रको सङ्ख्या ३२६९ गरी कुल विद्यार्थीको सङ्ख्या ६०५२ जना रहेको छ।

**यस पालिकाको आधारभूत शिक्षाको तथ्याङ्क निम्न अनुसार रहेको छ :**

**तालिका नं ४**

**आधारभूत तहको सुचकको अवस्था**

| क्र. स | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको खुद प्रवेशदर | ९६ |
| २ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको कुल प्रवेशदर | १२०.० |
| ३ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्नादर | ९५.६ |
| ४ | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्नादर | १२५.३ |
| ५ | आधारभूत तह कक्षा १–५ मा कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.८३ |
| ६ | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्नादर | ९५.८ |
| ७ | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्नादर | १२७.१ |
| ८ | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउदर | ८७.४ |
| ९ | आधारभूत तह (कक्षा १–८) मा कुल भर्नादरमा लैङ्गिक समता सूचक | ०.९३ |
| १० | कक्षा चढ्ने दर १ देखि ५ | ८९.० |
| ११ | कक्षा चढ्ने दर ६ देखि ८ | ९२.७ |
| १२ | कक्षा दोहोऱ्याउने दर कक्षा १ देखि ५ | ४.२ |
| १३ | कक्षा दोहोऱ्याउने दर कक्षा ६ देखि ८ | १.७ |
| १४ | कक्षा छाड्ने दर कक्षा १ देखि ५ | २.२ |
| १५ | कक्षा छाड्ने दर कक्षा ६ देखि ८ | १.९ |
| १६ | नयाँ भर्नादर कक्षा १ देखि ५ | ४.६ |
| १७ | नयाँ भर्नादर कक्षा ६ देखि ८ | ३.७ |
| १८ | बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना भएका बालबालिकाको प्रतिशत | ८४.५ |
| १९ | आधारभूत तहको सिकाइ उपलब्धि (कक्षा ८ ) **GPA** | २.६५ |
| २० | विद्यालय विद्यार्थी अनुपात ( सामुदायिक) | ३०९ |
| २१ | शिक्षक विद्यार्थी अनुपात ( सामुदायिक) | ३९ |

***स्रोत: CEHRD flash report 2080***

## तालिका नं ५
## कक्षा १ देखि ३ सम्मको सिकाइ उपलब्धि २०८०

| कक्षा | नेपाली | | | अङ्ग्रेजी | | | गणित | | | हाम्रो सेरोफेरो | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ५९.३० | ५६.६३ | ५७.९३ | ५९.६६ | ५७.९७ | ५८.७९ | ५८.८३ | ५७.६७ | ५८.२३ | ५९.२७ | ५५.९१ | ५७.५६ |
| २ | ५७.५९ | ६०.२३ | ५८.८८ | ५७.३६ | ६०.४३ | ५८.८७ | ५७.०० | ६०.१७ | ५८.५५ | ५६.४० | ६०.१६ | ५८.२३ |
| ३ | ६१.९५ | ६०.५७ | ६१.२३ | ६०.९० | ५९.५० | ६०.१७ | ५९.९१ | ५८.४६ | ५९.१७ | ६१.७५ | ५९.४२ | ६०.५६ |
| **१-३** | **५९.६१** | **५९.१४** | **५९.३५** | **५९.३१** | **५९.३०** | **५९.२८** | **५८.५८** | **५८.७७** | **५८.६५** | **५९.१४** | **५८.५०** | **५८.७८** |

## तालिका नं ६
## कक्षा ४ देखि ५ सम्मको सिकाइ उपलब्धि २०८०

| कक्षा | नेपाली | | | अङ्ग्रेजी | | | गणित | | | विज्ञान तथा प्रविधि | | | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ४ | ६५.३६ | ६८.११ | ६६.७१ | ६४.७० | ६७.१० | ६५.८७ | ६३.६६ | ६६.२२ | ६४.९२ | ६४.२० | ६७.१२ | ६५.६३ | ६३.४९ | ६६.५१ | ६४.९७ |
| ५ | ७०.७१ | ६९.८८ | ७०.२७ | ६८.२० | ६८.४४ | ६८.३० | ६७.३१ | ६६.३९ | ६६.८१ | ६७.२५ | ६७.५९ | ६७.३९ | ६७.०५ | ६६.०३ | ६६.५२ |
| **४-५** | **६८.०४** | **६८.९९** | **६८.४९** | **६६.४५** | **६७.७७** | **६७.०८** | **६५.४९** | **६६.३१** | **६५.८६** | **६५.७२** | **६७.३५** | **६६.५१** | **६५.२७** | **६६.२७** | **६५.७४** |

## तालिका नं ७
## कक्षा ६ देखि ८ सम्मको सिकाइ उपलब्धि २०८०

| कक्षा | नेपाली | | | अङ्ग्रेजी | | | गणित | | | विज्ञान तथा प्रविधि | | | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ६ | ७०.३१ | ६६.९९ | ६८.६२ | ६३.४४ | ६१.७६ | ६२.५९ | ६१.११ | ५८.९७ | ६०.०२ | ६३.३५ | ५८.८५ | ६१.०९ | ६१.३१ | ५७.९८ | ५९.६२ |
| ७ | ६९.४१ | ६७.५१ | ६८.४२ | ६७.९५ | ६७.१७ | ६७.५३ | ६५.६५ | ६५.१६ | ६५.३७ | ६७.३४ | ६३.२८ | ६५.३० | ६५.९३ | ६१.०८ | ६३.४७ |
| ८ | ६९.४५ | ७१.०८ | ७०.२४ | ७०.११ | ७३.८५ | ७१.९५ | ६७.७६ | ७१.०६ | ६९.३९ | ७२.७१ | ७५.३२ | ७४.०० | ६९.९९ | ७१.९४ | ७०.९४ |
| **६-८** | **६९.७२** | **६८.५३** | **६९.०९** | **६७.१७** | **६७.५९** | **६७.३६** | **६४.८४** | **६५.०६** | **६४.९३** | **६७.८०** | **६५.८२** | **६६.७९** | **६५.७४** | **६३.६७** | **६४.६७** |

**स्रोत:** ***IEMIS , 2080***

### ३.२.३ लक्ष्य:

आधारभूत तहको शिक्षामा पहुँच, नि:शुल्क तथा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्दै असल अभ्यासहरूको पहिचान  तथा अनुशरणबाट माध्यमिक तहको शिक्षाका लागि जनशक्ति तयार गर्ने ।

### ३.२.४ उद्देश्यहरू

१. आधारभूत तहसम्म सञ्चालित विद्यालयहरूको आवश्यक पक्षको व्यवस्थापनका लागि स्रोतहरूको प्रबन्ध गर्दै अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्नु,
२. अनिवार्य तथा निशुल्क शिक्षाको लागि दिवा खाजा छात्रवृत्ति र अभिभावक सचेतीकरण अभियान विस्तार गर्नु,
३. राष्ट्रिय पाठयक्रमले निर्धारण गरेको पठन तथा बोध सीप मापदण्ड पुरा गर्ने,
४. गुणस्तरीय आधारभूत शिक्षामा पालिका भित्रका सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नु,
५. विद्यालय शिक्षाको व्यवस्थापकीय पक्षमा सुधार गर्दै सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित बनाउने,

### ३.२.५ रणनीतिहरू

१. पाठयपुस्तक जनशक्ति व्यवस्थापन शिक्षण विधि खेलकुद सामग्री सुरक्षित र समावेशी कक्षाकोठा निर्माण र व्यवस्थापन गर्न मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याईनेछ,
२. राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रमको न्यूनतम् प्याकेज कार्यान्वयनमा ल्याईनेछ,
३. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको सुनिश्चितता तथा सबैको अनिवार्य सहभागिता हुने कानुनी व्यवस्था गरी स्थानीय तहबाट प्रदान गर्ने सेवा सुविधासँग समन्वय हुने व्यवस्था मिलाईनेछ,
४. शैक्षिक सत्रको सुरूमा अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन गरी सबैको सहभागितामा अनिवार्य तथा निशुल्क शिक्षाको सुनिश्चितता हुने वातावरण सिर्जना गरिनेछ,
५. विद्यालयमा बालमैत्री, प्रविधिमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिनेछ,
६. सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम् सक्षमता पूरा गरिनेछ,
७. शिक्षकको पेशागत विकास तथा पेशागत सहयोगको सुनिश्चितता गरिनेछ,

### ३.२.६ आधारभूत शिक्षाका मुख्य समस्या र चुनौतीहरू:

१. अनिवार्य र निशुल्क आधारभूत शिक्षाको सुनिश्चितता नहुनु,
२. आधारभूत तहका माथिल्ला कक्षाहरूमा विद्यालय छाड्ने दर उच्च हुनु,
३. अभिभावकमा सार्वजनिक विद्यालय शिक्षाप्रतिको चासो र सहभागितामा कमि हुनु,
४. अभिभावकहरू  संस्थागत विद्यालय प्रति आकर्षण हुँदै जानु,
५. विद्यार्थी सङ्ख्या र विषयको आधारमा  शिक्षक व्यवस्थापन नहुनु,
६. विद्यालयहरूमा आवश्यकता अनुरूपको भौतिक पूर्वाधार पुरा नहुनु,
७. शिक्षकहरू प्रविधि मैत्री शिक्षण सिकाइका लागि तयार  नहुनु,
८. प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास तथा प्रयोगको अवस्था सिर्जना नहुनु,
९. शिक्षकलाई शिक्षण सिकाइका लागि उपयुक्त परामर्श तथा सहयोग गर्ने पद्धति विकास हुन नसक्नु,
१०. विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि अत्यावश्यक भान्सा तथा स्टोर कोठाको उपलब्धता नहुनु,
११. विद्यालयमा प्राथमिक उपचार सम्बन्धी किटको व्यवस्था तथा त्यसको प्रयोग भएको अवस्था नहुनु साथै सेनिटरी प्याडको उचित व्यवस्थापन नहुनु,
१२. विद्यालयका बालबालिकाहरूका लागि आधारभूत स्वास्थ्य परीक्षणका लागि जनशक्तिको अभाव हुन,

१३. सिकाइ अवस्था कमजोर भएका बालबालिकाहरूका लागि उपचारात्मक सिकाइको प्रबन्ध गरी सिकाइ सुधारका कार्यक्रमहरू सञ्चालन नहुनु,
१४. सबै विद्यालयमा पुस्तकालय तथा सिकाइ कुनाको प्रबन्ध नहुनु, भएका विद्यालयहरूमा प्रयोग नहुनु
१५. विद्यालयलाई विपद उत्थानशील बनाउन नसक्नु

**चुनौतीहरु:**

१. सबै बालबालिकाको आधारभूत तहको अनिवार्य र निशुल्क शिक्षाको पहुँच सुनिश्चित गर्न,
२. आधारभूत तहको शिक्षालाई गुणस्तरीय, प्रविधिमैत्री र अपाङ्गमैत्री बनाउन,
३. आधारभूत तहमा टिकाइ दर वृद्धि गर्न,
४. नक्साङ्कन तथा जनसङ्ख्याको आधारमा विद्यालयको पुनव्यवस्थापन गर्न,
५. विषय तथा विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी मिलान गर्न,
६. विद्यालय सुशासनको प्रत्याभूति दिन,

## ३.२.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- अनिवार्य तथा निः शुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गरी शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चितता हुनेछ,
- विद्यार्थीहरूको औषत सिकाइ उपलब्धिलाई वृद्धि हुनेछ,
- विद्यालयहरू भौतिक, शैक्षिक, व्यवस्थापकीय वातावरणमा सुधार गर्दै बालमैत्री, अपाङ्गमैत्री, समावेशी, प्रविधिमैत्री जवाफदेही तथा सुरक्षित हुनेछन्,

## ३.२.८ प्रमुख उपलब्धि तथा नतिजा

**क) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं | नतिजाको सूचक | एकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने। (सामुदायिक) | सङ्ख्या | ८९१३ | ९०६० | १०२०० | ११२०० | १२४२५ | |
| २ | सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा हुने | विद्यालय | ४४ | ४९ | ४९ | ४९ | ४९ | |
| ३ | न्यूनतम् भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई | विद्यालय | ४४ | ४५ | ४६ | ४७ | ४९ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने | | | | | | | |
| ४ | आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाको सिकाइ उपलब्धि । | GPA | २.६५ | २.८ | २.९ | ३.० | ३.२ | |
| ५ | विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने | विद्यालय | ३५ | ४० | ४५ | ४९ | ४९ | |
| ६ | विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने | विद्यालय | ३० | ३५ | ४० | ४५ | ४९ | |
| ७ | शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने | विद्यालय | ४७ | ४८ | ४९ | ४९ | ४९ | |

### ३.२.९ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १. | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | ० | १ | ० | १ | २ |
| २. | मापदण्ड अनुसार शिक्षक व्यवस्था (दरबन्दी मिलान) | जना | ० | ० | १ | ० | १ | २ |
| ३. | सबै बालबालिकालाई विद्यालय भर्ना | जना | विद्यालय उमेर समूहका सबै | विद्यालय उमेर समूहका सबै | विद्यालय उमेर समूहका सबै | विद्यालय उमेर समूहका सबै | विद्यालय उमेर समूहका सबै | विद्यालय उमेर समूहका सबै |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| ४. | बालबालिकाहरूका लागि पाठ्यपुस्तक तथा पठन सामग्री व्यवस्था | विद्यालय | ४९ | ४९ | ४९ | ४९ | ४९ | ४९ |
| ५. | प्रारम्भिक कक्षा सिकाइ सम्बन्धी कार्यक्रम | जना | | ७५ | ७५ | ७५ | ७५ | ३०० |
| ६. | विद्यालयको न्यूनतम् भौतिक पूर्वाधार विकास | कोठा | १२ | २० | २० | १२ | १२ | ७६ |
| ७. | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८. | शिक्षक क्षमता विकास | जना | १०० | १५० | १७५ | १५० | १७५ | ७५० |
| ९. | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | सङ्ख्या | सबै विद्यालय (०-५) | सबै विद्यालय (०-६) | सबै विद्यालय (०-७) | सबै विद्यालय (०-८) | सबै विद्यालय (०-८) | सबै विद्यालय (०-८) |
| १०. | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | जना | परिचय पत्र भएका सबै | परिचय पत्र भएका सबै | परिचय पत्र भएका सबै | परिचय पत्र भएका सबै | परिचय पत्र भएका सबै | परिचय पत्र भएका सबै |
| ११. | विपन्नका लागि ड्रेस, स्टेसनरी तथा छात्रवृत्ति | जना | २० | ३० | ४० | ५० | ६० | २०० |
| १२. | शैक्षिक सामग्री व्यवस्थापन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| १३. | कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| १४. | आवधिक परीक्षा प्रणाली | पटक | ४ | ४ | ४ | ४ | ४ | २० |
| १५. | शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) स्थापना | पटक | २ | २ | २ | २ | २ | १० |
| १६. | वि.व्य.स., शि.अ.सं.का पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| १७. | अभिभावक अभिमुखीकरण र | पटक | ० | २ | २ | २ | २ | ८ |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| | सहभागिता | | | | | | | |
| १८. | हरित विद्यालय निर्माण कार्यक्रम | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |
| १९. | आधारभूत तह निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन सम्बन्धी निर्देशिका निर्माण | पटक | ० | ० | ० | १ | ० | |
| २०. | बालमैत्री कक्षा कोठा व्यवस्थापन | सङ्ख्या | ० | ५ | १० | १० | १० | ३५ |
| २१. | नगर शिक्षा पार्श्व चित्र निर्माण तथा परिमार्जन | पटक | ० | १ | १ | १ | १ | |
| २२. | प्रारम्भिक कक्षा EGMA/ EGRA मूल्याङ्कन | पटक | ० | १ | १ | १ | १ | |
| २३. | सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAl) कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २४. | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | सङ्ख्या | | | | | | |
| २५. | बृहत विद्यालय सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

विद्यार्थीहरूमा अन्तरनिहित प्रतिभाको प्रस्फुटन गराई सिकाइ र वास्तविक जीवन बीच सम्बन्ध स्थापित गर्दै सिद्धान्त र व्यवहारमा समन्वय ल्याउदै तथा स्व परावर्तित हुँदै ज्ञान सीप र क्षमतालाई अध्यावधिक गर्ने सक्षमता विकास गराउने शिक्षा माध्यमिक शिक्षा हो । माध्यमिक शिक्षाले अधिकार स्वतन्त्रता र समानताको प्रवर्द्धन गर्दै आफ्नो कर्तव्य प्रति सचेत हुने स्वस्थ जीवन शैलिको अभ्यास गर्ने तार्किक विश्लेषणद्वारा निर्णयमा पुग्ने व्यक्तित्व निर्माण गर्ने प्रयास गर्दछ । व्यक्तिमा नैतिक आचरण, सामाजिक सदभाव, पर्यावरणीय सन्तुलन, दिगो विकास, द्वन्द्व व्यवस्थापन, सामाजिक परम्परा र संस्कृति प्रतिको अपनत्व ग्रहण गर्दै स्वावलम्वी र व्यवसायमुखी चरित्र निर्माणको अपेक्षा माध्यमिक शिक्षाले लिएको हुन्छ । शिक्षा ऐन, २०२८ (संशोधन २०७४ सहित) ले विद्यालय शिक्षाको पुनसंरचना गर्दै कक्षा ९-१२ को शिक्षालाई माध्यमिक शिक्षा भनी किटान गरेको छ । नेपालको

संविधान २०७२ को धारा ३१ को उपधारा २ ले माध्यमिक तह सम्मको शिक्षा निशुल्क रहने उल्लेख गरेको छ। आधारभूत तहको अन्तिम कक्षा ८ परीक्षा उतीर्ण पश्चात विद्यार्थीको रूची क्षमता र आवश्यकताका आधारमा साधारण वा प्राविधिक गरी दुई धारका माध्यमिक शिक्षाका ढोकाहरू पाठयक्रमले उजागर गर्दै माध्यमिक शिक्षालाई जीवनोपयोगी, उत्पादनमुलक, प्रविधिमैत्री, सीपमुलक र व्यावहारिक बनाउने प्रयास गरेको पाईन्छ।

माध्यमिक शिक्षा पाठयक्रमले विषयगत सक्षमतालाई जोड दिँदै एकल पथीय पाठयक्रमको नीति अवलम्बन गरेको छ। कक्षा ९ र १० मा प्रत्येक विषयको ३२ पाठयघन्टा हुने गरी ७०० पूर्णाङ्क र कक्षा ११र १२ मा २७-३२ पाठ्यघन्टाको विविध विषयहरू समावेश गरिएको छ। पाठ्यक्रम अनुसार माध्यमिक शिक्षाले मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको संरक्षण तथा प्रवर्द्धनका लागि सचेत नागरिकको जिम्मेवारी बहन गर्न सक्ने विविधता सदभाव र सह-अस्तित्वलाई आत्मसात गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भुमिका निर्माण गर्न सक्ने दैनिक जीवनमा भाषिक एवम् सञ्चारका साथै गणितिय सिपको प्रयोग गर्न सक्ने र श्रम प्रति सम्मान गर्दै सकारात्मक व्यवहारद्वारा श्रम बजारमा पस्ने, बिक्ने र टिक्ने नागरिक तयार गर्ने उद्देश्य लिएको छ। कक्षा १० को अन्तिम परीक्षालाई SEE परीक्षा नामकरण गरी प्रदेश स्तरबाट र कक्षा १२ को अन्तिम परीक्षालाई SLC नामकरण गर्दै राष्ट्रिय परीक्षा बोर्डबाट राष्ट्रिय स्तरमा नै एकरूपता हुने गरी मूल्याङ्कन एवम् स्तर निर्धारण गर्ने प्रावधान छ।

माध्यमिक तहको शिक्षालाई प्रविधिमैत्री, सीपमुलक, नि:शुल्क र वालमैत्री बनाउने नीति रहेता पनि कार्यान्वयनको सन्दर्भमा केही जटिलताहरू देखिएका छन्।

### ३.३.२ वर्तमान अवस्था

यस नगरपालिका भित्र रहेका ७५ विद्यालयहरू मध्ये सामुदायिक तर्फ माध्यमिक कक्षा १–१० सञ्चालित ४ र कक्षा १–१२ सञ्चालित १२ वटा विद्यालयहरू रहेका छन्। त्यसै गरी संस्थागत विद्यालय तर्फ माध्यमिक कक्षा १–१० सञ्चालित १२ र कक्षा १-१२ सम्म सञ्चालित विद्यालय ५ वटा छन्। सामुदायिक विद्यालयहरू मध्ये २ वटा विद्यालयहरूले प्राविधिक धार तर्फको शिक्षा सञ्चालनमा ल्याएका छन्। माध्यमिक तहमा अध्ययन गर्ने कुल विद्यार्थीहरूको सङ्ख्या जम्मा ५७०९ जना रहेको छ। नगरपालिका भित्रको SEE तथा SLC को नतिजा जिल्ला भित्रका अन्य पालिकाको तुलनामा उच्च छ। सरोकारवाला निकायहरूको क्रियाशीलता बढाउन सके माध्यमिक शिक्षाको हबको रूपमा पालिकालाई विकास गर्न सकिने देखिन्छ।

विपन्न समुदायका बालबालिकाहरू घरायसी कामका कारण विद्यालय भर्ना भए पनि अनियमित हुने गरेका छन । यी सबाललाई सम्बोधन गर्न सके विद्यालयको सिकाइ उपलब्धि अझ बढाउन सकिन्छ। केही माध्यमिक विद्यालयहरूमा विषयगत शिक्षक दरबन्दी नहुँदा समेत सिकाइ उपलब्धिलाई प्रभाव पारेको देखिन्छ त्यसैले विद्यालहरूलाई कक्षा थप अनुमति दिदा मौजुदा भौतिक संरचनाको आधारमा मात्र नभई दरबन्दी सहितको अनुमति प्रदान गर्नुपर्ने देखिन्छ। माध्यमिक तहमा कक्षा १२ सम्मको अनिवार्य विषयका पाठ्यपुस्तक पालिकामार्फत निःशुल्क रूपमा उपलब्ध गराईएको छ । विद्यार्थी सङ्ख्या, सञ्चालित कक्षा, विषयगतरूपमा शिक्षक उपलब्धता तथा मिलान र विद्यालय सञ्चालनका लागि स्रोतको प्रबन्ध हुन नसक्दा निःशुल्क माध्यमिक शिक्षा उपलब्ध गराउन नसकिएको अवस्था छ । सबै माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला, आइसिटि ल्याब र वाचनालय सहितको पुस्तकालयको अवस्था सुधार गर्नुपर्ने रहेको छ।

**तालिका नं ८**

**माध्यमिक तहको सुचकको अवस्था**

| क्र.स | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्नादर | ७६.८ |
| २ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्नादर | १०८.३ |
| ३ | माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्नादरमा लैङ्गिक समता सूचक | ०.९० |

| क्र.स | सूचक | हालको अवस्था |
|---|---|---|
| ४ | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्नादर | ४२.४ |
| ५ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्नादर | ७६.५ |
| ६ | माध्यमिक तह (कक्षा ११–१२) मा कुल भर्नादरमा लैङ्गिक समता सूचक | १.०२ |
| ७ | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्नादर | ५९.१ |
| ८ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्नादर | ९१.९ |
| ९ | माध्यमिक तहको कक्षा ९–१२ मा कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९५ |
| १० | कक्षा चढ्ने दर ९ देखि १० | ९४.६ |
| ११ | कक्षा चढ्ने दर ११ देखि १२ | ८८.२ |
| १२ | कक्षा दोहोऱ्याउने दर कक्षा ९ देखि १० | ०.९ |
| १३ | कक्षा दोहोऱ्याउने दर कक्षा ११ देखि १२ | ०.० |
| १४ | कक्षा छाड्ने दर कक्षा ९ देखि १० | १.६ |
| १५ | कक्षा छाड्ने दर कक्षा ११ देखि १२ | १.५ |
| १६ | नयाँ भर्नादर कक्षा ९ देखि १० | २.८ |
| १७ | नयाँ भर्नादर कक्षा ११ देखि १२ | ९.९ |

**स्रोत:** CEHRD flash report 2080

### ३.३.३ लक्ष्य:

प्रजातान्त्रीक मूल्य मान्यता तथा मानव अधिकारलाई संस्कारका रूपमा ग्रहण गर्दै श्रम प्रति निष्ठावान्, सामाजिक भावनाले उत्प्रेरित, मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मान्यताको ज्ञान, सीप तथा दृष्टिकोण विस्तार गरी मध्यम स्तरको जनशक्ति उत्पादन गर्ने ।

### ३.३.४ उद्देश्य:

१. माध्यमिक तहको शिक्षण पद्धतिलाई व्यावहारिक, अनुसन्धानमूलक, सिकारूमैत्री तथा भय रहित बनाउँदै विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गरी प्रतिस्पर्धी तथा उच्च शिक्षा हासिल गर्न योग्य बनाउने,
२. आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई सिपमुलक, प्रविधियुक्त र गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने,
३. माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिताको सुनिश्चित गर्ने,
४. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण, बालमैत्री, प्रविधिमैत्री, समावेशी र सुरक्षित बनाउने,
५. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने,
६. प्रशासकिय र व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने,

### ३.३.५ रणनीति:

१. माध्यमिक शिक्षाका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार विकास गरी प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गरिनेछ।
२. प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालनका लागि आवश्यक प्रबन्ध गरिनेछ।
३. विद्यार्थी सङ्ख्या र दुरीका आधारमा विद्यालय नक्साङ्कन गरी विस्तार वा एकीकरण गरिनेछ।
४. विद्यार्थीको आवश्यकता तथा सबैको पहुँच हुने गरी निशुल्क माध्यमिक शिक्षा सञ्चालनको व्यवस्था मिलाईनेछ।
५. सबै विद्यालयमा न्यूनतम् सिकाइ वातावरण सुनिश्चित गरिनेछ।
६. माध्यमिक तहमा वियषगत दक्ष शिक्षकको व्यवस्था गरिनेछ।
७. शिक्षकहरूको पेसागत विकास तथा सहयोगको व्यवस्था मिलाईने छ।
८. आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गरिनेछ।
९. विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न आवश्यक पूर्वाधार सहितको व्यवस्था गरिनेछ।
१०. हरेक विद्यालयलाई सूचना प्रविधि मैत्री बनाउँदै शिक्षण सिकाइ पद्धतिमा सुधार गरिनेछ।
११. शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
१२. अति गरिब र समावेशीता आधारमा समायानुकूल छात्रवृत्तिको व्यवस्था गरिनेछ।
१३. सङ्घीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी माध्यमिक विद्यालयको क्षमता विकास गरिनेछ।
१४. सिकाइ उपलब्धि कम भएका विद्यार्थी पहिचान गरी अतिरिक्त कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।
१५. गरेर सिक्ने ( learning by doing ) को मान्यतालाई प्रयोगमा ल्याइनेछ।
१६. सूचना प्रविधिको अधिकतम् उपयोग गर्दै स्टिम (STEM) को अवधारणा अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्ने रणनीति बनाइनेछ।
१७. गणित, विज्ञान र अङ्ग्रेजी विषयहरूलाई दैनिक जीवनसँग जोडेर विद्यार्थी, अभिभावक र शिक्षकमा सहज अनुभूति हुने गरी वातावरण तयार गरिनेछ।
१८. विद्यालय व्यवस्थापन र प्रशासनिक कार्य चुस्त दुरूस्त राख्न यातायातका साधनको व्यवस्था गरिनेछ, छुट्टै प्रशासनिक नेतृत्वमा थप सुविधा सहित विद्यालयको दैनिक कामकाज सञ्चालनमा जोड दिइनेछ।
१९. विद्यालयमा सुरक्षा गार्डको व्यवस्थापनमा जोड दिइनेछ।
२०. विद्यालय अनुगमन, कक्षा अवलोकन, सुपरिवेक्षण र शिक्षक सहायता जस्ता कार्यलाई प्रभाकारी बनाइनेछ।
२१. विद्यालय सुधार योजना, शैक्षणिक योजना, वार्षिक कार्यतालिका निर्माण र प्रयोग जस्ता विषयमा क्षमता अभिवृद्धि गरी शिक्षकको कार्यसम्पादन, कार्य प्रभावकारिता र जवाफदेहितामा वृद्धि गरिनेछ।
२२. प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनमा विद्यार्थी तथा शिक्षकलाई पूर्व तयारी भई विपदमा सहयोगका लागि तयारी हुन जोड दिइनेछ।
२३. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गर्न नियमित स्वास्थ्य परीक्षणका साथै जङ्क फुडको प्रयोगलाई निषेध गरी अर्गानिक खाद्य पदार्थको प्रयोगमा जोड दिइनेछ।

### ३.३.६ समस्या र चुनौतीहरू

१. विद्यार्थीको अनुपात एवम् विषयगत आधारमा शिक्षक दरबन्दीको अभाव हुनु,
२. व्यवस्थित तथा आवश्यक सामग्री सहितको विज्ञान प्रयोगशालाको अभाव हुनु,
३. गुणस्तरीय शिक्षाका लागि आवश्यक अङ्गका रूपमा रहेको व्यवस्थित गणित, सामाजिक तथा अन्य विषयगत प्रयोगशाला एवम् प्रर्याप्त पुस्तक सहितको पुस्तकालयको व्यवस्था हुन नसक्नु,
४. शैक्षिक उपलब्धि वृद्धिका लागि विशेष कार्यक्रमहरू निर्माण र कार्यन्वयनमा अप्रर्याप्तता हुनु,

५. विषयगत शिक्षक समिति गठन, शिक्षकहरू बीचको अन्तर्क्रिया तथा अनुभव आदान प्रदानको वातावरण निर्माण हुन नसकेको,
६. बैयक्तिक क्षमता प्रस्फुटनका लागि आवश्यक पक्ष खेलकुद, सङ्गीत र नृत्य लगाएत कार्यक्रमहरू सञ्चालनका लागि कार्यक्रम र बजेटको अभाव हुनु,
७. नर्सिङ्ग सहितको प्राथमिक उपचार कक्षको व्यवस्थापन हुन नसकेको,
८. सबै माध्यमिक विद्यालयहरूमा आवश्यक मापदण्ड सहितको भौतिक पूर्वाधार विकास हुन नसकेको,
९. अनुगमन, निरीक्षण बाट प्राप्त विवरणहरूको लेखाजोखा र कार्यान्वयनमा कमी हुनु,

### ३.३.७ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने,

**ख ) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८७/८७ |
|---|---|---|---|---|---|---|
| १ | सबै बालबालिकाहरूलाई माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने विद्याथी % मा | ७७.५ | ७९ | ८१ | ८३ | ८५ |
| २ | माध्यमिक तह ( ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या (सामुदायिक) | २७७१ | ३००३ | ३३०७ | ३६१० | ३८५० |
| ३ | माध्यमिक तह ( ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | १५६७ | १७१० | १९१८ | २१५४ | २३३२ |
| ४ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या (११-१२) | ७५ | ९५ | ११२ | १२५ | १४५ |
| ५ | कम्प्युटर विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या ( ९-१२) | १६५ | १८० | १९२ | १९२ | १९२ |
| ६ | न्यूनतम् सिकाइ सबलीकरण मापदण्ड (MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ११ | १२ | १४ | १६ | १६ |
| ७ | माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ |
| ८ | माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने विद्यालय सङ्ख्या | १० | १२ | १५ | १६ | १६ |
| ९ | पाठ्यक्रम तथा पाठ्यसामग्रीको | १० | ११ | १२ | १३ | १६ |

| क्र.सं. | सूचक | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८७/८७ |
|---|---|---|---|---|---|---|
| | उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने विद्यालय सङ्ख्या | | | | | |
| १० | माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील हुने, विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ |
| ११ | सूचना तथा सञ्चार प्राविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने विद्यालय सङ्ख्या | ७ | ९ | ११ | १४ | १६ |
| १२ | माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ |

### ३.३.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १. | निःशुल्क माध्यमिक शिक्षाको पहुँच र सुनिश्चतताको लागि आवश्यक कानून, कार्यविधि र निर्देशिका तयारी | सङ्ख्या | ० | ० | १ | ० | ० | १ |
| २. | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | ० | १ | २ |
| ३. | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | पटक | ० | ० | १ | ० | १ | २ |
| ४. | सिकाइ पृष्ठपोषणका लागि अतिरिक्त कक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५. | विद्यालयमा कक्षा कोठा सुदृढिकरण | विद्यालय | ० | ५ | ५ | ५ | ५ | २० |
| ६. | शिक्षक क्षमता विकास | सङ्ख्या | २५ | ५० | ५० | ५० | ५० | २२५ |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| ७. | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | २० |
| ८. | शिक्षक सहायता प्रणालीको निर्माण र परिचालन | पटक | ० | १ | १ | १ | १ | ४ |
| ९. | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० |
| १०. | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ११. | नि:शुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि छात्रवृत्ति | जना | ० | ५० | १०० | १३० | १५० | ४३० |
| १२. | कक्षा कोठामा आधारित मूल्याङ्कन | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| १३. | आवधिक परीक्षा प्रणाली | पटक | ४ | ४ | ४ | ४ | ४ | २० |
| १४. | विव्यस, शिअसं का पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| १५. | अभिभावक अभिमुखीकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ |
| १६. | एक शिक्षक एक ल्यापटको व्यवस्था अनुदान | शिक्षक | ० | १६ | १६ | १६ | १६ | ६४ |
| १७. | माध्यमिक तहमा उत्कृष्ट विद्यार्थी छात्रवृत्तिको व्यवस्था | सङ्ख्या | २० | २० | २० | २० | २० | ८० |
| १८. | विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| १९. | विद्यालय सुपरिवेक्षण र शिक्षक सहायता | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| २०. | सिकाइ सामग्री निर्माण | पटक | ० | १ | १ | १ | १ | ४ |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| | कार्यशाला | | | | | | | |
| २१. | विपद व्यवस्थापनमा बालक्लब जुरेस र स्काउटको प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | |
| २२. | स्वास्थ्य परीक्षण, स्वास्थ्य सचेतना | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

मानव जीवनलाई आवश्यक पर्ने भौतिक सुविधाहरू परिपुर्ति गर्न विज्ञान तथा प्रविधिबाट उत्पादन एवम् उत्पादकत्व वृद्धि गरी भौतिक सुविधा तथा सामाजिक आवश्यकताहरू परिपूर्ति गर्ने शिक्षा नै प्राविधिक तथा व्यावसायिक शिक्षा हो, अर्को भाषमा भन्दा, पढ्दै, सिक्दै र कमाउँदै व्यावहारिक सिद्धान्तमा आधारित शिक्षा नै प्राविधिक तथा व्यावसायिक शिक्षा हो, प्राविधिक तथा व्यावसायिक शिक्षाले व्यक्तिलाई स्वाबलम्वी बनाउँदै आफ्नो सीप र पौरखमा आत्मनिर्भर हुन सक्ने बनाउँछ, शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग श्रमलाई बजारसँग जोडनु पर्दछ भन्ने २१ औ शताब्दीको आवाजलाई प्राविधिक तथा व्यावसायिक शिक्षाले आत्मसाथ गरेको देखिन्छ, वर्तमान शिक्षा नीतिमा पनि स्थानीय तहमा राष्ट्रिय व्यावसायिक शिक्षा र तालिममार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन, अनुसन्धान, नवप्रर्वतन र उद्यमशीलता विकास जस्ता कार्य सम्पादन गरी दक्ष प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने कुरा उल्लेख गरिएको छ।

प्राज्ञिक शिक्षाले व्यक्तिको व्यक्तित्व विकासमा सहयोग पुऱ्याए तापनि सीप र प्रविधिसँग जोड्न नसक्दा वर्तमान बजार अनुरूपको माग र उत्पादित जनशक्ति खपतमा तादम्य नमिल्दा पढे लेखेका धेरै युवाहरू विदेशी भूमिमा सस्तो मूल्यमा श्रम बेच्न वाध्य छन्, यस परिस्थितिमा '**प्राविधिक शिक्षाको विस्तार, रोजगरी निर्माणको आधार**' भन्ने नाराका साथ स्वरोजगार मूलक प्राविधिक तथा व्यावसायिक शिक्षालाई विकास तथा विस्तारमा जोड दिन आवश्यक भएकाले समय सापेक्ष प्राविधिक शिक्षा विकासको लागि नगरपालिकाको पञ्च वर्षिय शैक्षिक योजनामा प्राविधिक शिक्षामा विषेश लगानी र प्रवर्द्धन वाञ्छनीय देखिन्छ।

### ३.४.२ वर्तमान अवस्था

यस नगरपालिका भित्र प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरू सामुदायिक तर्फ २ वटा र निजी शिक्षालय तर्फ २ वटा रहेका छन, निजी शिक्षालयतर्फ स्वास्थ्य कार्यक्रमहरू HA, LAB, Physiotherapy र Pharmacy का Diploma स्तरका कार्यक्रमहरू सञ्चालित छन्, सामुदायिक तर्फ महेन्द्र माध्यमिक विद्यालय कोपवामा कक्षा ९-१२ को Computer Science र जनता माध्यमिक विद्यालय पिपरामा CTEVT बाट सम्बन्धन प्राप्त Diploma कार्यक्रमहरू Forestry, Civil Engineering, Agriculture Veterinary र Geometric Engineering का ३ वर्षे कार्यक्रमहरू सञ्चालनमा रहेका छन्, नीजि शिक्षालयमा सञ्चालित स्वास्थ्यका कार्यक्रमहरूमा आवश्यक सङ्ख्यामा प्रशिक्षार्थी भर्ना भै रहेका छन् देशै भरिबाट विद्यार्थीहरू प्राविधिक शिक्षा अध्ययन गर्न यस नगरपालिकामा उपस्थित भएको देखिन्छ तर सामुदायिक शिक्षालयमा आवश्यक सङ्ख्यामा विद्यार्थीहरूको उपलब्धता कम देखिन्छ, हाल सामुदायिक शिक्षालयमा यस नगरमा कम्प्युटर विज्ञानतर्फ १६५ र CTEVT प्रोगाम तर्फ २४१ जना विद्यार्थीहरू अध्ययनरत छन्।

### ३.४.३ लक्ष्य:

मध्यम स्तरको स्व रोजगारमूलक जनशक्ति तयार गर्ने,

### ३.४.४ उद्देश्य:

१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासमा पहुँच अभिवृद्धि गर्ने,
२. विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षामा जोडने,
३. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् सीप विकासको अवसर सृजना गर्न आवश्यक संयन्त्रको निर्माण तथा विकास गर्ने,
४. समय सापेक्ष बजार अनुकूलको जनशक्ति उत्पादनमा जोड दिने,
५. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् सीप विकासको लागि भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्ने,

### ३.४.५ रणनीति:

१. उत्पादनमूलक जनशक्ति तयार गर्नका लागि विभिन्न कार्यक्रम तथा बजेटको व्यवस्था र प्रोत्साहन कार्यक्रममार्फत उत्पादित जनशक्तिलाई स्थानीय तहमै सेवा गर्न उत्प्रेरित गरिनेछ,
२. नगरपालिका भित्र आवश्यक प्राविधिक शिक्षाको आकलन गरी अन्य माविहरूमा समेत सोही अनुरूपको पूर्वाधार व्यवस्थापन गर्दै प्राविधिक विद्यालय स्थापनामा पहल गरिनेछ,
३. नगरपालिका भित्र सञ्चालित प्राविधिक कार्यक्रमहरूलाई बजारसँग जोडदै उत्पादित जनशक्तिलाई रोजगारको सुनिश्चितता गरिनेछ,
४. आर्थिक रूपमा पछाडी परेका महिला, आदिवासी, दलित, अपाङ्ग तथा जनजातिहरूलाई प्राविधिक शिक्षामा पहुँच बढाउन आवश्यक कार्यक्रम निर्माण गरी लागु गरिनेछ,
५. प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि सरोकारवालाहरूको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा वृद्धि गरिनेछ,
६. प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरूका लागि (On the job Training) र शैक्षिक सहुलियतका लागि छात्रवृत्ति लगायत अनुदान उपलब्ध गराइनेछ,
७. प्राविधिक शिक्षा विकासको लागि उक्त धारमा कार्यरत शिक्षकहरूको क्षमता अभिवृद्धि र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्नुका साथै आइसिटी कम्प्युटर ल्याबको स्थापना गर्न जोड दिइनेछ,
८. प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीहरूको श्रमबजार खोजीका लागि सो विषयसँग सम्बन्धित सरकारी तथा गैर सरकारी सङ्घसंस्था उद्योग, व्यापार, व्यवसायमा संलग्न व्यक्तिहरूसँग अन्तरक्रिया र आवश्यकता अनुसार श्रम सम्झौता गरिनेछ,

### ३.४.६ समस्या तथा चुनौतीहरू

१. प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमबाट यस क्षेत्रका गरीब, विपन्न, पछाडि पारिएको वर्ग र सीमान्तकृत समुदायको शिक्षाको पहुँचमा विस्तार गर्न,
२. शिक्षालाई सीप, सीपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणालीसम्म आबद्ध गर्न,
३. व्यवसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, विस्तार, उद्यमशीलताको विकास गर्नका लागि व्यवसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी वृद्धि, लागत साझेदारीको सिद्धान्तमा स्रोत परिचालन गर्न

४. प्राविधिक तथा व्यवसायिक शिक्षाको भौतिक पूर्वाधार, ल्याब लगायतका कार्यक्रमको लागि जनशक्तिको व्यवस्थापन गर्न

५. प्राविधिक शिक्षाको नाममा सञ्चालनमा रहेका परम्परागत प्राविधिक शिक्षाको सट्टा वैज्ञानिक र स्रोत साधनमा आधारित उद्यम र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित शैक्षिक समृद्धि हासिल गर्न

### ३.४.७ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

उपलब्ध प्राकृतिक स्रोत र साधनहरूको प्रयोग र परिचालन गर्दै, आर्थिक उपार्जन र समृद्धिमा योगदान गर्न सक्ने मध्यम स्तरको प्राविधिक, व्यवसायिक र उद्यमी जनशक्ति उत्पादन भएको हुने

**ख) नतिजा**

यस प्राविधिक विद्यालयबाट सीप प्राप्त गरेका विद्यार्थीहरू बाणगङ्गा नगरपालिका लगायत यस क्षेत्रको स्थानीय स्रोत साधन उपयोग गरी समृद्ध नगरपालिका निर्माणमा योगदान दिन सक्ने जनशक्ति हुनेछन्, प्राविधिक तथा व्यवसायिक शिक्षामा पिछडिएको वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिवृद्धि हुनेछ, प्रयोगात्मक सिकाइका लागि उपयुक्त फिल्ड व्यवस्था हुनेछ, प्राविधिक शिक्षाप्रति आमसरोकारवाला, स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारको अपनत्व वृद्धि भई थप लगानीमैत्री वातावरण निर्माण हुनेछ,

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | सूचक | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा / तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | २ | ३ | ३ | ४ | ४ | |
| २ | माध्यमिक तहमा प्राविधक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | ४०६ | ४७७ | ४८२ | ४८७ | ४९५ | |
| ३ | खोज, नवपर्वर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको विद्यालय | ० | १ | १ | १ | २ | |
| ४ | उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीवीकोपार्जनका अवसरमा वृद्धि हुने विद्यार्थी सङ्ख्या | ४०६ | ४७७ | ४८२ | ४८७ | ४९५ | |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीपका क्षेत्रमा सार्बजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने विद्यालय सङ्ख्या | ४ | ५ | ५ | ६ | ६ | |

### ३.४.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | |
| १ | सीप विकास र आय आर्जन कार्यक्रम | विद्यालय | ० | २ | २ | २ | २ | ८ |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ |
| ३ | गरिब तथा जेहेन्दार, दलित विद्यार्थीलाई छात्रवृत्ति वितरण | जना | ७ | २० | २० | २० | २० | ८७ |
| ४ | प्राबिधिक शिक्षाको अनुसन्धान कार्य | पटक | ० | १ | १ | १ | १ | ४ |
| ५ | फिल्ड व्यवस्थापन ओजेटी | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | प्राविधिक शिक्षा विस्तार | वटा | ० | १ | १ | ० | ० | २ |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणालीनै अनौपचारिक शिक्षा हो, औपचारिक पद्धतिभन्दा बाहिर लचिलो ढँगबाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो, अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागिहरू आफ्नो जीवनमा आइपर्ने समस्याहरूका वारेमा छलफल र समाधानका उपायहरू खोजी गर्दै निर्णय कार्यान्वयन गर्दछन, संवैधानिक सुनिश्चिततामा शिक्षा पाउने हक राष्ट्रिय शिक्षा नीति, दिगो विकासको लक्ष्य नं ४ र लुम्बिनी प्रदेशको चालु आवधिक योजनामा समेत उल्लेख गरेको छ, राष्ट्रिय शिक्षा नीति २०७६, अनुसार अनौपचारिक शिक्षाको माध्यमबाट आधारभूत शिक्षामा प्रवेश गराउने नीति लिएको छ, विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८)अन्तर्गत अनौपचारिक शिक्षा र आजीवन सिकाइका उद्देश्यहरूमा अनौपचारिक शिक्षा र आजीवन सिकाइको महत्त्वलाई बढावा दिनु, व्यक्तिको जीवनस्तर सुधार्नका लागि सीप र ज्ञान प्रदान गर्नु, व्यावसायिक तालिम र रोजगारीका अवसरहरू सिर्जना गर्नु, सामाजिक समावेशिता प्रोत्साहित गर्नु, समुदायमा सिकाइका अवसरहरू सृजना गर्नु, आधुनिक प्रविधिको उपयोग गरेर सिकाइको पहुँच विस्तार गर्नु र सार्वजनिक स्वास्थ्य र जीवनशैली सुधार्न जनचेतना बढाउने उद्देश्यहरू समावेश गरिएका छन्,

### ३.५.२ वर्तमान अवस्था

बाणगङ्गा नगरपालिका भित्रका सबै बालबालिका तथा प्रौढहरूलाई शिक्षाको मूलधारमा ल्याउन औपचारिक शिक्षाले मात्र सम्भव नभएको अवस्थामा वैकल्पिक मार्गहरू प्रशस्त गर्नुपर्ने आवश्यकता छ, खुला शिक्षा नीति समेत अवलम्बन गरिएको परिप्रेक्ष्यमा विद्यालय छाड्ने बालबलिकाहरूलाई र विद्यालयमा भर्ना नभएका बालबालिकाहरूलाई उनीहरूको पायक पर्ने स्थानमा रूचि र आवश्यकताअनुकूलको पाठ्यसामग्रीमा अभ्यास गराएर विद्यालय शिक्षाको मूलधारमा ल्याउनुपर्ने आवश्यकता छ, साक्षर नगरपालिका घोषणा भइसकेको सन्दर्भमा १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरू साक्षर भएको देखिन्छ, नेपाल

सरकारले सामुदायिक सिकाइ केन्द्रहरूको स्थापना गरी अनौपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरेको पाइए तापनि यस पालिकामा एउटा मात्र सामुदायिक सिकाइ केन्द्र हाल सञ्चालनमा छ , राष्ट्रिय जनगणना, २०७८ अनुसार ६ वर्ष वा सो भन्दा माथिको यस नगरपालिकाको कुल जनसङ्ख्याको साक्षरता ८१.४% रहेको छ, अनौपचारिक शिक्षाको माध्यमबाट सीप तथा व्यवसायसँग व्यक्तिलाई जोडदै व्यक्तिको आत्म निर्भरतालाई अभिवृद्धि गरी समृद्ध नगर निर्माण गर्न सकिन्छन।

### ३.५.३ लक्ष्य

अनौपचारिक शिक्षाको माध्यमबाट सीप तथा व्यवसायसँग व्यक्तिलाई जोडदै आत्म निर्भरता अभिवृद्धि गर्ने

### ३.५.४ उद्देश्य

१. अनौपचारिक शिक्षाको विकास तथा विस्तार बाट डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्ने,
२. आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्रको स्थापना, सवलिकरण गरी निरन्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने,

### ३.५.५ रणनीतिहरू

१. नवसाक्षर, प्रौढ महिला तथा पुरूषहरूलाई आयआर्जनका कार्यक्रमसँग जोडी आत्मनिर्भर र व्यवसायिक बनाउन सहयोग गरिने छ,
२. आवश्यकता अनुसार सामुदायिक सिकाइकेन्द्रको स्थापना र सुदृढिकरण गरी अनौपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहन गरिने छ,
३. साक्षरता र निरक्षरको अवस्था पहिचान गरी अभिलेखीकरण गरिनेछ,
४. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न सरोकारवालाहरूसँग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ,

### ३.५.६ समस्या तथा चुनौतीहरू

१. साक्षरोत्तर र निरन्तर शिक्षा एवम् आय आर्जनका कार्यक्रम सञ्चालन गर्न नसकिनु,
२. औपचारिक शिक्षा र अनौपचारिक शिक्षाका कार्यक्रमका बीचमा सहसम्बन्ध कायम गर्न नसकिनु,
३. कार्यमुलक साक्षरता र डिजिटल साक्षरताको कमी हुनु,
४. अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीका रूपमा संस्थागत विकास गर्न नसक्नु,
५. अनौपचारिक शिक्षाको समकक्षताको व्यवस्था गर्न नसक्नु,

### ३.५.७ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

सबै नागरिकलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने,

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | इकाई | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको स्थापना | वटा | ० | ० | १ | ० | १ |

| क्र.सं. | सूचक | इकाई | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| २ | भाषिक तथा गणितीय साक्षरता सीप (पन्ध्र वर्षभन्दा माथि) | प्रतिशत | ९५ | ९६ | ९६.५ | ९६.८ | ९७ |
| ३ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | वटा | १ | १ | २ | २ | ३ |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | वटा | २ | २ | २ | २ | २ |
| ५ | महिला तथा प्रौढहरू आय आर्जन गरी जीवन निर्वाह र स्वावलम्बी तथा आत्मनिर्भर हुने | सङ्ख्या | २५ | ५० | ५० | ७५ | १०० |

### ३.५.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | |
| १ | सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि तालिम र अनुदान | सा.सि केन्द्र | १ | १ | १ | १ | १ | ५ |
| २ | सामुदायिक सिकाइ केन्द्रको स्थापना | सा.सि केन्द्र | ० | ० | १ | ० | १ | २ |
| ३ | घरधुरी सर्भेक्षण एवम् साक्षर निरक्षर तथ्याङ्क सङ्कलन | पटक | ० | ० | १ | ० | ० | १ |
| ४ | महिला तथा प्रौढहरूलाइ साक्षरता , निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम सञ्चालन | सङ्ख्या | ० | १०० | ७५ | ५० | ५० | २७५ |
| ५ | प्रौढहरूलाइ सीप विकास तथा Digital तालिम र आय आर्जनका कार्यक्रम सञ्चालन | पटक | १ | २ | २ | ३ | ४ | १२ |

# परिच्छेद ४ : अन्तर सम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम सिकाइको समस्त तथा बृहत योजना हो, सिकाइको विस्तृत योजनालाई पाठ्यक्रम भनीन्छ, बालबालिकाको शारीरिक, मानसिक, सम्वेगात्मक, सामाजिक, साँस्कृतिक र आध्यात्मिक विकासका लागि विद्यालय भित्र वा बाहिर विद्यार्थीहरूमा सिकाइ अनुभव हासिल गर्न तयार गरिएको दस्तावेज, बृहत योजना, शैक्षिक प्रक्रियाको सम्पूर्ण रूपनै पाठ्यक्रम हो। पाठ्यक्रम भित्र ढाँचा, सक्षमता, सिकाइ उपलब्धि, विषय वस्तुको क्षेत्र र क्रम तथा विस्तृतीकरण, मूल्याङ्कन प्रक्रिया समावेश गरिएका हुन्छन् । बदलिँदो समाजको माग अनुसार पाठ्यक्रम परिवर्तित र परिमार्जित हुदै जाने भएकोले पाठ्यक्रमलाई गतिशील र लचिलो प्रक्रियाको रूपमा लिने गरिन्छ । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सीप तथा अभिवृत्तिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकूल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा संलग्न हुन सहयोग पुग्दछ। पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारू केन्द्रित र तथ्यपरक हुनुपर्दछ।

वर्तमान पाठ्यक्रमलाई सान्दर्भिक र व्यावहारिक बनाउन प्रयोगात्मक कार्य, परियोजना कार्यमा यथेष्ट जोड दिइएको छ । पाठ्यक्रमको गहन उद्देश्यलाई पूरा गर्न तथा सैद्धान्तिक ज्ञानलाई व्यावहारिक र प्रयोगात्मक सीपमा रूपान्तरण गर्न सह क्रियाकलाप / अतिरिक्त क्रियाकलापमा जोड दिइएको छ। विद्यालय तहको पाठ्क्रमलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवन उपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्ने प्रयास गरिएको छ । विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा लिएको छ । माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ । पाठ्यक्रमका विषयवस्तुहरू सहज ढङ्गले शिक्षण गर्न विभिन्न सन्दर्भ सामग्रीहरू तथा शिक्षक निर्देशिका तयार गरिएका छन्। यी सामग्रीहरू पुस्तकको रूपमा उपलब्ध हुनु को साथै डिजिटल रूपमा पनि पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा राखिएको छ। मातृभाषाका पाठ्य सामग्रीहरू पनि तयार गरिएका छन्। वर्तमान पाठ्यक्रमले सिकारूहरूमा रचनात्मकता, तार्किक सोच, विश्लेषणात्मक सीप, नवप्रवर्तन गर्ने क्षमता र समस्या समाधान गर्ने क्षमताको विकास गर्ने उद्देश्य लिएको देखिन्छ। तसर्थ विद्यालय तहको पाठ्यक्रममा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणितजस्ता विषयहरूलाई एकीकृत रूपमा अगाडि बढाइएको छ । विद्यालय तहको नयाँ पाठ्यक्रममा थुप्रै कुराहरू सकरात्मक हुँदाहुँदै पनि कार्यान्वयनको पाटोमा चुनौतीहरू रहेका छन्। नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेशागत सहयोग पद्धति स्थापना र सञ्चालन, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास, पाठ्यक्रम विकास र परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता, पाठ्यक्रम विकास तथा अध्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने, प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा, बहुभाषा प्रयोग, विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन र समायोजन, अपाङ्गताको प्रकृति अनुसार पाठ्यक्रममा लचकता प्रदान गर्ने, पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग वर्तमान नयाँ पाठ्यक्रममा रहेका चुनौतीहरू हुन्।

### ४.१.२ वर्तमान अवस्था

विद्यालय पाठ्यक्रमको दस्तावेजीकरणको विकास वि.स.२०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनादेखि प्रारम्भ भएको पाइन्छ। विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा वि.स.२०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने परिपाटी सुरू गरिएको हो। यसै क्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६

तयार भई वि.स. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरूमा कार्यान्वयनमा आएको छ । आधारभूत तह १-३,४-५ र ६-८ लागि अलग अलग पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । यसैगरी माध्यमिक तह कक्षा ९-१० र कक्षा ११-१२ मा पनि छुट्टाछुट्टै पाठ्यक्रम तयार गरी कार्यान्वयनमा आएको छ । विद्यालयको पाठ्यक्रमलाई सान्दर्भिक बनाउन कक्षा १-३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई स्वीकृत गरिएको, व्यवहार कुशल तथा जीवन उपयोगी सीप समावेश हुने गरी सिकाइ क्रियाकलाप रणनीति बनाइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

पाठ्यक्रमले मूल्याङ्कन पद्धतिलाई व्यवस्थित, विशिष्टीकृत र विश्वसनीय बनाउनको लागि कक्षा १-३ सम्म निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था गरेको छ, कक्षा ४-८ मा ५०% निश्चित आधारबाट गरिने आन्तरिक र ५०% वार्षिक परीक्षाबाट मूल्याङ्कन गरिने व्यवस्था छ, कक्षा ८ को वार्षिक परीक्षालाई स्तरीकृत गर्न स्थानीय तह स्तरिय बनाउँदै आवधिक र प्रयोगात्मक परीक्षामार्फत विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरिएको छ,

माध्यमिक तह (९-१२) मा ७५% सैद्धांतिक र निश्चित मापदण्डका आधारमा २५% प्रयोगात्मक मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ । सैद्धांतिक तर्फ विद्यार्थीहरूको मूल्याङ्कनको लागि कक्षा ९ र ११ विद्यालय स्वयमले लिने व्यवस्था रहेको छ भने राष्ट्रिय परीक्षा बोर्डद्वारा कक्षा १० को मूल्याङ्कन प्रदेश स्तरीय र कक्षा १२ को परीक्षा राष्ट्रिय स्तरमै सञ्चालन गर्ने व्यवस्था रहेको छ । मूल्याङ्कनमा अङ्क पद्धतिलाई विस्थापित गरी अक्षरांक पद्धति लागु गरिएको छ ।

### ४.१.३ लक्ष्य

पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वय गरी दैनिक जीवनमा आवश्यक आधारभूत सक्षमता सहित, सृजनशील, सकरात्मक सोच भएका, सिकाइप्रति प्रतिबद्ध नागरिक तयार गर्ने ।

### ४.१.४ उद्देश्य

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिमको संशोधित पाठ्यक्रमको कार्यान्वयन गर्नु
२. स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गरी समयसापेक्ष सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई कार्यान्वयन गर्नु
३. सिकाइ दैनिक जीवनसँग अन्तरसम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,
४. स्थानीय र आधुनिक परिवेश अनुरूपका शिक्षण सिकाइद्वारा सिकारूमा ज्ञान सीप र व्यवहार विकासमा सहजीकरण गर्नु,
५. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कनमा आधारित भई सिकारूको मूल्याङ्कनको व्यवस्था गर्नु,
६. शिक्षण सिकाइलाई नतिजासँग जोडि उत्पादनमुखी बनाउँदै लैजाने,
७. अन्तरनिहीत क्षमतालाई प्रस्फुटन गर्न विद्यार्थीहरूलाई अतिरिक्त तथा सहक्रियाकलापमा संलग्न गराई क्षमता अभिवृद्धि गर्नु,
८. विद्यार्थीमा रचनात्मक तथा विश्लेषणात्मक क्षमताको विकास गर्न मूल्याङ्कन प्रणालीमा परिजोजना कार्यलाई प्रभावकारी बनाउनु,
९. डिजिटल पाठ्यसमग्रीको प्रयोगलाई प्रभावकारी बनाउनु,

### ४.१.५ रणनीति

१. पाठ्यक्रम विद्यालय स्तरमा प्रवोधीकरण गरी सोही अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने छ,
२. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास तथा प्रयोगको लागि विद्यालयलाई सक्षम बनाइनेछ,

३. शिक्षक निर्देशिका, पाठ्क्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीहरू सर्वसुलभ हुने गरी व्यवस्थापन गर्दै यसको डिजिटल प्रयोगलाई प्रभावकारी तरिकाले व्यवस्थापन गरिने छ,
४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गरिने छ,
५. विपत, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्ने र शिक्षकको क्षमता अभिवृद्धि गरिने छ,
६. शिक्षकको पेशागत सक्षमता विकास गर्दै पाठ्यक्रममा आधारित सिकाइलाई सुनिश्चत गरिने छ,
७. सहपाठी सिकाइ समूह गठन गरी कमजोर क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइने छ,
८. अभिभावकहरूलाई आफ्नो बालबालिकाको सिकाइ प्रति जिम्मेवार बनाउन अभिभावक संलग्नता तथा सहभागिता वृद्धि गरिने छ,
९. शिक्षकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग आबद्ध गरिने छ,
१०. आधारभूत तहमा हुने स्तरकृत परीक्षालाई सुधार गरिनेछ,
११. विज्ञान तथा गणित विषयको सिकाइलाई अभिवृद्धि गर्न प्रयोगात्मक, सृजनात्मक कार्यलाई जोड दिईने छ,
१२. विद्यार्थीहरूको सर्वाङ्गीण पक्षको विकासका लागि अतिरिक्त तथा सहक्रियाकलापमा संलग्न गराई क्षमता अभिवृद्धिमा जोड दिइने छ,

### ४.१.६ प्रमुख उपलब्धि तथा नतिजा

**(क) उपलब्धि**

पाठ्यक्रमलाई प्रभावकारी रूपमा  कार्यान्वय गरी दैनिक जीवनमा आवश्यक आधारभूत सक्षमता सहित, सृजनशील, सकरात्मक सोच भएका, सिकाइप्रति प्रतिबद्ध नागरिक तयार हुनेछन्,

**(ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बालविकास देखि कक्षा १२ सम्मका पाठ्यक्रमहरू सुचारू रूपले कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | |
| २ | कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहार कुशल सीपहरू कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | विद्यालय | ७५ | ७५ | ७५ | ७५ | ७५ | |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | विद्यालय | ७५ | ७५ | ७५ | ७५ | ७५ | |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता | विद्यालय | ३५ | ४० | ५० | ६० | ७५ | |

| क्र.सं. | सूचक | एकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | | | | | | | |
| ६ | सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि वृद्धि भएका विद्यालय सङ्ख्या | विद्यालय | ३५ | ४२ | ४८ | ५५ | ७५ | |

### ४.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १. | स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण र विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| २. | पाठ्यक्रम, पाठ्यसामग्री र शिक्षक निर्देशिका प्रवोधीकरण र वितरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३. | विद्यार्थी मूल्याङ्कन सम्बन्धमा शिक्षकहरूको क्षमता विकास | सङ्ख्या | ५० | ५० | ७५ | १०० | १०० | ३७५ |
| ४. | प्राविधिक धारको पाठ्यक्रम तथा पाठ्यामग्री वोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५. | पाठ्यक्रममा समावेश भएको योगा, ध्यान, प्राणायमलाई व्यावहारिक र प्रयोगात्मक अभ्यास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६. | विज्ञहरूद्वारा पूर्वीय दर्शन, प्राकृतिक चिकित्सा र मनोपरामर्श कार्यक्रम सञ्चालन | सहभागी सङ्ख्या | ० | १०० | २०० | २५० | ३५० | ९०० |
| ७ | शिक्षक तालिम र पुनर्ताजगि तालिम | सङ्ख्या | २५ | ५० | ७५ | ७५ | १०० | ३२५ |
| ८ | शिक्षक पेसागत सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | डिजिटल सामग्रीको प्रयोग | विद्यालय | ० | १० | १० | १० | १० | ४० |
| १० | सूचना प्रविधिको प्रयोग | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| ११ | निःशुल्क पाठ्यपुस्तक वितरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | सुपरिवेक्षण तथा अनुगमन | पटक | २ | ३ | ३ | ३ | ३ | १४ |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास / कार्य पुस्तिकाको | विद्यार्थी | १५१२१ | १६२०० | १७९०७ | १९५०१ | २१२०२ | ८९९३१ |

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| | उपलब्धता | | | | | | | |
| १४ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्रीको उपलब्धता | पटक | ० | १ | १ | १ | १ | ४ |
| १५ | शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |
| १६ | अतिरिक्त र सहकार्यकलाप कार्यक्रम सञ्चालन | पटक वार्षिक प्रति विद्यालय | २५ | २५ | २५ | २५ | २५ | १२५ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय:

शिक्षक व्यवस्थापन र विकास शिक्षाको गुणस्तर सुधार गर्न अत्यन्त महत्त्वपूर्ण पक्ष हो, शिक्षक व्यवस्थापन शिक्षाको स्तर सुधार्न, शिक्षण पेशालाई सुदृढ बनाउँदै समृद्ध समाज निर्माण गर्न महत्त्वपूर्ण छ । यो निरन्तर प्रक्रिया हो, जसले शिक्षक, विद्यार्थी, र शिक्षा प्रणालीबीच सन्तुलन र समन्वय कायम राख्छ । सामान्यतया शिक्षक व्यवस्थापनभित्र पद स्वीकृति, शिक्षक भर्ना, छनोट, सरूवा, बढुवा वृत्ति विकास शिक्षकको सेवा सर्त सम्बन्धी सम्पुर्ण व्यवस्थापकिय कार्यहरू पर्दछन् । अझै स्पष्ट रूपमा भन्नुपर्दा यससँग सम्बन्धित कानुनी व्यवस्था संरचनागत व्यवस्था स्रोतसाधन आर्थिक पर्यावरणीय व्यवस्थाको समग्रता नै शिक्षक व्यवस्थापन हो, यो बहुआयामिक र अन्तरनिहित यात्रा हो,आफैंमा एउटा प्रणाली हो । शिक्षकको स्तर माथि नउठे सम्म कुनै पनि देशको शिक्षाको स्तर माथी उठ्न सक्दैन ।

शैक्षिक सुशासन, विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन शिक्षक व्यवस्थापन महत्त्वपूर्ण पक्ष हो, शिक्षकको व्यवस्थापनअन्तर्गत दरबन्दी सिर्जना, रिक्त स्थानको पहिचान, पदपुर्ति, कार्य सम्पादन मूल्याङ्कन, वृत्तिविकास, सरूवा तथा बढुवा आदि पर्दछन्, योग्य, सक्षम, कुशल र उत्प्रेरित शिक्षकले नै गुणस्तरीय सेवा प्रवाह गर्न सक्छ । शिक्षकलाई पुनर्ताजगी गराउन तथा नयाँ प्रणालिसँग परिचित गराउन तालिम आवश्यक पर्दछ । योग्य र कुशल शिक्षकले नै विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । यस योजनाले शिक्षण पेशालाई रोजाइको पेशाको रूपमा ग्रहण गर्ने शिक्षक तयारी गर्दै कक्षा कोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउनको लागि शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने अभिप्राय राखेको छ ।

### ४.२.२ वर्तमान अवस्था

नेपालमा विद्यालय तथा विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका प्राज्ञिक सरहका योग्यतालाई व्यवसायिक योग्यता र शिक्षक तालिम दुबै मानिएको छ । प्राज्ञिक योग्यता पश्चात शिक्षक तालिम प्राप्त गरे पछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमतिपत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । विभिन्न मुलुकहरूमा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारी छुट्टै कार्यक्रममा सञ्चालन हुन्छन् । नेपालको सन्दर्भमा प्राज्ञिक र शिक्षण तालिम एकै पटक लिन सक्ने गरी बि एड र एम एडका तहहरू सञ्चालन गरिएका छन । सरकारको आवधिक योजनाले शिक्षकको न्यूनतम् शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रूपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गर्ने उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको

आधारमा शिक्षक तयार गर्ने र शिक्षकलाई सक्षमताका आधारमा निरन्तर पेसागत सहयोग सञ्चालन गरिने उल्लेख छ । विश्व विद्यालयका शिक्षक शिक्षा कार्यक्रमहरू एकातिर अनुसन्धान र विकास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षण सम्बन्धी व्यावहारिक कुशलताको कमी देखिएको छ भने अर्कोतिर सीमित अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धी विशेष अध्ययन गर्न पर्ने भएकाले दुबै पक्षमा पर्याप्त सिकाइ हुन नसक्ने अवस्था छ, दिर्घकालिन रूपमा भने आधारभूत तह र माध्यमिक तहको शिक्षक बन्नका लागि क्रमश न्यूनतम् शैक्षिक योग्यता स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण भई एकवर्षे शिक्षक तयारी कोर्स पूरा गरेको हुनुपर्ने कानुनी व्यवस्था गर्नु उपयुक्त हुनेछ ।

शिक्षक अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने रिक्त दरबन्दीमा शिक्षक पदपुर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइआएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन्, शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने, प्रमाणीकरण तथा कस्टमाइज् तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य सङ्घीय सरकार बाट भइरहेको छ । शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने कार्य प्रदेश सरकारका मातहतमा रहेका शिक्षा तालीम केन्द्रहरूबाट सञ्चालन हुँदै आएका छन् । सरकार र विश्वविद्यालयहरू शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य गर्न सकिरहेका छैनन् । सेवा शर्त र सुविधा फरक-फरक रहेका विभिन्न किसिमका शिक्षकहरू एउटै विद्यालयमा रहेका छन् । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनको लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउन सकिएको छैन ।

### ४.२.३ लक्ष्य

सक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षकको व्यवस्था गरी विद्यार्थीको सिकाइमा सुधार गर्ने |

### ४.२.४ उद्देश्य

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउने,
२. शिक्षक विकास तथा निरन्तर पेशागत सहयोग प्रणाली स्थापना गर्नु,
३. सुपरिवेक्षण र शिक्षक तालिमको माध्यमबाट शिक्षकलाई पेशाप्रति उत्प्रेरित र जवाफदेही बनाउनु ,
४. शिक्षकको निरन्तर पेशागत विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय शिक्षक संस्थाहरूसँग सञ्जाल विकास र अन्वेषण गर्न,
५. शिक्षक बैंकको व्यवस्था गरी शिक्षक आपुर्तिलाई सहज बनाउने,

### ४.२.५ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/ पुनर्वितरण तथा व्यवस्थापन गरिनेछ ।
२. रिक्त दरबन्दीमा शिक्षकको व्यवस्थापन गरिनेछ ।
३. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने , यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।
४. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सीप विकास लगायतका विषयमा सेवाकालीन तथा पूर्व सेवाकालीन तालिम सञ्चालन गर्ने कार्यमा जोड दिइनेछ ।
५. शिक्षकको क्षमता विकासको लागि कार्यमुलक अनुसन्धानमा जोड दिइनेछ ।

६. अन्तर विद्यालय अवलोकन, राष्ट्रिय तथा अन्तराष्ट्रिय असल अभ्यासहरूको प्रयोगको लागि शिक्षक भ्रमण, गोष्ठी, सेमिनार तथा अन्य संस्था/ निकायसँग भगिनी सम्बन्ध स्थापनामा जोड दिइनेछ।
७. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने कार्यलाई व्यवस्थित गरिनेछ।
८. शिक्षकहरूको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ।
९. विद्यालय, विद्यार्थी सङ्ख्या र विषयगत आधारमा शिक्षकको प्रबन्ध गर्न नगरले शिक्षक बैंकको सूचीको आधारमा पदस्थापन गरिनेछ।

### ४.२.६ प्रमुख समस्या तथा चुनौतीहरू

१. शिक्षकमा उत्प्रेरणाको कमी,
२. शिक्षकको कार्यसम्पादनमा उत्तरदायित्व र जवाफदेहिता बढाउन नसकिएको,
३. कक्षागत र विषयगत शिक्षक दरबन्दीको अभाव,
४. शिक्षकहरूलाई आधुनिक प्रविधिसँग एकाकार गराउन नसकिएको,
५. शैक्षणिक योजना बनाई सिकाइ वातावरणलाई सहजीकरण गर्न नसकिएको,
६. शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नु नसकिनु,
७. विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी सेवाकालीन तालिमहरू सञ्चालन गर्न नसकिएको,
८. विपत र सङ्कटपूर्ण अबस्थामा शिक्षण सिकाइ प्रभावकारी सञ्चालन गर्न नसकिएको,
९. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न नसकिएको,
१०. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्न नसकिएको,

### ४.२.७ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ,
२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुनेछ,
३. सक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ६० | ६० | ६१ | ६१ | ६२ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम् | १०० | १०० | १०० | १०० | १०० |

| क्र. सं. | सूचक | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|
| | योग्यता प्राप्त शिक्षक प्रतिशत | | | | | |
| ४ | शिक्षण पेशामा सम्मानित हुने शिक्षक | ४ | ४ | ४ | ४ | ४ |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | २ | ४ | ५ | ५ |
| ६ | शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/ पुनर्वितरण हुने विद्यालय सङ्ख्या | ० | ४९ | ० | ० | ४९ |
| ७ | शिक्षकको बृत्ति विकासका लागि पारदर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने निर्देशिका निर्माण | ० | १ | ० | १ | ० |

### ४.२.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | शिक्षक तलब भत्ता अनुदान | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | २० |
| २ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | ० | १ | १ | १ | १ | ४ |
| ३ | कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने, | जना | ० | ५ | १० | १० | १५ | ४० |
| ४ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परीक्षाको नतिजा विश्लेषण गर्ने, | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ-संजाल बनाउने | वटा | ० | १ | १ | १ | १ | ४ |
| ६ | शिक्षकलाइ परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समूह परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | शिक्षक मेन्टरिङ/कोचिङका लागि | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम सञ्चालनका गरेर शिक्षक पेसागत सहयोग विकास गर्ने | | | | | | | |
| ८ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाइ पेसागत सहयोग गर्ने शिक्षण सिकाइ समूह वैठक/घुम्ती वैठक सञ्चालन गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ९ | आवश्यकताका आधारमा शिक्षक पेसागत सहयोग तालिम सञ्चालन गर्ने | जना | ५० | १०० | १५० | २०० | २५० | ७५० |
| १० | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | ० | १ | ० | ० | १ | २ |
| ११ | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौतामार्फत सिकाइ उपलब्धिमा सुधार ल्याउने | पटक | ० | १ | १ | १ | १ | ४ |
| १२ | कक्षा १ देखि ३ सम्म क्रमिक सिकाइ रणनीतिमा आधारित शिक्षण सिकाइ कार्य सञ्चालनका लागि तालिमको व्यवस्था | पटक | ० | १ | १ | १ | १ | ४ |
| १३ | एकीकृत पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरूलाई पठन तत्व तथा एकीकृत ढाँचाको तालिमको व्यवस्था | जना | ५० | १०० | १०० | १०० | १०० | ४५० |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि तालिम वा कार्यशालाको व्यवस्था | वटा | ० | १ | १ | १ | १ | ४ |
| १५ | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | जना | २५ | ५० | १०० | १२५ | १५० | ४५० |
| १६ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन | सबै विद्यालय | ० | १ | १ | १ | १ | ४ |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

अवसर प्राप्त गर्न नसकी समाजको मूलधारबाट पछि परेका व्यक्ति तथा समुदायलाई सकारात्मक विभेदको आधारमा सामाजिक मूलधारमा समाहित गर्ने प्रक्रिया नै समता हो । विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता गर्न प्राय असहज भएकाले, पहुँच र सहभागिताको लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानताहरू बीच गरिने असमान व्यवहार नै शैक्षिक समता हो । शैक्षिक समता गन्तव्य नभई एउटा माध्यम मात्र हो । यसको मुख्य उद्देश्य समाजमा समानता स्थापना गर्नु रहेको छ । बाणगङ्गा नगरपालिका एउटा विविधताले भरिपूर्ण नगरपालिका हो । यहाँ थारू, ब्राह्मण, क्षेत्री, दलित, जनजाति, मधेसी, मुस्लिम तथा अपाङ्गता भएका बालबालिकाहरूको बसोवास छ । समग्रमा

महिलाहरूको जनसङ्ख्या यस नगरपालिकामा बढी छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैङ्गिक विभेद विद्यमान छ ।

बालबालिकामा भएका भिन्नताहरूले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनुका कारणहरू पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्त्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्त्वपूर्ण र अत्यावश्यक छ ।

यसमा देखिएका अन्तर तथा चुनौतीहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरूसमेत उल्लेख गरिएको छ ।

### ४.३.२ वर्तमान अवस्था

बाणगङ्गा नगरपालिकामा ४९ वटा सामुदायिक विद्यालय र २६ वटा संस्थागत विद्यालय गरी ७५ विद्यालयहरू सञ्चालनमा छन् । त्यसैगरी सामुदायिक विद्यालयहरूमा ६० वटा बालविकास केन्द्रहरू रहेका छन् फ्ल्यास रिपोर्ट २०८० बमोजिम बालविकास केन्द्र र विद्यालयहरूमा गरी १० जना अपाङ्गता भएका बालबालिकाको विद्यालयमा भर्ना भएको देखिन्छ । अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रवृत्ति प्रदान गर्ने कानुनी व्यवस्था गरिएको छ । जातीयताको हिसावले दलित तथा जनजाति समेतलाई पछाडि परेको वर्गको रूपमा लिइन्छ । यस नगरपालिकामा विद्यार्थी कुल भर्नामा दलितको सङ्ख्या  २११५ रहेको छ भने जनजातिको सङ्ख्या ६५६५ रहेको छ । समुदायमा अझैपनि अपाङ्गता भएका केही बालबालिकाहरू अभिलेखीकरण आउन सकेका छैनन् । ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, दिर्घ रोगहरूबाट पीडित बालबालिकाहरू, अभिभावक र सहाराविहीन बालबालिकाहरू समेत समुदायमा रहेका छन् तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन । त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ । समाजमा पछिपरेको वर्ग र अपाङ्गता भएका वर्ग लगायतका कमजोर वर्गलाई मूल प्रवाहीकरणमा ल्याउन अझै पनि सकिएको अवस्था छैन ।

### ४.३.३ लक्ष्य

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रूपले कमजोर, अपाङ्ग र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँचको सुनिश्चितता गर्ने,

### ४.३.४ उद्देश्य

१. शिक्षामा समतामूलक पहुँच सुनिश्चितता गर्ने,
२. सिकाइमा सबैको अर्थपूर्ण सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने,
३. समता कायम गर्न विद्यालय तथा विभिन्न सङ्घसंस्था, निकाय र कार्यालयहरूका बीच आपसी समन्वय विकास गर्ने,
४. समुदाय तथा विद्यालयमा हुने सबै प्रकारका विभेद, दुर्व्यवहार र अपहेलना आदिलाई न्यूनीकरण गर्ने,

### ४.३.५ रणनीतिहरू

१. घरधुरी सर्वेक्षण गरी  बालबालिकाहरूको सबै प्रकारको विवरण सङ्कलन गरी अध्यावधिक गरी राखिने छ ।
२. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गर्न सहयोग गरिनेछ ।

३. साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरूको लागि स्रोतकक्षाको व्यवस्था गरिनेछ।
४. विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गरिनेछ।
५. समावेशी तथा समतामूलक पहुँचको सुनिश्चितताका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइनेछ।
६. विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन, निरीक्षण तथा अनुसन्धान गरी प्राप्त परिणामलाई आवश्यक कार्यान्वयन गरिनेछ।
७. विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गरिनेछ।
८. विद्यालयहरूमा विशेषत: छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि नगरस्तरमा सुरक्षात्मक नीति निर्माण गर्ने र विद्यालय तहमा 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ।
९. प्रत्येक विद्यालयहरूमा गुनासो पेटिका बनाई राख्न लगाइने छ।
१०. विभिन्न सङ्घसंस्था, निकाय र कार्यालयहरूका बीच आपसी समन्वय विकास गर्दै बालबालिकाहरूको समता विकासको लागि कार्यक्रम बनाई कार्यान्वयनमा जोड दिइनेछ।

### ४.३.६ समस्या तथा चुनौतीहरू

१. सबै किसिमका अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन विश्लेषण र अभिलेखीकरण हुन नसकिएको,
२. पूर्णविभेद रहित वातावरण विद्यालयभित्र कायम गर्न नसकिएको,
३. लैङ्गिक, अपाङ्गमैत्री, भौतिक तथा शैक्षिक वातावरण विद्यालयहरूमा पर्याप्त मात्रामा निर्माण हुन नसक्नु,
४. समाजमा अझै पनि विभेद, दुर्व्यवहार, हेपाइ जस्ता व्यवहार कायमै हुनु र बालमैत्री व्यवहार नहुनु,
५. समाजमा पछिपरेको वर्ग दलित, गरिब, अपाङ्गता भएको व्यक्ति समेतलाई प्रदान गरिने सहायता न्यून हुनु,

### ४.३.७ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रूपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने,

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | एकाई | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अपाङ्गता, गरिव, विपन्न, अभिभावकविहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुने | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |

| क्र.स | सूचक | एकाई | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय सङ्ख्या | | | | | | | |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | लैङ्गिक अनुपात | ९३ | ९३.५ | ९४ | ९४.५ | ९५ | |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | लैङ्गिक अनुपात | ९५ | ९५.५ | ९६ | ९६.५ | ९७ | |
| ४ | लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ति एव प्रोत्साहन प्राप्त गरेको विद्यालय सङ्ख्या | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | |
| ५ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | |
| ६ | विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवम् सबै प्रकारका विभेदको अन्त भएको हुने विद्यालय सङ्ख्या | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | |

## ४.३.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सबै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय | ५ | ५ | ५ | ५ | ४ | २४ |
| ३ | लक्षित बर्गको लागि छात्रवृत्ति वितरण | सङ्ख्या | ० | ५० | ५० | ५० | ५० | २०० |
| ४ | सबै प्रकारका विभेदको अन्तका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ० | २ | २ | २ | २ | ८ |
| ५ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको व्यवस्था | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | |

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| ६ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घ संस्थाबिच जवाफदेही सहितको कार्यगत समन्वय | निरन्तर | १ | २ | २ | २ | २ | ९ |
| ७ | बालबालिकाको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्रीको व्यवस्था | विद्यालय | २५ | ४९ | ० | ४९ | ० | १२३ |
| ८ | वैयक्तिक सिकाइ योजना निर्माण र कार्यान्वयन | सङ्ख्या | ३० | ३५ | ३५ | ३५ | ३५ | १७० |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता शैक्षिक उपलब्धि, गुणस्तरीय जीवनका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकोले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो हुनुपर्दछ । यसका लागि विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणको कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु एउटा मितव्ययी तथा प्रभावकारी तरिका देखिएको छ । विद्यालयमा आधारित पोषण तथा स्वास्थ्य सेवाको न्यूनतम् प्याकेज अन्तर्गत वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण, सबै विद्यालयहरूका लागि प्राथमिक उपचार सामग्रीको बाकस, कक्षा ६ देखि १२ का छात्राहरूलाई आइरन चक्की, सेनिटरी प्याड तथा छात्र र छात्राका लागि अलगअलग शौचालय व्यवस्थापन गरिएको छ साथै विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तथा पोषण र स्वास्थ्यका सवालमा बाल क्लबहरूलाई समेत क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । विद्यालय शिक्षा क्षेत्र योजनाले बालबालिकाको स्वास्थ्य, पोषण, सरसफाई तथा स्वच्छता र खाद्य सम्प्रभुता सम्बन्धमा प्राथमिकता दिए तापनि यिनलाई विद्यालयसँग कसरी जोड्ने भन्ने रणनीति स्पष्ट गरेको देखिँदैन । विद्यालय शिक्षाक्षेत्र योजना र १६ औँ आवधिक योजनामा बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइ उपलब्धिमा सुधार गर्नका लागि स्वास्थ्य तथा पोषण सम्बन्धी विभिन्न कार्यक्रम प्रस्ताव गर्नुपर्ने देखिन्छ ।

विद्यालयहरूमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ ले व्यवस्था गरे अनुसार विद्यालयहरूमा सुरक्षित खानेपानी, सरसफाई तथा विद्यार्थी सङ्ख्या अनुसार अलग अलग शौचालय रहेका छन् । उल्लेखित सुविधा तथा सेवा बाहेक बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्ध पनि विद्यालयमा हुन आवश्यक छ । स्वच्छता प्रवर्द्धन र दिगोपनका लागि विद्यालयहरूमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ को पुनरावलोकन गरी तद् अनुकूलको संस्थागत व्यवस्था गर्न आवश्यक देखिन्छ ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्यक्रम कार्यान्वयनको आधारमा बालविकास देखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम सञ्चालन हुने गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ ले कार्यक्रम सञ्चालनका केही मापदण्ड र प्रक्रिया निर्धारण गरेको छ । वित्तीय अवस्थाको कुरा गर्दा धेरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार सामग्री तथा खाजा बनाउने व्यक्ति लगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रू १५ पर्याप्त देखिँदैन ।

### ४.४.२ वर्तमान अवस्थाः

बाणगङ्गा नगरपालिकामा वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, आइरनचकी (फोलिक एसिड) वितरण, प्राथमिक उपचार सामग्री बाकसको उपलब्धता नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा र स्वास्थ्य शाखाको समन्वयमा विद्यालयमा कार्यक्रम कार्यान्वयन गरिएको छ । प्राथमिक उपचार सामग्रीको बाकस र आवश्यक औषधिहरू सबै

विद्यालयमा उपलब्ध गराउने व्यवस्था भए तापनि त्यसको प्रभावकारी उपयोग हुन सकेको छैन । सबै विद्यालयहरूमा आवश्यकता अनुसार छात्राहरूको महिनावारी स्वच्छताका लागि सेनिटरी प्याडको व्यवस्थापन गरिएको भए तापनि प्रयोग पछिको विसर्जनमा सरसफाई तथा स्वच्छताको मापदण्ड अनुसार व्यवस्थापन गर्न सकिएको छैन । दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न आवश्यक वृहत तथा सूक्ष्म पौष्टिक तत्व समावेश भएका खाद्यसूचीहरू (Menu) स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्राथमिकता दिन सकिएको छैन । यद्यपि दिवा खाजा व्यवस्थापनका लागि जनशक्तिको अभाव विद्यालयहरूले झेल्दै आएका छन् । दिवा खाजाका सन्दर्भमा जङ्कफुडको प्रयोगलाई प्रतिबन्ध लगाइए पनि यसको प्रभावकारी कार्यान्वयनको लागि थप अनुगमन आवश्यक छ ।

### ४.४.३ लक्ष्यः

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने

### ४.४.४ उद्देश्यः

१. बालबालिकाहरूमा स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्ने
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी सिकाइ उपलब्धिमा सुधार गर्नु,
३. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादनसँग आबद्ध गर्नु ,

### ४.४.५ रणनीतिः

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिनेछ ।
२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पूर्वाधार विकास गरिनेछ ।
३. विद्यालयमा आवश्यक सरसफाइको प्रबन्ध गरी स्वच्छता मैत्री विद्यालय निर्माण गरिनेछ ।
४. दिवा खाजाका लागि स्थानीय कृषि उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिइनेछ ।
५. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि सम्बद्ध निकाय तथा सङ्घसंस्थाहरूसँग आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गरिनेछ ।
६. दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनलाई थप प्रभावकारी बनाइनेछ ।
७. स्थानीय स्तरमा सबै सरोकारवालाहरूलाई पोषण र स्वच्छता सम्बन्धी सचेतीकरण गर्ने,

### ४.४.६ समस्या तथा चुनौतीहरू

१. दिवा खाजाका लागि न्यून रकमको उपलब्धता,
२. स्थानीय स्तरमा सबै सरोकारवालाहरूलाई पोषण र स्वच्छता सम्बन्धी सचेतीकरण गर्न नसकिनु ,
३. सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्न नसकिनु,
४. दिवा खाजा व्यवस्थापनका लागि मानव स्रोत तथा आबश्यक भौतिक सामग्रीको व्यवस्था गर्न नसकिनु,
५. दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादनसँग जोड्न नसक्नु,
६. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई नीतिगत तथा कार्यक्रमगतरूपबाट बहुक्षेत्रीय पक्षसँग समन्वय गरी प्रभावकारी बनाउन नसक्नु,

### ४.४.७ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको हुनेछ,

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | एकाई | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिकाको प्रतिशत | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| २ | दिवा खाजा कार्यक्रममा गुणस्तरीय तथा स्थानीय उत्पादनलाइ प्रोत्साहन गर्ने विद्यालयको सङ्ख्या | विद्यालय सङ्ख्या | ६० | ६० | ६१ | ६१ | ६२ |
| ३ | नर्सिङ्ग सेवा तथा स्वास्थ्य सुविधा कक्ष पुगेका विद्यालयहरूको सङ्ख्या | विद्यालय सङ्ख्या | १० | १२ | १४ | १६ | २० |
| ४ | स्वच्छ खानेपानी, शौचालय पहुँच भएका विद्यालय प्रतिशत | प्रतिशत | ६० | ७० | ८० | ९० | १०० |
| ५ | हरित विद्यालय कार्यढाँचा योजनालाइ प्रभावकारी कार्यान्वयन गरेका विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | ३२ | ३६ | ४० | ४५ | ५१ |
| ६ | विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्त्व प्रदायक भिटामिन ए प्रबन्ध गरेका विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय |
| ७ | आइरन फोलिक | विद्यालय | सबै | सबै | सबै | सबै | सबै |

| क्र.सं. | सूचक | एकाई | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| | एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरण गरेका विद्यालय सङ्ख्या | सङ्ख्या | | | | | |

### ४.४.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | ६० | ६० | ६१ | ६१ | ६२ | ४०४ |
| २ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | सङ्ख्या | ० | ८ | ८ | ३ | ० | १९ |
| ३ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | |
| ४ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान | विद्यालय | ३० | ८ | ८ | ६ | ० | ५२ |
| ५ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

विद्यालय सुरक्षा एक महत्त्वपूर्ण पक्ष हो, जसको प्रमुख उद्देश्य विद्यार्थीहरूलाई सुरक्षित वातावरणमा शिक्षण गर्नु हो । विद्यालय सुरक्षाका लागि सरकार, शैक्षिक संस्थाहरू, र स्थानीय समुदायले मिलेर काम गर्न आवश्यक छ । विद्यालय सुरक्षा भित्र भवनको सुरक्षा, आपतकालीन योजनाहरू, विद्यार्थीहरूको भौतिक र मानसिक सुरक्षाहरू पर्दछन् । नेपालमा प्रकोप व्यवस्थापन तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अवस्थालाई कुण्ठित हुन नदीने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समावेश हुँदै आए पनि कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेको छैन । प्राकृतिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा देखापर्ने विपद्का कारणले बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुग्न सक्ने अवरोधबाट बालबालिकाको सिकाइमा हुन पुग्ने क्षतिलाई व्यवस्थापन गर्न

विद्यालय शिक्षा क्षेत्र योजना २०७९ देखि २०८८ सम्म ले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रममा विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलतालाई प्राथमिकता दिँदै कार्यान्वयन ढाँचा समेत समावेश गरेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपत् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान दिइ विपदको पूर्व तयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई शिक्षालयको वार्षिक कार्यतालिकामा राखी विद्यालयमा हुन सक्ने हिंसा असुरक्षा तथा विभेद लगायतका गैर संरचनात्मक विपद एवम् जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री छात्रामैत्री अपाङ्गतामैत्री तथा सुरक्षित हिंसारहित र भयरहित सिकाइ केन्द्रको रूपमा विकास गर्ने उल्लेख छ ।

विद्यालय सुरक्षा, विपत न्यूनीकरण र उत्थानशीलताअन्तर्गत मूलत तीन प्रकारका आपत्कालीन अवस्थाहरू समावेश गरिएको छ। जसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द विस्थापन र बसाईसराईका कारणले बालबालिकाको शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई कम गर्न विद्यालय सुरक्षा विपत न्यूनीकरण उत्थानशील योजनाहरू कार्यान्वयन गर्नुपर्ने अवस्था छ, यसका साथै आपतकालीन अवस्थामा समेत सिकाइ वातावरण तयार तथा सिकाइ क्षती न्यूनीकरणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनमा ल्याएको छ, जसले जोखिमको अवस्थामा पनि अधिकार समावेशीकरण समता र न्याय र पहुँचलाई अभिवृद्धि गर्न सहयोग पुऱ्याउँदछ,

### ४.५.२ वर्तमान अवस्था

बाणगङ्गा नगरपालिकामा विद्यालय भौतिक निर्माणमा मानकहरूको पालना गर्ने प्रयास गरिएको छ यद्यपि धेरै विद्यालयहरूमा भौतिक संरचनाहरू पुराना रहेका छन । भूकम्प प्रतिरोधक संरचना निर्माण भए पनि अन्य सेफ्टी उपकरणहरूको उपलब्धता, र अन्य आपतकालीन सुरक्षा उपायहरूको व्यवस्था गर्न सकिएको छैन । विद्यालयमा विपद सुरक्षाका सम्बन्धमा प्रशिक्षित शिक्षकहरूको उपस्थिति, र विद्यार्थीहरूको लागि नियमित सुरक्षा तालिमहरू सञ्चालन गर्न सकिएको छैन । बाणगङ्गा नगरपालिकामा केही विद्यालयहरू बाढी, आगलागी, चट्याङ जस्ता प्रकोपको जोखिममा छन् । बाणगङ्गा नगरपालिकाले विपदको समयमा विद्यालयहरू क्षति भएमा वा भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अवस्था नभएमा तत्काल शैक्षिक निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने र सामान्य अवस्थामा यसको लागि पूर्व तयारी तथा सुरक्षित विद्यालय कार्यढाँचालाई कार्यान्वयन गर्न सहयोग गर्ने, वैकल्पिक सिकाइको निरन्तरताका लागि उपयुक्त ठाउँको पहिचान गरी आवश्यक सामग्रीहरूको तयारी गर्ने, सुरक्षित सिकाइको वातावरण तयार गरी शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिने, संरक्षण तथा शिक्षा क्षेत्रको क्षति र आवश्यकताको लेखाजोखा गरी पुनस्थापना र पुनर्निर्माणमा सहयोग गर्ने र विद्यालयमार्फत स्वास्थ्य सङ्कट एवम् विपद सुरक्षा सम्बन्धी चेतना समुदायमा विस्तार गर्न सहयोग गर्ने उद्देश्य राखेको छ । यस नगरपालिकाका ११ वटा विद्यालयहरूले आपतकालीन योजना निर्माण गरीसकेका छन् तथापि विद्यालय सुधार योजनामा विद्यालयहरूले आपतकालीन योजनाहरू प्रभावकारीरूपमा समावेश गरेको पाइँदैन जसले गर्दा विपद् व्यवस्थापन, तत्काल उद्धार योजना, विद्यार्थी र कर्मचारीहरूको सुरक्षा सुनिश्चित गर्ने उपायहरू अवलम्बन हुन सकेका छैनन् । विपद् व्यवस्थापनको लागि विद्यालयका शिक्षक र कर्मचारीहरूलाई नियमित तालिम दिनु र विद्यार्थीहरूलाई विपद् प्रतिरोधक उपायहरूको बारेमा जनचेतना जगाउनु आवश्यक छ । विद्यालयको उत्थानशीलता भनेको विद्यालयको क्षमता र दीर्घकालीन विकास सुनिश्चित गर्नका लागि अपनाइने उपायहरू भए पनि यसमा शैक्षिक सुधार, समुदायको संलग्नता, र संरचनात्मक सुधारहरूको प्रयास भएको छैन । यद्यपि यस पालिकाले विपत जोखिम न्यूनीकरण तथा विपत व्यवस्थापन गर्न बनेको ऐन, २०७५, विपत उत्थानशील कार्ययोजना र बाणगङ्गा नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि-२०७४ निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

### ४.५.३ लक्ष्यः

विपत् व्यवस्थापन तथा उत्थानशीलता प्रणालीको विकास गरी भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्दै वैकल्पिक सिकाइको माध्यमबाट विपतको समयमा बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्ने,

### ४.५.४ उद्देश्य

१. सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु,
२. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु
३. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु

### ४.५.५ रणनीति

१. विपदको समयमा सिकाइ निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गरिनेछ।
२. सम्भावित प्रकोप तथा विपत् सम्बन्धी पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराइनेछ।
३. कोभिड १९ जस्ता महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गरिनेछ।
४. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरिनेछ।
५. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने व्यवस्था मिलाइनेछ।
६. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिनेछ।
७. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गरिनेछ।
८. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८०अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत् व्यवस्थापन तथा विपत् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्ष सम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने व्यवस्था मिलाइनेछ।
९. विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाइनेछ।
१०. हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका निम्ति आवश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ।

### ४.५.६ समस्या तथा चुनौतीहरू

१. सबै विद्यालयहरूमा भौतिक निर्माणमा मानकहरू पालना हुन नसकेको,
२. धेरै विद्यालयहरूमा भौतिक संरचनाहरू पुराना रहेका,
३. सबै विद्यालयहरूमा सेफ्टी उपकरणहरूको उपलब्धतामा कमी,
४. प्रशिक्षित जनशक्तिको अभाव,
५. सबै विद्यालयहरूको आपतकालीन योजना निर्माण हुन नसकेको,

### ४.५.७ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ,
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ,
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ,

**अपेक्षित नतिजा**

विपत् व्यवस्थापन तथा उत्थानशीलता प्रणालीको विकास भई भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्दै वैकल्पिक सिकाइको माध्यमबाट विपतको समयमा बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | एकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |
| २ | हरित विद्यालय कार्यढाँचा योजना निर्माण | विद्यालय | ३२ | ३६ | ४० | ४५ | ५१ | |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |
| ४ | विद्यालयमा आपतकालीन कोषको स्थापना | विद्यालय | ० | ५ | १० | १५ | २५ | |
| ५ | अपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा पनि वैकल्पिक व्यवस्था अनुसारको सिकाइ क्रियाकलाप सञ्चालन भएको हुने | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |

### ४.५.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | ० | १ | १ | १ | १ | ४ |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | ० | १ | १ | १ | १ | ४ |
| ३ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ |
| ४ | बृहत विद्यालय सुरक्षा सम्बन्धी शिक्षक तथा विव्यस तालिम | पटक | ० | १ | १ | १ | १ | ४ |
| ५ | विपत् प्रतिरोधी विद्यालय सङ्ख्या | विद्यालय | ० | १० | १० | १० | १० | ४० |
| ६ | सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |
| ७ | विद्यालय विपद उत्थानशील योजना | विद्यालय | ० | सबै | सबै | सबै | सबै | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षा ऐन तथा नियमावलीमा तोकेको मापदण्ड अनुसार बालबालिकाको पठनपाठनको लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, दिसा पिसाबका लागि शौचालय, सरसफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचनाहरू हुन्। राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, पुस्तकालय, बुक कर्नर, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, सभाहल, कम्प्युटर कक्ष, मञ्च, बगैँचा जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने जस्ता नीतिगत व्यवस्था गरिएको छ।

### ४.६.२ वर्तमान अवस्था

विद्यालयको भौतिक संरचनाको निर्माण पश्चात उक्त संरचनाको मर्मत सम्भार र व्यवस्थित प्रयोग आजको आवश्यकता हो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ ज (१३) मा सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन नगरपालिकाको काम, कर्तव्य र अधिकारको रूपमा उल्लेख भएको छ। विद्यालय भौतिक संरचनाको दिगोपनाको लागि सरकारी तथा गैर सरकारी सङ्घसंस्थाको सहयोगमा निर्माण भएका सामुदायिक विद्यालयहरूको विद्यालय परिवार, स्थानीय समुदाय, नागरिक समाजका साथै विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको सहभागितामा मर्मत सम्भारका कार्यहरू अगाडि बढाउन सहयोग प्राप्त भएको छ । यस नगरपालिकामा ४९ ओटा सामुदायिक विद्यालयहरूमध्ये धेरै विद्यालयमा भवन र कक्षाकोठा पर्याप्त भए तापनि केही विद्यालयमा अझैपनि अभाव देखिन्छ। कतिपय विद्यालयमा खेल्नका लागि खेलकुद मैदान, घेरावार, खानेपानी, पुस्तकालय, प्रयोगशाला, जिन्सी कोठा, बुक कर्नर जस्ता पूर्वाधार पुग्न सकेका छैनन्। कक्षाअनुसारको कक्षाकोठा, प्रशासन, लेखा, बैठक कक्ष जस्ता सुविधाहरू अझै नपुग देखिन्छ, कतिपय विद्यालयमा सुरक्षित र स्वच्छ खानेपानीको व्यवस्था समेत छैन। पुस्तकालयका लागि फर्निचर, प्रयोगशाला सामग्रीको अभाव छ,

प्राथमिकता प्राप्त न्यूनतम् सक्षमता भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालय, बुक कर्नर समेत हालसम्म पूर्ण हुन सकेको छैन । भौतिक पूर्वाधार सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गरिए पनि प्राविधिक एवम् वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन।

पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउने, सुरक्षित विद्यालयको लागि भौतिक पूर्वाधारका लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास गर्ने, पूर्वाधार विकास एवम् विस्तारका लागि गुरूयोजना निर्माण, आवश्यक स्रोतको प्रबन्ध, भौतिक पूर्वाधारहरू अपाङ्गतामैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री बनाउने चुनौतीहरू विद्यमान छन्,

यस नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरूको भौतिक संरचनागत विवरणः

**तालिका नं ९**

**विद्यालय भौतिक संरचनाहरूको विवरण**

| जम्मा विद्यालय | भवन किसिम | | जम्मा कक्षा कोठा | | अपुग कक्षा कोठा | मर्मत गर्नुपर्ने | विस्थापित गर्नुपर्ने | पुस्तकालय | विज्ञान प्रयोगशाला | आई.सि.टी. प्रयोगशाला | अन्य प्रयोजनको लागि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आर.सि.सी. ढलान | टिनको छाना | आर.सि.सी. ढलान | टिनको छाना | | | | | | | |
| ४९ | ३४ | ३७ | ३५९ | १३९ | १०७ | ७० | १३९ | २३ | १७ | १६ | ५६ |

*स्रोतः शिक्षा, युवा तथा खेलकुद शाखा, बाणगङ्गा नगरपालिका*

### ४.६.३ लक्ष्य

सबै विद्यालयमा बालमैत्री, अपाङ्गतामैत्री, सुरक्षित र पर्याप्त भौतिक संरचना निर्माण गर्ने

### ४.६.४ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्डलाई कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु

### ४.६.५ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपणको आधारमा मापदण्ड विकास गरिनेछ।
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गरिनेछ।
३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गरिनेछ।
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण एवम् मर्मत सम्भार गरिनेछ।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।
६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने कार्य गरिनेछ।
७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गरिनेछ।

### ४.६.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने

२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुने

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय कोठा | ३५९ | ३८९ | ४१४ | ४४४ | ४८४ | |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | २० | ४० | ६५ | ९० | १३५ | |
| ३ | मर्मत सम्भार गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | २० | २७ | ३४ | ४० | ४६ | |
| ४ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ३ | ५ | ७ | १० | १५ | |
| ५ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ५ | १० | १५ | २० | २५ | |
| ६ | बाढी लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | १ | २ | ३ | ५ | ७ | |

### ४.६.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | भूकम्प प्रतिरोधी कक्षाकोठा निर्माण | सङ्ख्या | २० | ३५ | ३० | ३५ | ३५ | १५५ |
| २ | विद्यालयको रंगरोगन तथा सबलीकरण | सङ्ख्या | ५ | ७ | ८ | ८ | १२ | ४० |
| ३ | मर्मत सम्भार गर्नुपर्ने कोठा | सङ्ख्या | २० | २७ | ३४ | ४० | ४६ | १६७ |
| ४ | विद्यालयमा नयाँ फर्निचर निर्माण तथा मर्मत सम्भार | कक्षा कोठा सङ्ख्या | ० | १५ | १५ | २० | १५ | ६५ |
| ५ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यार्थी सङ्ख्या | ४१५ | ४६० | ५१५ | ६२५ | ६७५ | २६९० |
| ६ | प्रारम्भिक बालविकासका लागि पानी तथा | विद्यालय सङ्ख्या | ० | १० | १० | १० | १० | ४० |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| | सरसफाइका साथै अलग्गै शौचालय | | | | | | | |
| ७ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | २० | २५ | ३० | ४० | ४० | १५५ |
| ८ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रूजुसूची भर्ने | पटक | ४० | ५२ | ६४ | ८० | ८६ | ३२२ |
| ९ | बाउण्ड्रीवाल निर्माण | विद्यालय सङ्ख्या | ० | ७ | १० | १२ | १२ | ४१ |
| १० | स्वच्छ पिउने पानी तथा सरसफाईको प्रबन्ध | विद्यालय सङ्ख्या | ० | १० | ९ | ९ | १० | ३८ |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

विद्यालयमा सूचना तथा सञ्चार प्रविधि भन्नाले कम्प्युटर, ईमेल, ईन्टरनेट आदिको उपयोग गरी सिकाइलाई प्रभावकारी बनाउने कार्यलाई जनाउँदछ । आजको विश्व सूचना प्रविधिले एउटा स्मार्ट ग्राम जस्तै बनीरहेको र २१औं शताब्दीका बालबालिकालाई प्रविधिसँग सूसूचित गराउन पाठ्यक्रम तथा मूल्याङ्कनमा समेत समावेश गरी प्रविधि सम्बन्धी सक्षमता हासिल गर्न विद्यालय शिक्षामा यसको प्रयोग अपरिहार्य छ । यसले विद्यालयको पठनपाठन, व्यवस्थापन र समग्र शैक्षिक सुधारमा योगदान पुराउँदछ । सूचना र सञ्चारको प्रभावकारी प्रयोगले शिक्षक, विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवाला बीच सुसम्बन्ध कायम गर्न मद्दत पुऱ्याउँदछ । विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, सूचना तथा सञ्चार प्रविधि बारेमा सिकाइ (Learning about ICT), सूचना तथा सञ्चार प्रविधिको सहयोगले सिकाइ (Learning with ICT) र सूचना तथा सञ्चार प्रविधिको साथसाथमा सिकाइ (Learning through ICT) को माध्यमबाट गर्न सकिन्छ ।

नेपालको संविधानले राज्यका निर्देशक सिद्धान्त अन्तर्गत धारा ५१ को ज१ मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायियक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिकवान् एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने उद्देश्य लिएको छ । शिक्षाको राष्ट्रिय नीति २०७६ को धारा ४८ मा सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अङ्गको रूपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ । सूचना प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा सबैको पहुँच पुऱ्याउने नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरूयोजना कार्यान्वयन गर्ने लगायतका नीति उल्लेख गरेको छ । सूचना प्रविधिको प्रयोगबाट सबै विषयहरू शिक्षण गरी युगको माग अनुरूपका मानवसंसाधनको उत्पादन गर्नु आजको आवश्यकता हो । शिक्षा क्षेत्रमा सूचना प्रविधिलाई समुचित प्रयोग गर्न सके कृषि, वाणिज्य, उद्योग, पर्यटन रोजगार लगायतका क्षेत्रमा पनि ठूलो परिवर्तन ल्याउन सकिन्छ भन्ने तथ्यलाई हामी सबैले ग्रहण गर्नु आवश्यक छ । आजको मूल कार्यभार युगसापेक्ष सूचना प्रविधिको उपयोग गरी विद्यार्थीहरूलाई शिक्षण गरी सिकाइलाई प्रविधिमैत्री बनाउनु हो यसरी सिकाइलाई सूचना प्रविधिसँग जोड्दा कोभिड–१९ जस्तै अन्य माहामारीमा समेत सूचना प्रविधिलाई प्रयोग गरी पठनपाठन र सिकाइलाई निरन्तरता दिन सकिन्छ ।

### ४.७.२ वर्तमान अवस्था

बाणगङ्गा नगरपालिकामा शिक्षामा सूचना प्रविधिको विकास र विस्तारको लागि विद्यालयहरूमा विद्युतीकरणसँगै इन्टरनेट सेवाको प्रबन्ध गरेको भए तापनि विद्यालयहरूका सबै विद्यार्थीहरूको पहुँचमा उक्त सेवा पुग्न सकेको छैन । नगरमा हालसम्म १६ वटा विद्यालयमा आईसिटी ल्याब, १५ वटा विद्यालयहरूमा स्मार्ट बोर्ड, सबै विद्यालयमा १-१ वटा ल्यापटप र केही विद्यालयहरूमा प्रोजेक्टरको व्यवस्था रहेको छ । नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतका निकायबाट सिकाइका लागि तयार पारिएका डिजिटल सामग्रीको प्रयोग यस पालिका अन्तर्गतका अधिकांश विद्यालयहरूले गरिरहेको अवस्था छ ।

### ४.७.३ लक्ष्यः

सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको समतामूलक पहुँच पुऱ्याइ सिकाइलाई सान्दर्भिक, प्रभावकारी र गुणस्तरीय बनाउने

### ४.७.४ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउने
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने

### ४.७.५ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गरिनेछ ।
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गरिनेछ ।
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।
५. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गरिनेछ ।
६. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गरिनेछ ।

### ४.७.६ समस्या तथा चुनौतीहरुः

१. सूचना प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन गर्न नसक्नु,
२. स्थानीय स्तरमा सूचना प्रविधिमैत्री पाठ्यक्रम र पाठ्यपुस्तक तथा अन्य डिजिटल सामग्रीको उत्पादन र प्रयोग नहुनु,
३. सूचना प्रविधिको प्रयोग गर्न सबै शिक्षकहरूलाई तालिम प्रदान गरी सीप विकास गर्न नसक्नु,
४. सूचना प्रविधिको प्रयोगलाई शिक्षण सिकाइ कार्यमा जोड्न नसक्नु,
५. सूचना प्रविधिको क्षेत्रमा आवश्यकतानुसार लगानी नहुनु,
६. सूचना प्रविधिको कार्यान्वयन प्राथमिकतामा नपर्नु

### ४.७.७ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको समतामूलक पहुँचको सुनिश्चितता भई सिकाइ सान्दर्भिक, प्रभावकारी र गुणस्तरीय हुनेछ,

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | २५ | ३० | ३५ | ४० | ५१ | |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १६ | २१ | २६ | ३१ | ३३ | |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |

### ४.७.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी इलाइब्रेरी स्थापना | विद्यालय | ४ | ५ | ५ | ५ | ११ | ३० |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय |
| ३ | शिक्षकको क्षमता विकास | जना | ५० | १०० | १५० | २०० | २५० | ७५० |
| ४ | विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको व्यवस्था | वटा | ० | ५ | ५ | ५ | ११ | २६ |
| ५ | IEMIS व्यवस्थापन | | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय |
| ६ | सामुदायिक सिकाइ | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| | केन्द्रहरूको क्षमता विकास | | | | | | | |
| ७ | विद्यालमा इ हाजिरी व्यवस्थापन | वटा | ० | १६ | १ | ० | १ | १८ |
| ८ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, प्रोजेक्टर, ल्यापटप र इन्टरनेट लगायतको व्यवस्थापन (लागत सहभागिताका अधारमा) | विद्यालय | ० | १५ | १५ | १५ | ६ | ५१ |
| ९ | वायरलेस माईक्रोफोनको व्यवस्था (Classroom teaching) (लागत सहभागिताका अधारमा) | शिक्षक सङ्ख्या | ० | ९२ | ८० | ११४ | ११४ | ४०० |

# परिच्छेद ५ : अन्य उपक्षेत्र

## ५.१ मन्टेश्वरी शिक्षा

### ५.१.१ परिचय

सामान्यतय दुई वर्ष देखि छ वर्ष सम्मका बालबालिकाहरूलाइ सबै ईन्द्रियहरूको प्रयोगमार्फत हेरेर, छोएर, गरेर तथा व्यक्तिगत एवम् समूहगतरूपमा विभिन्न क्रियाकलाप वा खेलमा सहभागी गराएर सिकाउने विधि मन्टेश्वरी शिक्षा हो। मन्टेश्वरी शिक्षा कक्षामा विद्यार्थीहरूले परम्परागत विद्यालयमा जस्तै घोकेर र रटेर नभई प्रयोगात्मक विधिमार्फत आफैं सिक्ने भएकाले यो शिक्षा व्यावहारिक तथा बाल केन्द्रित छ। यसमा विद्यार्थीको रूचि र आवश्यकता अनुसार पाठ्यक्रम तर्जुमा गरी शिक्षण सिकाइ गरिन्छ। दुई देखि छ वर्ष उमेर समूहका बालबालिकाहरूलाई अक्षर चिनाउन तथा पढाउन हतार नगरी स्वस्थ रहन, पालो कुर्न आफ्नो काम आफैं गर्न, सकारात्मक सोच्न, अरूलाई आदर गर्न, शिष्ट बोल्न, सोधेको कुरा उचित जवाफ दिन र आफूले प्रयोग गरेका सामग्री ठिक ठाउँमा राख्न, अरूका सामन प्रयोग गर्नु अघि सोधेर अनुमति लिन, समस्या पर्दा नआत्तिन, इमान्दार रहन, अरूलाई असल व्यवहार गर्न उत्प्रेरित गर्न, संतुलित आहार मन पराउन, अनुशासित हुन, सृजनशील र सहनशील बन्न जस्ता व्यावहारिक पक्षको विकास गराउन मन्टेश्वरी शिक्षा दिनु जरूरी छ।

### ५.१.२ वर्तमान अवस्था:

यस नगरपालिका भित्र सामुदायिक विद्यालयमा बाल विकास केन्द्रलाई मन्टेश्वरी अवधारणबाट विकास गर्न खोजिएको छ। ६० वटै बालविकास केन्द्रलाई यथेष्ठ शैक्षिक तथा खेलकुद सामग्रीले सम्पन्न गरी मन्टेश्वरी केन्द्रका रूपमा विकास गरिने लक्ष्य लिईएको छ। बालविकास केन्द्रका सबै स.का हरूलाई पालैपालो मन्टेश्वरी तालिमको प्रबन्ध गर्दै सक्षम बनाइने छ भने नयाँ नियुक्ति गर्दा स.का को वाञ्छनीय योग्यतामा उक्त तालिमलाई समावेश गरिनेछ, संस्थागत विद्यालयहरूका पूर्व प्राथमिक तहका कक्षाहरू समेत सोही दिशामा विकसित भई रहेको पाईन्छ। नगरपालिका भित्र मन्टेश्वरी शिक्षाको नाममा ३ वटा संस्थागत शैक्षिक संस्थाहरूले सम्बन्धन लिई कार्यक्रम अगाडि बढाइरहेका छन्।

### ५.१.३ लक्ष्य :

खेल तथा अभिनयका माध्यमबाट बालबालिकाहरूमा आवश्यक आधारभूत सामाजिकीकरणका सीपको विकास गर्ने,

### ५.१.४ उद्देश्यहरू:-

१. दुई वर्ष देखि ६ वर्ष उमेरसमूहका बालबालिकाको सर्वाङ्गीण विकासका लागि अभिभावकलाई सहयोग र सचेत गराउने,
२. मन्टेश्वरी शिक्षा कार्यक्रमको माध्यमबाट बालबालिकामा आवश्यक क्षमता ( शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक) को विकास गराउने,
३. मन्टेश्वरी शिक्षाको सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,

### *५.१.५ रणनीति:-*

१. पोषण तथा स्वास्थ्यको विषयमा अभिभावकलाई सचेत बनाइनेछ।
२. सहजकार्यकर्ताले शिष्टाचार तथा सामाजिकीकरणका कुराहरू सिकाउनेछन्।
३. मन्टेश्वरी शिक्षा सञ्चालनका निर्देशिका तयार गरी कार्यान्वयन गर्ने कार्य गरिनेछ।
४. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

### ५.१.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

बालबालिकाहरूलाई गुणस्तरीय मन्टेश्वरी शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ,

**नतिजा तथा परिमाणात्मक लक्ष्य:**

| क्र.सं. | सूचक | एकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक मन्टेश्वरी कुल भर्ना सङ्ख्या | सङ्ख्या | १८० | २०० | २५० | ३०० | ३५० |
| २ | न्यूनतम् मापदण्ड पूरा गरेका मन्टेश्वरी केन्द्रको सङ्ख्या | सङ्ख्या | ३ | ५ | ७ | १० | १२ |

### ५.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य:

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | प्रारम्भिक मन्टेश्वरी कुल भर्ना सङ्ख्या | सङ्ख्या | १८० | २०० | २५० | ३०० | ३५० | १२८० |
| २ | न्यूनतम् मापदण्ड पूरा गरेका मन्टेश्वरी केन्द्रको सङ्ख्या | सङ्ख्या | ३ | ५ | ७ | १० | १२ | ३७ |
| ३ | बालविकास केन्द्रका सहजकर्तालाई मन्टेश्वरी शिक्षाको तालिम | सङ्ख्या | ० | १५ | १५ | १५ | १५ | ६० |
| ४ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने (संस्थागत समेत) | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | अभिभावक शिक्षा कार्यक्रम सन्चालन | पटक | ० | १ | १ | १ | १ | ४ |
| ६ | मन्टेश्वरी शिक्षा निर्देशका निर्माण | पटक | ० | १ | ० | ० | ० | १ |

### ५.२ उच्च शिक्षा व्यवस्थापन

मानवीय पुँजी विकासको आधार उच्च शिक्षा हो, समान्यतया कक्षा १२ पछीको शिक्षालाई उच्च शिक्षा भन्ने गरिन्छ। उच्च शिक्षा सञ्चालनका लागि विश्व विद्यालयहरू स्थापना गरिएका हुन्छन्। विश्व विद्यालय भनेका डिग्री वा क्रेडेन्सियल प्रदान गर्न सक्ने शैक्षिक संस्था हुन्। नेपालको शैक्षिक संरचनामा पनि कक्षा १२ उत्तीर्ण गरेको जनशक्तिलाई प्रदान गरिने उच्च स्तरको मानव संशाधनको विकास गर्ने शिक्षालाई उच्च शिक्षा भनीएको छ। यसका लागि १७ वटा विश्व विद्यालयहरूले स्नातक तह, स्नातकोत्तर तह, एम फिल तह र अनुसन्धान तह गरी चार तहको उच्च शिक्षा प्रदान गर्ने नीतिगत प्रावधान रहेको छ। अहिले मुलुकमा सङ्ख्यात्मक रूपमा उच्च शिक्षा प्रदायक संस्थाहरूको विस्तार भएको देखिए तापनि गुणस्तरीय उच्च शिक्षाको पहुँच र अवसर समतामूलक बन्न सकेको छैन यद्यपी उच्च शिक्षा सञ्चालनका लागि तीनै तहका सरकारहरू, समुदाय र निजी क्षेत्र समेत क्रियाशील रहेको देखिन्छ। देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक,

स्वावलम्बी, प्रविधिमैत्री, सीप मुलक, रोजगार उन्मुख तथा मूल्य मान्यतामा आधारित उच्च तहको जनशक्ति उत्पादन गर्न उच्च तहको शिक्षाको आवश्यकता पर्दछ।

### ५.२.१ वर्तमान अवस्था:

देशले विविध क्षेत्रमा उन्नति हासिल गर्नको लागि दक्ष जनशक्तिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। उच्च शिक्षा विशिष्टिकृत हुने भएकोले विद्यार्थीहरूले आफ्नो रूचिको विषयमा विशेष ज्ञान, सीप र दक्षता हासिल गर्दछन् जसबाट समाज र देशले विशेष फाइदा पाउन सक्ने आशा गर्न सकिन्छ। पालिकाको विकासको मूल  आधार समेत दक्ष जनशक्ति रहेकोले पालिकाभित्र उच्च शिक्षा अध्ययन गराउने शैक्षिक संस्थाहरू पालिकाका धरोहरहरू हुन। यस पालिकामा २ वटा सामुदायिक तथा २ वटा निजि गरी जम्मा ४ वटा क्याम्पसहरू सञ्चालित छन्। पालिका भित्र सञ्चालित सबै भन्दा पुरानो क्याम्पस सिद्धार्थ क्याम्पसमा स्नातकोत्तर तहका एम वि एस र एम एडका कक्षाहरू  सम्म सञ्चालित छन भने अन्य ३ वटा क्याम्पसहरूमा विभिन्न विषयका स्नातक कक्षाहरू सञ्चालनमा आएका छन्, क्याम्पसका  विद्यार्थीहरूको विवरण तपसिल अनुसार रहेको छ।

**तालिका नं १०**

**क्याम्पसहरूको विवरण**

| क्र.सं. | क्याम्पसको नाम | ठेगाना | विद्यार्थी सङ्ख्या |
|---|---|---|---|
| १ | सिद्धार्थ क्याम्पस, बुङ्ची | बाणगङ्गा नगरपालिका वडा नं १ | १३५० |
| २ | बाणगङ्गा बहुमुखी क्याम्पस | बाणगङ्गा नगरपालिका वडा नं ८ | ३८१ |
| ३ | सय पत्री क्याम्पस | बाणगङ्गा नगरपालिका वडा नं ४ | १६७ |
| ४ | लुम्बिनी भिजन कलेज | बाणगङ्गा नगरपालिका वडा नं ३ | २१० |

### ५.२.२ लक्ष्य:

पहुँच  र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रर्वतनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउने

### ५.२.३ उद्देश्य

१. नगरपालिका भित्र सञ्चालित क्याम्पसहरूलाई अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने,
२. उच्च शिक्षामा नगरपालिका  र समग्र मुलुकले अपेक्षा गरेअनुरूप दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि नगरपालिका मा रहेका माध्यमिक विद्यालयहरूमा गुणस्तरीय किसिमबाट विषयगत अध्ययन अध्यापनको व्यवस्था गर्ने
३. पहुँच  र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई प्रविधिमैत्री र रोजगारमूक बनाउने
४. उच्च शिक्षालाई नगरपालिका को मौलिक ज्ञान र पहिचानको आधार स्तम्भका रूपमा स्थापित गर्नु

### ५.२.४ रणनीति

१. समय अनुकूल उच्च तहको दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि पूर्वाधारको रूपमा नगरपालिका भित्र रहेका माध्यमिक विद्यालयहरूमा प्राविधिक विषयहरूको अध्ययन अध्यापन गुणस्तरीय किसिमबाट सञ्चालन गरिनेछ।
२. शिक्षण पद्धतिलाई व्यवहारीक तथा अनुसन्धान मुलक बनाउँदै विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षाको माध्यमबाट  प्रत्यक्ष रूपमा आयआर्जनसँग आबद्ध गरिनेछ।
३. संघ तथा प्रदेश सरकार सँगको सहकार्य बाट उच्च शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक उपयोग गर्दै नगरपालिका  तहमा सञ्चालन गरिने उच्च शिक्षाका कार्यक्रमहरूलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरको हुने गरी स्तरीय र आकर्षक बनाइने छ।

४. कक्षा १२ उत्तीर्ण विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच सुनिश्चितता गर्न उत्कृष्ट, अतिविपन्न, गरिब, अपाङ्ग, दलित तथा अति सीमान्तकृत विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिनेछ,
५. उच्च शिक्षा अध्यापन गराईने शैक्षिक संस्थाहरूको बीचमा समन्वय र सहकार्य गरिनेछ,
६. विज्ञान तथा प्रविधि शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको लागि प्रोत्साहन गरिनेछ,

### ५.२.५ प्रमुख उपलब्धि तथा नतिजा

पहुँच र गुणस्तर अभिवृद्धि भई उच्च शिक्षा वैज्ञानिक, नवप्रर्वतनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक हुनेछ,

### ५.२.६ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | उच्च शिक्षा प्रदायक क्याम्पस सञ्चालन र व्यवस्थापन | वटा | २ | २ | २ | २ | २ | १० |
| २ | कृषि, वन, पूर्वीय दर्शन, पशुपंक्षीपालन लगायतका प्राविधिक विषयहरू तथा होटल व्यवस्थापन जस्ता विषयहरूको अध्ययन अध्यापन गराउने स्नातक तह क्याम्पस स्थापना | | ० | ० | १ | ० | ० | १ |
| ३ | उच्च शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | उच्च शिक्षामा छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | क्याम्पसहरू विचमा अनुभाव आदान प्रदान, असल सिकाइ स्थान्तरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | अनुसन्धान प्रकाशन सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | उच्च शिक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने, एम फिल तथा पिएच डी हासिल गर्ने जनशक्तिलाई सम्मान | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | सामुदायिक क्याम्पसलाई पूर्वाधार विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूलाई पेड इन्टनसिपको व्यवस्था | सङ्ख्या | ५ | ७ | १० | १० | १० | ४२ |

### ५.३ प्रज्ञा प्रतिष्ठान

भाषा, साहित्य, कला तथा संस्कृतिले व्यक्ति तथा समाजको पहिचान झल्काउँछ, कला र संस्कृतिले नै मानवको विकासको अवस्थालाई प्रतिबिम्बित गरेको हुन्छ । व्यक्तिबाट समाज र समाज बाट राष्ट्र निर्माण हुने आधार नै ती क्षेत्रका भाषा, साहित्य कला तथा संस्कृति हुन, विद्यमान भाषा, सहित्य, कला, संस्कृतिको अध्ययन अन्वेषण, संरक्षण तथा प्रवर्द्धन गर्दै यी पक्षको मौलिक

सृजनात्मक वातावरणको निर्माण, विद्वान एवम् प्रतिभाहरूको सम्मान, सृजनात्मक चिन्तन र रचनात्मक कार्यका लागि सम्पूर्ण सरोकारवाला निकायहरूलाई क्रियाशील गराउन स्थापना गरिने प्राज्ञिक संस्थानै प्रज्ञा प्रतिष्ठान हो ।

### ५.३.१ वर्तमान अवस्था

बाणगङ्गा नगरपालिका विभिन्न जात जाति, भाषा भाषिको सम्मिश्रीत बसोवासको सँगम स्थल हो, नगरपालिका भित्र रहेका फरक जातिहरूले अपनाउदै आएको विभिन्न भाषा, कला, साहित्य, धर्म, संस्कृति र परम्पराको संरक्षण र प्रवर्द्धन गर्ने मुख्य दायित्व स्थानीय सरकारको हो । विविधता भित्र एकता कायम गर्दै सदियौँ देखि कायम रहेको सामाजिक सदभाव र संस्करलाई उच्च विकास गर्न तथा यस क्षेत्रका धार्मिक एवम् पर्यटकीय स्थलहरूको पहिचान, संरक्षण, सम्वर्धन तथा प्रचारप्रसार गर्ने उद्देश्यका साथ स्थापना गरिएको बाणगङ्गा प्रज्ञा प्रतिष्ठान बाणगङ्गा नगरपालिकाको गौरव हो । वि.स २०८१ मा स्थापित यस प्रतिष्ठानको उद्देश्य स्थानीय स्तरको भाषा, कला, साहित्य, सङ्गीत र संस्कृतिको संरक्षण तथा व्यक्तिमा नैतिकता सदाचारको अभिवृद्धि एवम् नव प्रतिभाहरूमा साहित्यको विधागत विशिष्ठीकरण गर्नु हो ।

### ५.३.२ लक्ष्य:

भाषा, साहित्य, सङ्गीत, कला र संस्कृतिले सम्वृद्ध सभ्य समाजको निर्माण गर्ने,

### ५.३.३ उद्देश्य

१. स्थानीय स्तरमा प्रचलित भाषा, कला, साहित्य, सङ्गीत र संस्कृति सँग सम्बन्धित प्रतिभाहरूलाई प्रोत्साहित गर्ने
२. समान प्रकृतिका सङ्घ संस्थाहरूका बीच आपसी अनुभव आदान प्रदानका माध्यमबाट प्रतिष्ठानको क्षमता अभिवृद्धि गर्ने
३. पठन तथा लेखन संस्कृतिलाई प्रोत्साहान गर्ने

### ५.३.४ रणनीति

१. स्थानीय स्तरमा प्रचलित भाषा, कला, साहित्य, सङ्गीत र संस्कृति सँग सम्बन्धित प्रतिभाहरूलाई प्रोत्साहान गरिनेछ ।
२. बाणगङ्गा नगर भित्रका धार्मिक एतिहासिक तथा पर्यटकीय स्थलको पहिचान संरक्षण तथा सम्वर्दन गरिनेछ ।
३. स्थानीय सहित्यिक लेख, रचना प्रकाशनको अभिलेखिकरण तथा श्रष्ठा सम्मान गर्ने कार्य गरिनेछ ।
४. बाणगङ्गा पर्यटन सर्किट तयारका लागि दिर्घकालि योजना निर्माण तथा कार्यान्वयन गरिनेछ ।
५. विद्यालय तथा शिक्षालयका विद्यार्थीहरूमा सहित्यिक अभिप्रेरण जगाउने कार्य गरिनेछ ।
६. सार्वजनिक पुस्तकलायको सञ्चालन, संरक्षण र प्रर्वधन गरिनेछ ।

### ५.३.५ प्रमुख उपलब्धि तथा नतिजा

भाषा, साहित्य, सङ्गीत, कला र संस्कृतिले सम्वृद्ध सभ्य समाजको निर्माण भएको हुनेछ,

## ५.३.६ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | |
| १ | बाणगङ्गा पर्यटन सर्किटका लागि नगर पाश्व चित्र निर्माण गर्ने | पटक | ० | १ | ० | १ | ० | २ |
| २ | साहित्यिक सम्मेलन तथा गोष्ठी | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| ३ | स्थानीय भाषा, कला, संस्कृति,साहित्यको खोज तथा अनुसन्धान | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | विद्यालय तथा शिक्षालयहरूमा सहित्यिक जागरण अभियान | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | सार्वजनिक पुस्तकालयको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | साहित्यिक दिवास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | नगरगान निर्माण | पटक | १ | ० | ० | ० | ० | १ |

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

शिक्षा जस्तो महत्त्वपूर्ण सेवालाई सबल, चुस्त, सेवा उन्मुख तथा परिणाममुखी बनाउनको लागि सुशासन तथा व्यवस्थापनको महत्त्वपूर्ण भूमिका रहन्छ । शिक्षामा सुशासन भन्नाले शैक्षिक प्रणालीलाई प्रभावकारी, पारदर्शी, जवाफदेही, विधिको शासन, व्यापक सहभागिता, दिगो, समावेशी र जिम्मेवार बनाउने प्रक्रिया भन्ने बुझिन्छ । यसको मुख्य उद्देश्य शिक्षालाई जनताको पहुँचमा पुऱ्याइ गुणस्तरीय शिक्षामा लगानी गर्न उत्प्रेरित गर्नु हो । नेपालमा शिक्षामा सुशासन सुनिश्चित गर्नको लागि विभिन्न तहमा योजना, नीति र विधिको निर्माण र कार्यान्वयनको आवश्यकता रहेको छ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ ।
शिक्षण पेसा आफैमा मर्यादित तथा गौरवपूर्ण पेसा हो । गुणस्तरीय शिक्षा प्रदान गर्ने शिक्षक योग्य व्यावसायिक, दक्ष इमान्दार उत्प्रेरित र विद्यार्थी सिकाइ प्रति जवाफदेही हुन आवश्यक छ । तालिम प्राप्त योग्य शिक्षक व्यास्थापनबाट मात्र सबै तहको शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । शिक्षकलाई समय सान्दर्भिक, पेशाप्रति उत्तरदायी, आकर्षित, शिक्षण क्रियाकलापमा प्रभावकारी र समावेशीकरण बनाउन शिक्षक व्यवस्थापन र तयारीको अहम् भूमिका रहेको हुन्छ । शिक्षक तयारी तथा व्यवस्थापनको काम नेपालमा विद्यालय तथा विश्वविद्यालयहरूले गरिहेका छन्, अध्यापन अनुमतिपत्र प्राप्त व्यक्तिले मात्र शिक्षण पेशामा प्रवेश पाउने व्यवस्था रहेको छ ।

### ६.२.२ वर्तमान अवस्था

बाणगङ्गा नगरपालिकाले तयार गर्ने यस शिक्षा योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई मर्यादित र रोजाइको पेसाको रूपमा विकास गरी कक्षा कोठामा शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउने विद्यार्थीको सिकाइ प्रति जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ ।
यस नगरपालिकामा हाल सामुदायिक ४९ वटा र संस्थागत २६ वटा गरी जम्मा ७५ वटा विद्यालय रहेका छन् । सामुदायिक विद्यालय अन्तर्गत ५ वटा धार्मिक प्रकृतिका विद्यालयहरू रहेका छन् । कुल ४९ वटा सामुदायिक विद्यालयमा नेपाल सरकारको तलब वा अनुदान प्राप्त गर्ने गरी ४७७ जना शिक्षकहरू कार्यरत छन् जस मध्ये माध्यामिक तहमा जम्मा ८४ आधारभूत तहमा जम्मा ३२१ जना कार्यरत रहेका छन् । त्यसैगरी ६० जना बालविकास केन्द्रका सहजकर्ता, १६ जना सहायक र ४८ सहयोगी विद्यालयमा कार्यरत छन् ।
कार्यरत शिक्षक मध्ये महलिा २४४ पुरूष २३३ रहेको छ । कार्यरत शिक्षक मध्ये ३०५ जनाले टि.पि.डि तालिम लिएका साथै कुल शिक्षक मध्ये सुचना तथा सञ्चार प्रबिधिमा तालिमा पाएका शिक्षक जम्मा १०१ र एकीकृत पाठ्यक्रम तालिम पाएका ७५ शिक्षकहरू रहेका छन् ।
विद्यालयमा सुशासन तथा संस्थागत क्षमता विकासको लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ तोकिएकै समयमा गठन गर्न प्रेरित गरिएको छ । ऐन र नियमावलीले तोकेको ढाँचामा लेखाप्रणालीलाई व्यवस्थित गराउँदै समयमै सामाजिक परीक्षण तथा लेखा परीक्षण गराइएको छ । समुदायसँग विद्यालयलाई एकाकार गराउन गुनासो सुनुवाई सयन्त्र निर्माण गर्दै सूचना अधिकारीको व्यवस्था गरिएको छ । नगरपालिकाले सबै विद्यालयलाई एउटै छाताभित्र संगठित गर्न शिक्षा ऐन र नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

### ६.२.३ लक्ष्यः

आवश्यक नीति नियमको व्यवस्था गरी शैक्षिक संस्थाहरूमा सुशासन कायम गराई शैक्षिक गुणस्तरमा सुधार गर्ने

### ६.२.४ उद्देश्य

१. शैक्षिक सुशासन कायम गर्ने
२. आवश्यक जनशक्तिको व्यवस्थापन र क्षमता अभिवृद्धि गर्ने
३. शैक्षिक सुशासन र व्यवस्थापनका लागि आवश्यक स्रोत साधनको प्रबन्ध मिलाउने
४. शैक्षिक सुशासन र व्यवस्थापनका लागि आवश्यक नीति नियम निर्माण गरी कार्यान्वयनमा ल्याउने

### ६.२.५ रणनीति

१. स्थानीय तहमा शिक्षकको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति नियम बनाइनेछ।
२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गरिनेछ।
३. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई क्रियाशील बनाइनेछ।
४. कार्यरत जनशक्तिको क्षमता विकास गरिनेछ।
५. शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरिनेछ।
६. शिक्षामा लगानी वृद्धि गर्दै आर्थिक स्रोतको प्रभावकारी उपयोग गरिनेछ।
७. विद्यालयको आर्थिक कारोवारलाई डिजिटललाईज्ड गरिनेछ।
८. प्रधानाध्यापकको क्षमता अभृवद्धि गर्दै समग्र प्रशासनिक क्षमतामा सुधार गरिनेछ।

### ६.२.६ समस्या र चुनौतीहरुः

१. शिक्षा क्षेत्रमा आवश्यता अनुसारको बजेट विनियोज गर्न नसकिएको,
२. व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको सक्रियतामा अनुगमन र साझेदारी स्रोतको खोजी गर्न नसकिएको,
३. बाल क्लब लगायतका विद्यार्थी समावेश भएका समूहहरूको क्षमता अभिवृद्धि गर्न नसकिएको,
४. सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरू लाई प्रोत्साहन गर्न नसकिएको,
५. विद्यालय सुधार योजनालाई व्यावहारिक बनाउन नसकिएको,
६. शैक्षिक संस्थाहरू सुधारको लागि सरोकारवाला निकायहरूसँग समन्वयको कमी भएको,
७. विज्ञ समूहको रोष्टर निर्माण गरी शिक्षकको पेशागत विकासको लागि परिचालन गर्न नसकिएको,
८. पर्याप्त अनुगमन र मूल्याङ्कन गरी प्राप्त परिणामका आधारमा विद्यालयहरूलाई प्रोत्साहन गर्न नसकिएको,

**उपलब्धीः**

आवश्यक नीति नियमको व्यवस्था भई शैक्षिक संस्थाहरूमा सुशासन कायम हुनुका साथै शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ

### ६.२.७ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाई | पाँच वर्षको भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्राधानाध्यपक/ सहायक प्र.अ. सङ्ख्या | सङ्ख्या | १ | ३ | ५ | ५ | ५ | १९ |

| क्र.स | प्रमुख क्रियाकलाप | एकाई | पाँच वर्षको भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| २ | आधारभूत विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्राधानाध्यपक/ सहायक प्र.अ. सङ्ख्या | पटक | ३ | ५ | ७ | १० | २५ | ५० |
| ३ | लेखापरीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | सङ्ख्या | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |
| ४ | विद्यालयसँग आबद्ध पदाधकिारीहरूलाई क्षमता विकास र सुशासन सम्बन्धी तालिम | पटक | १ | २ | २ | २ | २ | ९ |
| ५ | नगर स्तरमा गठन हुने विज्ञ समूहको रोष्टरको क्षमता विकास | पटक | ० | १ | १ | १ | १ | ४ |
| ६ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्राधानाध्यापक नियुक्ति गर्ने माध्यमिक विद्यालयको सङ्ख्या | सङ्ख्या | ० | १० | २० | ३० | ५१ | १११ |
| ७ | विद्यालय स्वमूल्याङ्कन कार्यक्रम | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |

### ६.२.८ प्रमुख क्रियाकलाप तथा परिणात्मक

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | लक्ष्य भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | आवश्यकता अनुसार | | | | | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | विद्यालय सुधार योजना निर्माण तथा एवम् अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | २ | २ | २ | २ | २ | १० |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तर्क्रिया | पटक | १ | २ | २ | २ | २ | ९ |
| ७ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरू लाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | योजनाको आवधिक समिक्षा र अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | नगर शिक्षाको पार्श्व चित्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

अपेक्षित लक्ष्य, उद्देश्य तथा नतिजा प्राप्त गर्न व्यवस्थितरूपमा बनाइएको शिक्षा योजनाको उचित कार्यान्वयन हुन सकेमा मात्र त्यसको सान्दर्भिकता र महत्त्व रहन्छ । योजना भित्र निर्धारित लक्ष्यमा पुग्न विविध विकल्पहरू सहित आवश्यक स्रोत साधनहरू र कार्य सम्पादनका लागि निश्चित समयसीमा समेत तोकिएको हुन्छ । योजनाले नै खर्चको मितव्ययी बनाई शैक्षिक सुशासन कायम गर्न मद्दत पुऱ्याउँछ । उचितरूपमा योजना कार्यान्वयन गर्न सके शिक्षामा व्यापक सुधार, गुणस्तरीय सार्वजनिक शिक्षा, दक्ष जनशक्ति उत्पादन र शैक्षिक क्षेत्रको समग्र विकास गर्न सकिन्छ । शैक्षिक विकासले नै सामाजिक परिवर्तनलाई डोऱ्याउने हुँदा शैक्षिक योजनाको पूर्ण कार्यान्वयन गर्दै शिक्षा क्षेत्रको विकास गर्न वाञ्छनीय हुन्छ ।

### ६.२.१ वर्तमान अवस्थाः

स्थानीय तहले शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ । पालिकाको शिक्षा शाखावाट समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको तथा कहिलेकाहि जनप्रतिनीधिहरूलाई सामिल गराई संयुक्त अनुगमनमा पनि गरिएको छ । अनुगमन तथा मूल्याङ्कन कक्षाकोठा भित्र पुग्न सकेको पाईदैन् र विद्यालयको बाह्य अनुगमन र मूल्याङ्कनबाट प्राप्त सुझाव कार्यान्वयनको पक्ष कमजोर देखिन्छ । नगर शिक्षा समिति, वडा शिक्षा समिति लगायतका संयन्त्रहरू अनुगमन र मूल्याङ्कन सन्दर्भमा सक्रियरूपमा क्रियाशील रहेको पाईदैन । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण गरी कार्यान्वयन गर्न सकिएको छैन । प्रत्येक विद्यालयमा शिक्षा ऐन र नियमावलीले प्रबन्ध गरेका समितिहरू गठनमा पालिकाले निर्देशन र प्रभावकारी समन्वयको भूमिका निर्वाह गरेको देखिन्छ तर परिचालन गर्ने सन्दर्भमा समन्वयको अभाव महसुस गरिएको छ । सबै विद्यालयहरूमा आवधिक योजनाहरू निर्माण गराइएको भए तापनि योजनालाई पूर्णतय कार्यान्वयन गराउन सकिएको छैन । विद्यालयहरूले लेखा प्रणालीलाई व्यवस्थित गराउन ऐन नियामावलीले तोके बमोजिमको वित्तीय व्यवस्थापन गर्न प्रयास गरेको देखिन्छ तर पनि विद्यालयमा कार्यरत दक्ष कर्मचारीको अभाव र समय सापेक्ष पूनर्ताजगी प्राप्त गर्न नसक्दा अपेक्षित नतिजा प्राप्त गर्न कठिनाई देखिएको छ । सफलता, सिकाइ र राम्रा अभ्यासहरूको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

### ६.२.२ लक्ष्यः

शैक्षिक सुशासन तथा व्यवस्थापनका लागि योजनाको प्रभावकारी कार्यान्वयन गर्ने

### ६.२.३ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चतता गर्नु,
२. बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,
३. आवश्यकता अनुसार कानून, मापदण्ड र निर्देशिका विकास गर्ने,
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार गर्ने, समीक्षा गर्ने र सुधार गर्ने,
५. विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने,
६. प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने,

### ६.२.४ रणनीतिहरू

१. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गरिनेछ ।
२. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गरिनेछ ।
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिनेछ ।

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गरिनेछ।
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने कार्य गरिनेछ।
६. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइनेछ।
७. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गरिनेछ।
८. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने कार्य गरिनेछ।

### ६.२.५ समस्या र चुनौती:

१. पर्याप्त बजेट नहुँदा योजनाको प्रभावकारी कार्यान्वयन गर्न कठिन रहनु,
२. जनशक्ति तथा दक्षताको अभावले योजना कार्यान्वयनमा कठिनाई हुनु,
३. कार्यान्वयनका लागि आवश्यक संरचना, उपकरण तथा पूर्वाधारको अभाव हुनु,

### ६.२.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

शैक्षिक सुशासन तथा प्रभावकारी व्यवस्थापन भई योजनाको पूर्ण कार्यान्वयन हुनेछ

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं | सूचक | एकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक योजना निर्माण गर्ने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |
| २ | नगरको वार्षिक योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | |
| ३ | कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने | पटक वार्षिक | १ | २ | २ | २ | २ | |

### ६.२.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी प्राधानाध्यपक/ सहायक प्र.अ. तालिम | सङ्ख्या | १ | ३ | ५ | ५ | ५ | १९ |
| २ | आधारभूत विद्यालयमा नेतृत्व | सङ्ख्या | ३ | ५ | ७ | १० | २५ | ५० |

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| | तथा व्यवस्थापन सम्बन्धी तालिम प्राधानाध्यपक/ सहायक प्र.अ. | | | | | | | |
| ३ | लेखापरीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गरी प्रतिवेदन तयारी | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |
| ४ | अनुगमन प्रणालीका लागि सूचक तयारी र विद्यालय अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० |
| ५ | नगर स्तरमा गठन हुने विज्ञ समूहको रोष्टरको क्षमता विकास | पटक | ० | १ | १ | १ | १ | ४ |
| ६ | विद्यालय सुधार योजना निर्माण तथा स्वमूल्याङ्कन, विद्यालयको कार्यसम्पादन परीक्षण, विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ७ | वित्तीय तथा कामकाजका लागि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |

# परिच्छेद- ७: लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

संवैधानिक एवम् कानुनी प्रावधान अनुसार विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारी रहने व्यवस्था छ । नेपालको संविधानले सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध हुने व्यवस्था गरेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । मौलिक हकको रूपमा रहेको निःशुल्क शिक्षालाई पूर्णतः कार्यान्वयन गर्न स्थानीय तह जिम्मेवार हुनुपर्ने देखिन्छ, स्थानीय तहमा प्राप्त हुने सङ्घीय तथा प्रादेशिक स्रोतको शसर्त अनुदान, समानिकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानले मात्र नभई पालिकाले निःशुल्क शिक्षाको लागि आन्तिरक स्रोतको पहिचान, सङ्कलन र परिचालन गर्न जरूरी छ । पालिकाले माध्यमिक तहसम्मको शिक्षालाई अपनत्व ग्रहण गर्दै बालबालिकाको सहज पहुँच विस्तार गर्ने, आवश्यकता अनुसार भौतिक, शैक्षिक तथा मानवीय व्यवस्थापनका लागि योजना निर्माण र कार्यान्वयन गर्ने, त्यस्तै शिक्षकहरूको क्षमता विकास, प्रतिभाशाली विद्यार्थीहरूको प्रतिभा पहिचान र प्रतिभा अनुसारको अवसर निर्माणका लागि लाग्नुपर्ने देखिन्छ । यसका अतिरिक्त शैक्षिक गुणस्तर विकासका लागि योजना निर्माण तथा कार्यान्वयन गर्न सरोकारवाला निकायसँग परामर्श र समन्वय गर्दै अगाडि बढ्नुपर्ने देखिन्छ, प्रारम्भिक बालविकास शिक्षा, आधारभूत तथा माध्यमिक शिक्षा, खुला शिक्षा, दूर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका सिकाइ केन्द्रहरूका नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ। कार्यक्षेत्र भित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकाले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ।

विकासका पूर्वाधारहरूको पनि पूर्वाधार शिक्षा हो । शिक्षाको समयसापेक्ष विकास हुन नसकेमा भौतिक विकासले मात्र समाजिक परिवर्तन हुन सक्दैन । विश्वमा विकसित राष्ट्रहरूले आफ्नो बजेटको कम्तीमा २० प्रतिशत बजेट शिक्षामा विनियोजन गरेको भए तापनि हाम्रो देशमा सो अनुपातमा बजेट विनियोजित हुन सकेको छैन यद्यपी संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लैजाने नीति उल्लेख गरिएको छ।

## ७.२ वर्तमान अवस्था

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिबद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रूपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित हुनुपर्ने देखिन्छ ।

पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई आवश्यकताको आधारमा क्षेत्रगत रूपमा साझेदारी गरिनेछ, समग्र वित्तीय व्यवस्थापनअन्तर्गत योजना कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत जुटाउने, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यक क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापनमार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन् । नतिजामा आधारित स्रोत विनियोजन पद्धतिमार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था पालिकाले गर्नुपर्ने देखिन्छ।

## ७.३ लक्ष्य

शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सहितको आवश्यक स्रोतको व्यवस्थापन गर्ने

## ७.४ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

## ७.५ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्नेछ।
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने कार्य गरिनेछ।
३. वार्षिक रूपमा सशर्त अनुदान बाहेक स्थानीय तहले कुल बजेटको १० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिनेछ।
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने कार्य गरिनेछ।
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्नेछ।
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने कार्य अघि बढाइनेछ।
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

## ७.६ प्रमुख उपलब्धि

शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सहितको आवश्यक स्रोतको व्यवस्थापन भएको हुनेछ,

## ७.७ प्रमुख क्रियाकलाप र लक्ष्य

यो शिक्षा योजना कार्यान्वयनमा प्रत्येक पाँच वर्षको क्रियाकलापहरूलाई बजेटमा रूपान्तरण गरी सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा गैह सरकारी संस्थाहरूमार्फत प्राप्त हुने अनुमान गरिएको बजेट उपक्षेत्र तथा अन्तरसम्बन्धित विषयक्षेत्रलाई आधार मानी तल उल्लेखित तालिकामा प्रस्तुत गरिएको छ। तल उल्लेखित तालिका अनुसार यस नगरपालिकाको पाँच वर्षको कुल बजेट चार अर्ब पैसटठी करोड आठ हजार तीन सय सततर रूपैया हुने अनुमान गरिएको छ,

| योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्षगत रूपमा बजेट अनुमान रू हजारमा | | | | | | | |
| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | पाँच वर्षको जम्मा |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | २४७१७ | २८६५९ | ३१८२६ | ३४४७० | ३७४९७ | १५७१६९ |
| २ | आधारभूत शिक्षा | ४२२१२.२४ | ४७०१२ | ४७७९७ | ४८४१२ | ५०३३७ | २३५७७.२४ |
| ३ | माध्यमिक शिक्षा | ८३८० | १४१४० | १४४८० | १५०६० | १५२१० | ६७२७० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | २९४२७७ | ३२५८०१ | ३५७७९० | ३५७८४० | ३९२९९० | १७२८६९८ |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ६०० | १६०० | १८७५ | १३५० | १४५० | ६८७५ |

| योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्षगत रूपमा बजेट अनुमान रू हजारमा | | | | | | | |
| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | पाँच वर्षको जम्मा |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | १९२४५.८३ | २१४४५ | २२३८१ | २२५११ | २३१४६ | १०८७२८.८३८ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | २९४२७७ | ३२५८०१ | ३५७७९० | ३५७८४० | ३९२९९० | १७२८६९८ |
| ८ | शिक्षामा समता र समावेशीकरण | ७३१० | ९००० | ८८०० | ९१०० | ८७०० | ४२९१० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | २५४०० | ३२७२४ | ३५६१४ | ३४३९८ | ३४८२७ | १६२९६३ |
| १० | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | ५०० | २०५० | २००० | १८०० | २२५० | ८६०० |
